सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ फागुन २०८१, आइतबार (9 Mar 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३२२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मधेशमा छ्यापछ्याप्ती अवैध अस्पताल

एक महिनामा मधेश सरकारले बन्द गरायो अस्पतालसहित ५८ स्वास्थ्य संस्था



रौतहटको चन्द्रनिगाहपुरस्थित हाइवे ट्रमा हस्पिटल एन्ड रिसर्च सेन्टरको अनुगमन गर्ने क्रममा मुख्यमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्रीसहितको टोली

■ मुख्यमन्त्रीसहितको टोलीले एक महिनामा पाँच जिल्लामा ९६ अस्पतालसहित पोलिक्लिनिक, हेल्थ केयर, रिसर्च सेन्टर अनुगमन गर्दा ५८ वटा दर्ताविना नै सञ्चालनमा रहेको भेट्टायो, दर्ता भएका ३८ मध्ये पनि २३ ले गरेका छैनन् नवीकरण

■ मुख्यमन्त्री सतिशकुमार सिंह भन्छन्- **नियमनका लागि अनुगमन गरेका हौं**



स्थानीय, प्रदेश र संघमा अस्पताल दर्ता नगर्ने, तर कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी मात्र दर्ता गरेर बोर्ड झुन्ड्याएर जनताको स्वास्थ्यमाथि खेलबाड गरिएको छ। निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाले पनि स्थानीय, प्रदेश र संघका कानुन पालना गरी सञ्चालन गर्नुपर्छ। कानुनबमोजिम सम्बन्धित निकायमा दर्ता गरी सेवा सञ्चालनको अनुमतिसहित स्वास्थ्य संस्था चलाउँदा राज्यको राजस्व पनि बढ्छ र रोजगारी पनि सिर्जना हुन्छ। प्रदेश सरकारमातहत रहेका सरकारी स्वास्थ्य संस्थालाई समेत सबल बनाउँदै गुणस्तरीय सेवा प्रवाहका लागि सरकार लागिरहेको छ।

लहानमा **मणिलाल विश्वकर्मा**

मधेश सरकारले अवैध रूपमा सञ्चालित अस्पतालसहित ५८ वटा निजी स्वास्थ्य संस्था बन्द गरेको छ। दर्ताविना नै सञ्चालित धनुषाका २२, रौतहटका २१, सर्लाहीका नौ, महोत्तरीका पाँच, पर्साका एक स्वास्थ्य संस्था (अस्पताल, क्लिनिक, पोलिक्लिनिक, हेल्थ केयर, रिसर्च सेन्टर) बन्द गरेको हो।

'पाँच जिल्ला (धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा) का ९६ वटा निजी स्वास्थ्य संस्थाको अनुगमन गर्दा ५८ वटा कुनै पनि निकायमा दर्ता नै नगरी विशेषज्ञ सेवाको बोर्ड झुन्ड्याएर सेवा सञ्चालन गरेको पायौं,' प्रदेश स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले भने, 'ती अस्पताल बन्द गरिएको हो।'

■ २३ स्वास्थ्य संस्थालाई नवीकरणका लागि दुई महिनाको समय

■ बन्द गरिएका ५८ स्वास्थ्य संस्थाको सूची

(पृष्ठ २)

अनुगमन गरिएका ९६ मध्ये १५ अस्पताल मात्र दर्ता नवीकरण गरी मापदण्डमा सञ्चालनमा रहेको स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरले बताए। धनुषाका नौ, पर्साका चार तथा महोत्तरी र रौतहटका एक-एक अस्पताल मात्र मापदण्डमा छन्। २३ वटाले नवीकरण गरेका छैनन्।

दर्ताविना र मापदण्ड नपुऱ्याई सञ्चालित अस्पतालले उपचारका नाममा बिरामीको जीवनमाथि नै खेलबाड गरेको र ब्रह्मलुट मच्चाएको गुनासो बढेपछि मुख्यमन्त्री सतिशकुमार सिंह, स्वास्थ्यमन्त्री सिंह, प्रदेश प्रमुख सचिव मदन भुजेलको टोली २६ माघदेखि अनुगमनमा छ। मुख्यमन्त्रीसहितको अनुगमन टोली पुनुअगावै कतिपय अवैध स्वास्थ्य संस्थाका सञ्चालक सटर झारेर भागेका थिए। ती सञ्चालकलाई पक्राउ गरी अस्पताल बन्द गराउन स्थानीय प्रहरीलाई पत्राचार गरिएको निमित्त स्वास्थ्यसचिव राजीव मिश्रले बताए। स्थानीय प्रहरीमार्फत रौतहटको चन्द्रनिगाहपुरस्थित सिभिल अस्पतालका सञ्चालकमध्येका राजन साहलाई पक्राउ गरिएको छ। गत शनिबार मुख्यमन्त्रीसहितको टोलीले अनुगमन गर्दा दर्तासमेत नगरी मापदण्डविपरीत अस्पताल सञ्चालन भएको पाइएपछि आवश्यक प्रक्रिया पूरा नगरे अस्पताल बन्द गर्ने पत्र स्थानीय प्रहरीमार्फत थमाएका थिए। तर, पत्र थमाएको भोलिपल्ट नै अस्पताल खुलेको पाइएपछि साहलाई पक्राउ गरिएको थियो।

मुलुक संघीय संरचनामा गएपछि स्थानीय तहअन्तर्गत आएको स्वास्थ्य सेवा सञ्चालनका लागि १५ शय्यासम्म स्थानीय, दुई सय शय्यासम्म प्रदेशको विभागीय मन्त्रालय र त्यसमाथि संघीय स्वास्थ्य मन्त्रालयमा दर्ता गर्नुपर्ने व्यवस्था छ। मधेश प्रदेश स्वास्थ्य ऐन, २०७८ अनुसार प्रक्रिया पूरा गरी मापदण्डबमोजिम स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति सेवा सञ्चालन, अनुगमन, शुल्कसम्बन्धी व्यवस्था, पूर्वाधार

» पृष्ठ २ मा क्रमशः

१२ खर्ब बेरुजु

अढाई वर्षदेखि सम्परीक्षण भने ठप्प



● **तोयम राया**, महालेखा परीक्षक

अध्यादेशबाट नयाँ ऐन आएको छ, त्यसले केही सम्बोधन गर्ला



● **एकराम गिरी**, सचिव, लेखा समिति

बेरुजुबारे समितिमा व्यापक छलफल चलिरहेको छ

सुवास भट्ट/नयाँ पत्रिका

वीरगन्जको मध्यमाञ्चल खेलकुद विकास समितिमा लेखा अधिकृत रहेका बालेश्वर ठाकुरका नाममा ०७३ मा महालेखा परीक्षक कार्यालयले २९ लाख रुपैयाँ बेरुजु कायम गरिदियो। समितिका नाममा चार करोड निकासा भएकामा उक्त रकम खर्च भएको बिल-भर्पाई नभेटेको भन्दै महालेखाले ठाकुरका नाममा बेरुजु कायम गरिदिएको थियो। यसको असर बालेश्वरका परिवारले भोग्नुपरेको छ।

बालेश्वरका छोरा गणेशले समितिको नाममा गएको रकमलाई महालेखाले व्यक्तिगत बेरुजु लगत कायम गरिदिएपछि बुबाको नाममा रहेको मौज्दात उपदान पनि पाउन नसकेको बताए। ०७३ मै सेवानिवृत्त भएका बालेश्वरको त्यही वर्ष नै निधन भएको थियो। उनको उपदान कोषमा करिब ३० लाख छ।

'बेरुजु समितिको हो। त्यसमाथि सबै खर्च भएको प्रमाण पनि छ। कागज पुगिसकेको छ। तर, सम्परीक्षण हुन सकेको छैन,' गणेशले भने, 'यसैका कारण बुबाको नाममा मौज्दात उपदान आमाले अहिलेसम्म पनि पाउन सक्नुभएको छैन।'

पूर्वकार्यवाहक महालेखा परीक्षक महेश्वर काफ्ले लेखापरीक्षण हुँदा कानुनबमोजिम नभएको, अपेक्षित नतिजा प्राप्त नभएको र अभिलेखले पुष्टि नगरेको विषय बेरुजु हुने गर्छ । कानुनबमोजिम रित नपुऱ्याई

» पृष्ठ २ मा क्रमशः



लेखापरीक्षणकै क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि सम्परीक्षण गरेर महालेखाले बेरुजु फर्स्योट गर्छ। ठुलो हिस्साको बेरुजु सम्परीक्षणबाटै फर्स्योट हुने गर्छ। निकायले आफ्नो नाममा रहेको बेरुजु फर्स्योट गरेर प्रमाणसहितको निवेदन पेस गरेपछि त्यसको परीक्षण गरेर महालेखाले लगतकट्टा गरिदिन्छ। यही नै सम्परीक्षण हो।

पुराना बेरुजु सम्परीक्षणबाटै फर्स्योट हुन्छन्। यही सम्परीक्षण रोकिँदा अहिले बेरुजु फर्स्योट सकसपूर्ण बनेको छ। यसको असर व्यक्तिगत बेरुजु कायम भएकाहरूलाई परिरहेको छ। बेरुजुसँग सम्बन्धित कागजात तथा प्रमाण पुऱ्याएर, बिल-भर्पाई लिएर, असुल गर्ने भनेको रकम तिर्न तयार भएकाहरूका बेरुजुको समेत लगतकट्टा हुन सकेको छैन। यसले एकातिर बेरुजुको आकार बढाउँदै लगेको छ भने अर्कातिर राज्यकोषमा प्राप्त हुने रकम पनि आउन सकेको छैन। सामान्य खालको बेरुजु कायम भएर राज्यको सेवा-सुविधाबाट वञ्चित भएकाहरूको पीडा पनि यसमा मिसिएको छ। 'सम्परीक्षण रोकिएको छ। सम्परीक्षण नहुँदा संघको बेरुजुको आकार बढ्दै गएको छ। यही क्रम जारी रहे सम्परीक्षणबाट हुने बेरुजु फर्स्योट चुनौतीपूर्ण बन्ने देखिएको छ। बेरुजुका कारण कतिपय मानिसको पेन्सनपट्टा बन्न सकेको छैन। यसको गुनासो महालेखामा पनि आएका छन्,' महालेखा परीक्षक कार्यालयका प्रवक्ता श्रीकुमार राईले भने।



प्रवक्ता राई

महालेखाको सम्परीक्षण अधिकार क्षेत्रमा लेखा समिति प्रवेश गर्न खोजेपछि समस्या

बेरुजु सम्परीक्षणको यो समस्या अहिले अकस्मात् देखिएको होइन। सम्परीक्षणको अधिकार क्षेत्रमा संसद्को सार्वजनिक लेखा समितिले प्रवेश गर्न खोजेपछि यस्तो समस्या निम्तिएको हो। सार्वजनिक लेखा समितिले १७ असार ०७९ मा संघका विभिन्न निकाय तथा मन्त्रालयसहित महालेखा परीक्षक कार्यालयलाई पत्राचार गरेर सम्परीक्षण नगर्न निर्देशन दिएको थियो। यसअघि महालेखाले सम्परीक्षणको काम गर्दै आएकामा समितिका तत्कालीन सचिव डा. रोजनाथ पाण्डेले उप्रान्त सम्परीक्षण नगर्न भन्दै निर्देशन पठाएका थिए। समितिमा छलफल भएर गरेको निर्णयबमोजिमबाहेक सम्परीक्षण नगर्न समितिले भनेको थियो।

प्रारम्भिक प्रतिवेदनमा सम्परीक्षणबाट फर्स्योट हुन नसकेका बेरुजु विवरण महालेखाले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गरेर राष्ट्रपतिलाई बुझाई प्रक्रियाबमोजिम संसद् हुँदै समितिमा आएपछि पुनः सम्परीक्षण गर्नु गलत भएको समितिको तर्क छ। सम्परीक्षणका कार्यको अनुगमन समितिले गर्ने कानुनी व्यवस्थाको बर्खिलाप हुने गरी समितिमा छलफल नै नभएको विषयमा कार्यालय प्रमुखहरूले महालेखामा बेरुजु फर्स्योटका लागि पठाएको र महालेखाले बेरुजु लगत हटाएको भन्दै लेखा समितिले निर्देशन पठाएको थियो। सम्परीक्षणको यस्तो कारबाही अख्तियारको दुरुपयोग तथा संसद्को अवहेलना भएको ठहर समितिको थियो। समितिले महालेखासहित मन्त्रालय, आयोग र कार्यालयसमेत ४७ निकायलाई एकसाथ पत्राचार गरेको थियो।

त्यसको एक वर्षपछि गत २५ असोजमा पुनः समितिले महालेखासहित लेखा उत्तरदायी अधिकृत (कार्यालय प्रमुखहरू)लाई सम्बोधन गरेर अर्को पत्र लेखेको थियो। पछिल्लो पत्रमा समितिले कडा शब्दमा महालेखाको कार्यशैलीमाथि नै प्रश्न उठाएको थियो। 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ देखि ४० सम्मका प्रावधानहरू समयमा नै कार्यान्वयन नगर्ने, यद्यपि आफ्नो अधिकारभन्दा बाहिर गई बेरुजु सम्परीक्षण गर्न खोज्ने प्रवृत्तिले लेखा उत्तरदायी अधिकृतहरूको कार्य व्यवहार स्पष्ट पार्दछ,' पत्रमा भनिएको थियो।

देशको समग्र आर्थिक परिसूचकहरू कमजोर रहेको विद्यमान अवस्थामा बेरुजु नियन्त्रण गर्ने कार्यलाई प्राथमिकताका साथ सम्पादन गर्नुपर्ने भएको उल्लेख गर्दै समितिले विभिन्न १० बुँदामा निर्देशन दिएको थियो। बेरुजुको अद्यावधिक लगत राख्न र समितिलाई उपलब्ध गराउन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्थाबमोजिम लेखा समितिमा छलफल गरेपछि लेखा उत्तरदायी अधिकृतले बेरुजु फर्स्योट गरे/नगरेको वा कति गरियो, त्यसको विवरण यथाशीघ्र पठाउनलगायतका निर्देशन दिएको थियो। लेखा समितिले सम्परीक्षणको अधिकारमा दाबी गरेपछि महालेखाले सम्परीक्षण नै रोकिदिएको हो। लेखा समितिको पत्रप्रति महालेखासम्बद्ध सरोकारवालाहरूले नै आलोचना गरिरहेका छन्।

■ फेरि सडकमा उत्रिए शिक्षक



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

सरकारसँग भएको सम्झौता कार्यान्वयन र संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक चाँडो पारित गर्नुपर्ने मागसहित शिक्षकहरूले शनिबार काठमाडौंको माइतीघरमा प्रदर्शन गरे। नेपाल शिक्षक महासंघको नेतृत्वमा भएको आन्दोलनमा करिब पाँच हजार शिक्षक उपस्थित थिए। ५ असोज ०८० मा सरकार र महासंघबिच सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकको मर्यादाक्रम कायम गर्ने, विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा भएका व्यवस्थामा संसदीय प्रणाली, अभ्यास र संघीय संसद् सञ्चालनसम्बन्धी मौजुदा विधिबमोजिम प्रक्रिया अगाडि बढाउन सहजीकरण गर्ने उल्लेख छ। त्यस्तै, माथि तहको विशिष्ट श्रेणीमा बढुवाका लागि प्रथम श्रेणीमा १० वर्ष सेवा गरेको व्यवस्था गर्नुपर्ने, प्रजातान्त्रिक आन्दोलन तथा द्वन्द्व प्रभावित शिक्षकको सेवावधि गणना गर्नुपर्ने, शिक्षकलाई विनाआधार सजाय हुन नसक्ने व्यवस्था गर्ने, विगतमा निमावि द्वितीय तथा प्राथमिक द्वितीय श्रेणीसहितका पदमा खुला प्रतिस्पर्धाबाट नियुक्त भएका शिक्षकको बढुवाका लागि आवश्यक व्यवस्था गर्ने र सम्बन्धित स्थानीय तहभित्र शिक्षकको सरुवा गर्दा शिक्षकको हकमा प्रधानाध्यापकको र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक पर्ने विषय समेटुनुपर्ने माग छ।

बिग्रिएका उपकरण मर्मत गर्न १२ सरकारी अस्पतालले देखाएनन् चासो



अन्यन्त्र २४ करोड खर्च हुने १० अस्पतालका उपकरण आविष्कार केन्द्रले २३ लाखमै गऱ्यो मर्मत

(विस्तृत पृष्ठ ३)

स्वयंसेवीको ऐतिहासिक भूमिका र वर्तमान अवस्था



● पञ्चा सिंह

चुनौतीपूर्ण वर्तमान परिस्थितिमा नेपाली विद्यार्थी आन्दोलनको बलियो र जुझारु खम्बा स्वयंसेवीको आवश्यकता पहिलेभन्दा बढी छ

(पृष्ठ ४)

आज राजावादीहरूको शक्तिप्रदर्शन

पोखराबाट काठमाडौं आउने पूर्वराजा ज्ञानेन्द्र शाहलाई विमानस्थलबाट निर्मलनिवाससम्म नारा-जुलुससहित पुऱ्याउने तयारी

नयाँ पत्रिका

एक महिनादेखि पोखरामा रहेका पूर्वराजा ज्ञानेन्द्र शाह राजधानी फर्किने छेकोमा पारेर राजावादीहरूले शक्तिप्रदर्शन गर्न लागेका छन्। राजतन्त्रको वकालत गर्दै आएका दलहरू राप्रपा र राप्रपा नेपाल तथा राजावादी समूहहरूले शाहलाई त्रिभुवन विमानस्थलदेखि नारा-जुलुस गर्दै निर्मलनिवास पुऱ्याउने तयारी थालेका हुन्। अपराह्न विमानस्थलमा ओर्लिएपछि गौशाला, चाबहिल, महाराजगन्ज चोक हुँदै निर्मलनिवास पुऱ्याउने कार्यक्रम छ।

पूर्वराजा शाहले प्रजातन्त्र दिवसका अवसरमा ७ फागुनमा एक भिडियो सन्देश जारी गरी दलहरू असफल भएको आरोप लगाउँदै एकता र समृद्धिका लागि आफूलाई साथ दिन आह्वान गरेका थिए। त्यसपछि राप्रपाले उनको समर्थनमा विभिन्न ठाउँमा प्रदर्शन गर्दै आएको छ।

'संवैधानिक राजसंस्थासहितको प्रजातन्त्रका लागि नवीन राजनीतिक समझदारीका लागि दबाब दिने

» पृष्ठ २ मा क्रमशः



राप्रपा र राप्रपा नेपालले आफ्ना कार्यकर्तालाई पूर्वराजाको स्वागतका लागि बेग्लाबेग्लै उतार्ने तयारी गरेका छन्। त्यस्तै, दुर्गा प्रसाईं नेतृत्वको राजवादी समूह, संस्कृतिविद् डा. जगमान गुरुङले नेतृत्व गरेको समूह, पूर्वमन्त्री डा. केशरबहादुर विष्ट नेतृत्वको समूह, अनिल बस्नेतले नेतृत्व गरेको शिव सेना नेपाल समूहलगायतले पनि अलग-अलग प्रदर्शन गर्ने निर्णय गरेका छन्।

■ पूर्वराजाबारे राजावादी नै अन्योलमा


पूर्वराजा शाहले प्रजातन्त्र दिवसका अवसरमा देशवासीका नाममा जारी गरेको १० मिनेटको भिडियो सन्देशमा देशको समृद्धि र उन्नतिका लागि आफूलाई साथ दिन आह्वान गरेका थिए। उनले राष्ट्रिय समस्या समाधानका लागि विगतमा आफूले त्याग गरेको र अब पनि त्याग गर्न तयार रहेको भन्दै 'राष्ट्र जोगाउन र राष्ट्रिय एकता कायम गर्न' आफूलाई साथ दिन भनेका थिए। यद्यपि, उनले गर्न लागेका के हुन्, राजवादीहरू नै स्पष्ट छैनन्।

पूर्वराजाको सन्देशमा भनिएको थियो, 'हामीले पहिले पनि राष्ट्रिय समस्या सुल्झियोस् भनेर त्याग गरेका हौं। अब नेपालको उन्नतिका लागि हामीबाट अरू के-के त्याग गर्नुपर्ने हो हामी तयार छौं। अब समय आयो। राष्ट्र जोगाउने हो भने, राष्ट्रिय एकता कायम राख्ने हो भने देशको समृद्धि र उन्नतिका लागि हामीलाई साथ दिन सबै देशवासीहरूलाई आह्वान गर्दछौं।' यसबारे राप्रपा, राप्रपा नेपालसहित राजावादी दलका नेताहरूको बुझाइ अलग-अलग छ। यी दलका वरिष्ठ नेताहरूका अनुसार पूर्वराजाले भिडियो सम्बोधन गर्नुपूर्व कसैसँग पनि छलफल गरेनन् र आफ्नो भावी मार्गचित्र साझा गरेनन्। राप्रपा पदाधिकारी बैठकपछि बुधबार प्रवक्ता मोहनकुमार श्रेष्ठले जारी गरेको विज्ञप्तिमा पार्टीको प्रमुख लक्ष्य संवैधानिक राजसंस्था पुनर्स्थापना रहेको बताएका थिए। यद्यपि, राप्रपाका एक नेताले भने अब पार्टी उक्त लाइनमा अडिग रहन नसक्ने टिप्पणी गरे। 'राजाले संवैधानिक होइन, देश सम्हाल्ने गरी आउने इच्छा व्यक्त गरेका छन् र त्यसमा साथ दिन आह्वान गरिसकेपछि अब हाम्रो अडानले काम गर्दैन,' ती नेताले भने, 'संवैधानिक राजाबाट देशले निकास पाउन सक्दैन।'

तर, राप्रपा संस्थापन पक्षका अर्का नेताले पार्टीमा नवराजावादीहरू आवश्यकताभन्दा बढी हौसिएको टिप्पणी गरे। उनले पार्टी वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री डा. धवलशमशेर राणा, सांसद ज्ञानेन्द्र शाहीलाई लक्षित गर्दै राजाको जयजयकार गर्ने पार्टी निर्णय नभएको पनि बताए। 'राप्रपा सक्रिय राजसंस्थाको पक्षमा छैन, संवैधानिक राजसंस्थाका पक्षमा छ, यसमा संस्थापन अडिग छ,' ती पदाधिकारीले भने।

■ पुँजीगत खर्चको मापदण्ड पूरा गर्न सरकार असफल

मध्य फागुनसम्म ५५ प्रतिशत खर्च गरिसक्नुपर्नेमा २३ प्रतिशत पनि पुगेन



■ किन हुन सकेन पुँजीगत खर्च ?

● **प्रा.डा. चन्द्रमणि अधिकारी**, अर्थशास्त्री



हाम्रा नियम, कानुन, कार्यविधि र मापदण्डले परिणाम दिन सकेका छैनन्

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कुलमान हटाउने निश्चित भएपछि बल्ल बोले कांग्रेस महामन्त्री थापा

केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

सरकार बनेदेखि नै कुलमान हटाउन लागेका प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले पछिल्लोपटक मन्त्रिपरिषद्बाटै निर्णय गरेर स्पष्टीकरण सोधेपछि मात्रै सत्तासाझेदार कांग्रेस महामन्त्री गगन थापा यस विषयमा बल्ल बोलेका छन्। प्रधानमन्त्री ओली र आफ्नै पार्टीबाट ऊर्जामन्त्री बनेका खड्काले पटक-पटक अनावश्यक विवरण माग्ने र स्पष्टीकरण सोध्ने गरेर दुःख दिँदै आए पनि कांग्रेस मौन रहेकोमा शनिबार महामन्त्री गगन थापाले विरोध गरेका हुन्।

सिन्धुली- १ को पार्टी क्षेत्रीय सम्मेलनलाई बेलघारीमा सम्बोधन गर्दै थापाले सेवानिवृत्त हुन लागेका कुलमानलाई हटाउन भनेर नचाहिने काम गरिरहेका मन्त्रीलाई प्रधानमन्त्रीले स्पष्टीकरण सोध्नुपर्ने बताए। कुलमान हटाउन भइरहेको गलत कामका कारण सरकारका अन्य राम्रा काम पनि ओझेलमा परेको उनको भनाइ छ।

'तपाईं कि राम्रो गर्नुस्, राम्रो गर्न सक्नुहुन्न भने कम्तीमा नराम्रो नगर्नुस्। ५० वटा राम्रो काम गरेको वेलामा एउटा नराम्रो काम भयो भने त्यो नराम्रो कामको हल्लाले सबै राम्रो काम छोपिन्छ,' उनले भने, 'हामी अहिले सुनिरहेका छौँ, ऊर्जा मन्त्रालयमा। ऊर्जा मन्त्रालयअन्तर्गत विद्युत् प्राधिकरण छ। प्रमुख प्रशासकीय अधिकृतको एउटा प्रकरण सुनिरहेका छौँ। मैले बुझ्न सकिरहेको छैन, बदनियत हो कि ढंग नपुगेको बेढंग हो। तीन-चार महिनामा सेवानिवृत्त हुने। तीन-चार महिनापछि सेवानिवृत्त भइसकेपछि उपयुक्त मान्छे ल्याउने, त्यो संस्थाको नेतृत्व गर्न दिने।'

तर, सरकार नै एउटा व्यक्तिको पछि लागिरहेको र किचकिच गरिरहेकोमा उनले असन्तुष्टि पोखे। गलत गर्ने मन्त्रीलाई प्रधानमन्त्रीले रोक्नुपर्ने उनको माग छ। नत्र, गलत कामको अपजस प्रधानमन्त्रीले नै लिनुपर्ने महामन्त्री थापाले बताए। 'सरकार नै एउटा व्यक्तिको पछि लागिरहेको, किचकिच गरिरहेको देखिन्छ। यस्ता कुराहरू ठिक होइन, उपयुक्त हुँदैन। यस्तो नचाहिने काममा कोही पनि मन्त्रीहरू पनि लाग्नुहुँदैन। मन्त्री नचाहिने काममा लागे भने त्यसलाई रोक्ने काम प्रधानमन्त्रीको हो,' उनले भने, 'प्रधानमन्त्री भनेको सरकारको, क्याबिनेटको मास्टर हो। उसले राम्रो कामको श्रेय पनि पाउँछ, नराम्रो कामको अपजस पनि लिनुपर्छ। हामीहरू सहयोगी हौँ।

मन्त्रीस्तरीय निर्णयमा ऊर्जा मन्त्रालयबाट तीनपटक स्पष्टीकरणकै शैलीमा विभिन्न विवरण माग र दुईपटक स्पष्टीकरण सोधे पनि कुलमान हटाउने आधार नभेटेपछि सरकारले गत बुधबार (२१ फागुन) मन्त्रिपरिषद्बाटै स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। त्यसको भोलिपल्ट बिहीबार मन्त्रालयले 'बक्यौता नउठाएको'लगायत चारबुँदे आरोप लगाएर 'पदबाट किन नहटाउने ?' भन्दै स्पष्टीकरण सोधेको थियो। जबकि कुलमानले वर्षौंसम्म अर्बौं महसुल नबुझाउने उद्योगमा लाइन काटेर बक्यौता उठाउन खोज्दा सरकारले नै प्रत्यक्ष हस्तक्षेप गरेर रोक्दै आएको छ।

सरकारी स्वामित्वका संस्थानहरूमा विद्युत् प्राधिकरणलाई सबैभन्दा बढी नाफा कमाउने संस्थान बनाएकै वर्ष (०८०/८१)को कार्यसम्पादन मूल्यांकनमा समेत मन्त्रालयले शून्य अंक दिएर कुलमानप्रति प्रतिशोध साँधेको छ। यही कार्यसम्पादनलाई समेत एउटा आधार बनाएर 'किन पदबाट नहटाउने' भन्दै प्रश्न गरेको छ।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि सेवानिवृत्त हुन लागेका कुलमानको पछाडि लागेर सरकारले गलत गरिरहेको बताए। यसबारे ऊर्जामन्त्री खड्कालाई सुझाव दिँदा पनि सकारात्मक नदेखिएको शर्माको भनाइ छ। मन्त्रीलाई प्रधानमन्त्रीले साथ दिएको देखिएकाले मन्त्रिपरिषद्बाटै यसलाई रोक्नुपर्ने उनले बताए।

'अहिले कुलमानलाई हटाउनुपर्ने जरुरी के छ ? कारबाही गर्नुपर्ने प्रकृतिका केही काम गरेका छन् भने सेवानिवृत्त भइसकेपछि पनि त अख्तियारलगायत निकायले छानबिन गर्न सक्छ नि ! त्यसैले उनलाई पूरा समायवधि काम गर्न दिनुपर्छ, अहिले पदबाट हटाउने तयारी गलत छ,' महामन्त्री शर्माले नयाँ पत्रिकासँग भने, 'अहिले यो विषय अघि नबढाउनुस् भनेर मन्त्रीजीलाई पनि भनेको थिएँ। तर, मन्त्रीको जति चाहना छ, प्रधानमन्त्रीको पनि थप चाहना बुझिँदै छ। त्यसैले सिंगो क्याबिनेटले सोच्न जरुरी छ, सरकार एउटा कर्मचारीको पछि नलागोस्।'

'मन्त्रीले नचाहिने काम गरे, प्रधानमन्त्रीले रोक्नुपर्छ'



पूर्वऊर्जामन्त्रीसमेत रहेका कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले कार्यकाल धेरै नभएको कर्मचारीलाई अहिले नचलाउनु नै ठिक नहुने बताए। 'कुलमानजीको कार्यकाल थोरै समय मात्रै बाँकी रहेको हिसाबले नचलाएको भए हुन्थ्यो भन्ने मेरो व्यक्तिगत धारणा हो। अहिले नै नहटाउँदा पहाड खस्ने स्थिति थिएन,' उनले भने।

सिंगो कांग्रेसमा सुरुदेखि नै कुलमानलाई हटाउन नहुने भनेर सार्वजनिक रूपमै बोल्दै आएका नेता ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) हुन्। उनले कुलमानलाई हटाउन खोजेर मन्त्री खड्का र सरकारले गल्ती गरेको पटक-पटक बताउँदै आएका छन्। त्यस्तै, इतर समूहका नेता डा. शेखर कोइरालाले पनि कुलमान हटाउन लागेर सरकारले गलत गरेको बताउँदै आएका छन्। तीन दिन समय दिएर सरकारले सोधेको छैटौँ स्पष्टीकरणको जवाफ कुलमानले आइतबार बुझाउने तयारी गरेका छन्।

राप्रपा नेता लोहनी भन्छन्- **कुलमान होइन, ऊर्जामन्त्री हटाउनुपर्छ**

राप्रपा नेता तथा पूर्वमन्त्री डा. प्रकाशचन्द्र लोहनीले विद्युत् प्राधिकरणमा राम्रो काम गरेका कार्यकारी निर्देशक कुलमान घिसिङलाई नभई, ऊर्जामन्त्री दीपक खड्कालाई पदमुक्त गर्नुपर्ने बताएका छन्। सामाजिक सञ्जालमा भिडियो सन्देश सार्वजनिक गर्दै उनले मन्त्रीलाई हटाउँदा न्यायोचित हुने बताएका हुन्।

'स्वयं मन्त्रालयका राज्यमन्त्री (पूर्णबहादुर तामाङ)ले नै षड्यन्त्र भएको आवाज दिनुभएको छ। यो काम सरकारले तुरुन्त रोकोस्। साथै, मन्त्रालयका मन्त्री (दीपक खड्का)लाई हटाउनुपर्छ। त्यसो गर्दा न्याय हुनेछ,' उनले भने।

कुलमानलाई सरकारले गरेको व्यवहारले आफूलाई आश्चर्यमा पारेको पनि उनले बताए। कुलमानको कार्यको प्रशंसा गर्दै उनभने, 'मलाई सम्झना छ- म मन्त्री हुँदा बारम्बार प्राधिकरणका कर्मचारीलाई विद्युत् चुहावट २०-२२ प्रतिशतबाट घटाएर १२ प्रतिशतमा ल्याउनुस् भन्दा सम्भव हुँदैन भन्ने जवाफ दिनुहुन्थ्यो। तर, कुलमान यो पदमा आएपछि त्यसलाई घटाएर १०-११ मा झार्नुभएको छ। त्यसले हजारौँ किलोवाट विद्युत् बचत भएको छ। त्यो नयाँ विद्युत् उत्पादन भएसरह हो।'

छोएर रोग निको पार्ने भन्दै लाखौँ ठगी



धनगढी/ कैलालीको टीकापुरमा पास्टरले छोएर रोग निको पार्ने भन्दै सर्वसाधारणबाट लाखौँ रुपैयाँ उठाएर ठगी गरिएको छ। अनुग्रह चर्च नेपालका नाममा २१ र २२ फागुनमा टीकापुरमा प्रार्थना-सभा आयोजना गरिएको थियो। जुन सभामा भारतका प्रोफेट बजिन्दर सिंह सहभागी भएका थिए।

प्रभुको दासका रूपमा प्रचार गरिएका सिंहले छोएमा शारीरिक अपांगतालगायत रोग निको हुने र मुक्तिको मार्ग प्राप्त हुने भन्दै चर्चसँग सम्बन्धित व्यक्तिले सर्वसाधारणबाट पैसा उठाएको पाइएको हो। सर्वसाधारणबाट त्यसरी उठाइएको पाँच लाख ९८ हजार टीकापुर प्रहरीले फिर्ता गराएको छ।

धर्मगुरु प्रोफेट सिंहले छोएमा हिँडडुल गर्न नसक्ने अपांगता भएका व्यक्ति हिँडडुल गर्न सक्ने र रोग निको हुने भनेर सर्वसाधारणबाट पैसा उठाइएको हो। तर, पैसा तिरेर पनि प्रार्थना-सभामा सिंहलाई छुन नपाएको भन्दै २३ जनाले इलाका प्रहरी कार्यालय टीकापुरमा गुनासो गरेका थिए।

नागरिकको गुनासो आएपछि नौ लाख ९८ हजार फिर्ता गराइएको इलाका प्रहरी कार्यालय टीकापुरका प्रमुख प्रहरी नायब उपरीक्षक नवीनराज बुढाथोकीले बताए। जनगुनासोको आधारमा प्रहरीले बिहीबार प्रार्थना-सभामा आएका दुई भारतीय नागरिकलाई नियन्त्रणमा लिएको थियो। पैसा फिर्ता गरेपछि प्रहरीले मध्यराति छोडेको थियो। रकम फिर्ता गराइएका २३ जनामध्ये दाङ र बुटवलका समेत रहेका प्रहरीले जनाएको छ।

प्रार्थना-सभामा कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङदेखि बुटवलसम्मबाट समेत सर्वसाधारण सहभागी भएका बताइएको छ। तर, छोएपछि निको हुने आश्वासन दिएर सर्वसाधारणबाट लाखौँ रुपैयाँ ठगीमा संलग्न भारतीय नागरिकलाई कारबाही गर्नुको साटो पैसा फिर्ता गराएर छोडेको भन्दै प्रहरीको आलोचना भएको छ।

वर-वधु चाहियो
अमेरिका, अष्ट्रिया, क्यानडा, युके र जापानको लागि वर-वधु चाहियो
क्षेत्री, बाहुन, नेवार, तामाङ मगर, मधेसी, गुरुङ र अन्य
सम्पर्क
९८५११९९७२०, ०५९२७५३४८

१२ खर्ब...

पृष्ठ १ बाट क्रमशः

गरिएका खर्चदेखि हिनामिना गरिएका रकमसम्मलाई महालेखाले बेरुजु कायम गर्छ। असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात नपुगेको, जिम्मेवारी नसरेको, सोधभर्ना नलिएको, पेस्कीको वर्गीकरण गरेर एकमुस्ट बेरुजु अंक महालेखाले निकाल्छ। यस्ता बेरुजु महालेखाले प्रचलित कानुन, विधि र प्रक्रियाबमोजिम फर्स्योट गर्छ।

लेखा परीक्षणकै क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि सम्परीक्षण गरेर महालेखाले बेरुजु फर्स्योट गर्छ। ठुलो हिस्साको बेरुजु सम्परीक्षणबाटै फर्स्योट हुने गर्छ। निकायले आफ्नो नाममा रहेको बेरुजु फर्स्योट गरेर प्रमाणसहितको निवेदन पेस गरेपछि त्यसको परीक्षण गरेर महालेखाले लगतकट्टा गरिदिन्छ। यही नै सम्परीक्षण हो।

पुराना बेरुजु सम्परीक्षणबाटै फर्स्योट हुन्छन्। यही सम्परीक्षण रोकिँदा अहिले बेरुजु फर्स्योट सकसपूर्ण बनेको छ। यसको असर व्यक्तिगत बेरुजु कायम भएकाहरूलाई परिरहेको छ। बेरुजुसँग सम्बन्धित कागजात तथा प्रमाण पुर्‍याएर, बिलभरपाई लिएर, असुल गर्ने भनेको रकम तिर्न तयार भएकाहरूका बेरुजुको समेत लगतकट्टा हुन सकेको छैन। यसले एकातिर बेरुजुको आकार बढाउँदै लगेको छ भने अर्कातिर राज्यकोषमा प्राप्त हुने रकम पनि आउन सकेको छैन। सामान्य खालको बेरुजु कायम भएर राज्यको सेवा-सुविधाबाट वञ्चित भएकाहरूको पीडा पनि यसमा मिसिएको छ। 'बेरुजुका कारण कतिपय मानिसहरूको पेन्सनपट्टा बन्न सकेको छैन। यसको गुनासो महालेखामा पनि आएका छन्,' महालेखा परीक्षक कार्यालयका प्रवक्ता श्रीकुमार राईले भने। बेरुजु भएकालाई राज्यको सेवा, सुविधा र अवसरबाट वञ्चित गर्नुपर्ने विभिन्न कानुनमा व्यवस्था छन्। सरकारी सेवाबाट अवकाश भएकाको त पेन्सन पट्टा नै बन्दैन।

महालेखाका प्रवक्ता राई सम्परीक्षण रोकिँदा बेरुजुको अंक बढ्दै जाने अवस्था बनेको बताउँछन्। 'यही क्रम जारी रहे सम्परीक्षणबाट हुने बेरुजु फर्स्योट चुनौतीपूर्ण हुने देखिएको छ,' उनले भने। यद्यपि, अहिलेको बेरुजु सम्परीक्षण संघको हकमा मात्र रोकिएको हो। प्रदेश र स्थानीय तहको सम्परीक्षण भने यथावत रूपमा चलिरहेको छ। तर, ठुलो बेरुजु संघतर्फ रहेकाले कुल बेरुजु फर्स्योटमा यसको सीधा असर परेको हो। सम्परीक्षणको काम रोकिँदा बेरुजु असुल नहुने, प्रमाण लोप हुँदै जाने र अंक बढ्दै जाने जोखिम बढेको छ। पूर्वकार्यबाहक महालेखा परीक्षक काफ्ले समयमै बेरुजु फर्स्योट नहुँदा आर्थिक अनुशासन कमजोर हुँदै जाने बताउँछन्।

अहिले देशको बेरुजु १२ खर्बनजिक छ। महालेखाको पछिल्लो, ६१औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७९/८० सम्ममा कारबाही गरी टुंगो लगाउनुपर्ने कुल बेरुजु ११ खर्ब ८३ अर्ब २६ करोड ८३ लाख रुपैयाँ छ। पछिल्लो एक वर्षमै बेरुजु सवा दुई खर्बले थप भएको छ। बेरुजु अंक बढ्दै गएको, तर त्यसको तुलनामा फर्स्योट घट्दो क्रममा रहेको भन्दै महालेखाले चिन्तासमेत प्रकट गरेको छ। अहिले महालेखाले ०८०/८१ को लेखा परीक्षण गरिरहेको छ। यसबाट बेरुजुको आकार अझ बढेर जाने देखिएको छ।

पूर्वकार्यबाहक महालेखा परीक्षक महेश्वर काफ्ले महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा समावेश विषयगत व्यहोराबारे छलफल गरी निर्णय गर्ने कार्य सार्वजनिक लेखा समितिको भएको बताउँछन्। तर, वार्षिक प्रतिवेदनको दफागतका अतिरिक्त लेखा परीक्षण प्रारम्भिक प्रतिवेदनको दफागत बेरुजुमा समेत प्रवेश गर्न खोजेका कारण संघीय सरकारको बेरुजु फर्स्योट तथा सम्परीक्षण कार्य अवरुद्ध हुन पुगेको उनी बताउँछन्। 'जसका कारण असुल भएको वा नियमित भएको वा प्रमाण पेस भएको वा पेस्की फर्स्योट भएको वा हुन सक्ने बेरुजु पनि फर्स्योट वा सम्परीक्षण हुन सकेको छैन,' उनले भने।

०२० देखि नै महालेखाले वार्षिक प्रतिवेदनको बेरुजुउपर सम्परीक्षण गर्दै आएको छ। त्यसअघि वार्षिक प्रतिवेदनमा औँल्याएका बेरुजु पछि प्रमाण जुटाएर ल्याउँदा महालेखाले प्रक्रियाबमोजिम फर्स्योट गरिदिन्थ्यो। तर, लेखा समितिले त्यससम्बन्धी कार्य नगर्ने व्यहोराको पत्र पठाएपछि सम्परीक्षणसम्बन्धी सम्पूर्ण कारबाही रोकिन पुगेको हो। सम्परीक्षण अवरुद्ध हुँदा असुल भएको वा नियमित वा प्रमाण पेस गरेको वा पेस्की फर्स्योट भएको बेरुजु पनि फर्स्योट तथा सम्परीक्षण हुन नसकेको पूर्वकार्यबाहक महालेखा परीक्षक काफ्ले बताउँछन्। उनका अनुसार बेरुजु फर्स्योट गरी राफसाफ गर्न चाहनेले पनि बेरुजु फर्स्योटको अवसर नपाई बेरुजु कायमै भएको अवस्था छ।

सिद्धान्ततः सम्परीक्षणलाई लेखा परीक्षणकै अंग मानिन्छ। महालेखा परीक्षक तोयम रायाका अनुसार सम्परीक्षणविना लेखा परीक्षणको चक्र नै पूरा हुँदैन। 'सम्परीक्षण भनेको फलोअप अडिट हो। जसले लेखा परीक्षण गर्छ, उसैले फलोअप पनि गर्छ। फलोअप सम्परीक्षण नगर्दासम्म लेखा परीक्षण पूरा हुँदैन,' बिहीबार कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महालेखा परीक्षक रायाले भने, 'लेखा परीक्षण ऐनमा पनि पुनः जाँच गर्ने भनेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा लेखा परीक्षणका लागि टोली जाँदा अघिल्लो वर्षको कुरा पनि जाँच गर्नुपर्छ भनिएको छ। वार्षिक प्रतिवेदनमा कार्यान्वयनको स्थिति पनि उल्लेख हुनुपर्छ भन्ने छ। लेखा परीक्षणमा कार्यान्वयनको स्थिति भनेको गत वर्ष लेखेको बेरुजुमा कति असुल भयो, कति फर्स्योट भयो भन्नेलगायतको विषय पनि हो। सम्परीक्षण नगरी यो कसरी उल्लेख हुन्छ ?' अध्यादेशमार्फत आएको नयाँ ऐनले यस विषयको सम्बोधन गर्ने आशा उनले व्यक्त गरे।

अर्बौँमा हुने सम्परीक्षण रोकिँदा आर्थिक प्रणालीमै असर

सम्परीक्षण रोकिँदा यसको ठुलो असर मुलुकको आर्थिक प्रणालीमै पर्न गएको छ। अहिले प्रत्येक वर्ष एक खर्बको हाराहारीमा बेरुजु थप भएको पूर्वकार्यबाहक महालेखा परीक्षक महेश्वर काफ्ले बताउँछन्। उनका अनुसार विगत चार वर्षमा फर्स्योट रकम ९१ अर्बबाट १३ अर्बमा झरेको छ भने यही अवधिमा संघीय सरकारको सम्परीक्षण शून्य नै छ।

महालेखाले लेखा परीक्षणकै क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि सम्परीक्षणको माध्यमबाट बेरुजु फर्स्योट गर्छ। लेखा परीक्षणकै क्रममा प्रतिवेदन तयार गर्नुअघि नै कतिपय बेरुजु फर्स्योट गरिन्छन्। लेखा परीक्षण अधिकारीहरूले लेखा परीक्षण गरेपछि प्रारम्भिक प्रतिवेदन तयार गरेका हुन्छन्। प्रारम्भिक प्रतिवेदन तयार भएपछि यसउपर प्रतिक्रिया पठाउने ३५ दिनको अवधि हुन्छ। कार्यालयले मागे र महालेखा परीक्षकले आवश्यक ठाने अवधि अधिकतम ३० दिन थप्न मिल्छ। यसै क्रममा पनि कतिपय बेरुजु फर्स्योट हुन्छन्। तर, यो लेखा परीक्षण गरिएकै वर्षमा आधारित हुन्छ। यसलाई पनि एक हिसाबले सम्परीक्षण नै मानिन्छ। यसपछि आउँछ, सम्परीक्षण। महालेखाले वार्षिक प्रतिवेदन जारी गरिसकेपछि प्रतिवेदनको अनुसूचीसँग सम्बन्धित लेखा समितिले छलफल गरेर टुंग्याएका, असुल उपर भएका, बिल भरपाई पेस भएकालगायतको सम्परीक्षण गरिन्छ।

असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी बेरुजुलाई मुख्य तीन भागमा वर्गीकरण गरेर एकमुस्ट बेरुजु अंक महालेखाले निकाल्छ। त्यसमध्ये नियमित गर्नुपर्ने र पेस्की बेरुजु सामान्य खालका बेरुजु हुन्, जुन कागजपत्र मिलाउँदा र कार्यालयले चाहँदा फर्स्योट हुन्छन्। यी सम्परीक्षणमार्फत फर्स्योट हुन्छन्।

महालेखा परीक्षक कार्यालयको विवरणअनुसार लेखा समितिको पत्रपछि सम्परीक्षण गम्भीर रूपमा प्रभावित भएको देखिन्छ। उदाहरणका लागि सरकारी कार्यालयतर्फ ०७५/७६ मा पाँच अर्ब १९ करोड ७० लाख र ०७६/७७ मा चार अर्ब ४५ करोड १४ लाख रुपैयाँ सम्परीक्षणबाट असुल भएको थियो। लेखा समितिको पत्रपछिको समयमा सम्परीक्षणबाट भएको असुली ०७७/७८ मा दुई अर्ब ७९ करोड १८ लाख रहेकामा यो पनि घटेर ०७८/७९ मा ४४ करोड ४९ लाख र आव ०७९/८० मा १९ करोड ६८ लाख रुपैयाँमा सीमित हुन पुगेको छ। फर्स्योट प्रभावित भएकै कारण तीन वर्षमै बेरुजु अंक दोब्बरले बढेको छ।

लेखा समितिले सुरुमा सम्परीक्षण नगर्न भनेपछि महालेखाले यससम्बन्धी कारबाही नीतिगत निर्णय नहुन्जेलसम्मका लागि भनेर रोकेको थियो। तर, पछि मन्त्रालयहरूले सम्परीक्षणका लागि आवश्यक कागजात र निवेदन पेस गर्नै छाडे। जसका कारण सम्परीक्षणको कार्य महालेखाले गर्न सकेको छैन।

महालेखालाई रोकेको लेखा समितिमा बेरुजुको छलफल नै सुस्त

महालेखाले गर्दै आएको सम्परीक्षणको अधिकार दाबी गरेको लेखा समितिले बेरुजु फर्स्योटतर्फको जिम्मेवारीको काममा भने खासै चासो दिएको छैन। अहिले महालेखा परीक्षकको ६०औँ वार्षिक प्रतिवेदनमाथि लेखा समितिमा छलफल चलिरहेको छ। जब कि महालेखा भने हाल ६२औँ वार्षिक प्रतिवेदन टुंग्याउने तयारीमा छ।

महालेखाका अनुसार ५४औँ वार्षिक प्रतिवेदनदेखिका केही निकायका र दफागत कतिपय बेरुजु अझै टुंगिएका छैनन्। ६१औँ वार्षिक प्रतिवेदनमा त समिति प्रवेश नै गरेको छैन। पुराना बेरुजु नटुंगिदा त्यसको अंक पछिल्ला प्रतिवेदनमा थपिँदै गएका छन्।

लेखा समितिका सचिव एकराम गिरी भने महालेखाको बेरुजुउपर छलफल व्यापक रूपमा अघि बढेको बताउँछन्। 'अहिले समितिमा बेरुजुउपरको छलफल व्यापक चलिरहेको छ,' उनले भने, 'अहिले ६०औँ वार्षिक प्रतिवेदनमा निकायगत छलफल भइरहेको छ। प्रतिवेदन आएपछि धेरै कुरा थाहा हुन्छ।' सम्परीक्षण रोकिएकोबारेमा भने उनले अध्यादेशमा नयाँ व्यवस्था गरिएकाले सोहीअनुसार हुने बताए।

समस्या सुल्झाउन अध्यादेशमा के छ व्यवस्था ?

बेरुजु फर्स्योटको गतिरोध अन्त्य गर्न भन्दै सरकारले गत माघमा जारी गरेको अध्यादेशमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनका व्यवस्थालाई संशोधन गर्‍यो। त्यसमा लेखा समितिमा छलफल हुनेबाहेक कार्यालयगत लेखा परीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजु असुल गरी फर्स्योट तथा नियमित गर्ने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था गरिएको छ। ऐनको दफा ४० मा गरिएको यो संशोधनले 'लेखा समितिमा छलफल हुनेबाहेक असुल गर्नुपर्ने भनी औँल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेस भएको, आवश्यक कागजको प्रमाण पेस हुनुपर्नेमा पेस भएको वा पेस्की रकम फर्स्योट भई प्रमाण पेस हुन आएको बेरुजु रकम सम्परीक्षणका लागि अधिकारप्राप्त अधिकारीबाट अनुरोध भई आएमा महालेखाले सम्परीक्षण गरी लगतकट्टा गर्ने भनेको छ। यसरी लगतकट्टा भएको जानकारी सात दिनभित्र लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने' व्यवस्था गरेको छ।

सरकारले ल्याएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी प्रथम अध्यादेश प्रतिनिधिसभाबाट स्वीकृत पनि भइसकेको छ। यसले फर्स्योट र सम्परीक्षणबारे स्पष्ट गरेकाले कार्यान्वयनमा ल्याई बेरुजु फर्स्योट र सम्परीक्षणलाई तीव्रता दिनुपर्ने पूर्वकार्यबाहक महालेखा परीक्षक काफ्ले बताउँछन्।

आज...

पृष्ठ १ बाट क्रमशः

हाम्रो उद्देश्य हो। ठुलो जनसमूहले आइतबार प्रदर्शन गर्नेछ। सरकार र सम्बद्ध पक्षले दबाब सुनेनन् भने आन्दोलनको बलियो आधार तयार हुने हाम्रो विश्वास छ,' राप्रपा प्रवक्ता मोहनकुमार श्रेष्ठले भने, 'नवीन समझदारी भनेको राप्रपाले प्रस्ताव गरेको शान्तिपूर्ण र राजनीतिक प्रस्ताव हो। यसमा हामी अघि बढ्नेछौँ।'

पूर्वराजाको सन्देशपछि राप्रपाले पोखरा, भैरहवा, नेपालगन्ज, धनगढी, जनकपुर, वीरगन्ज र काठमाडौँमा उनको पक्षमा प्रदर्शन र सभा गर्दै आएको छ। बुधबार बसेको राप्रपा पदाधिकारी (अध्यक्ष, उपाध्यक्ष र महामन्त्रीहरू) बैठकले पूर्वराजाको स्वागतमा त्रिभुवन विमानस्थलमा सहभागी हुन सबैलाई आह्वान गर्ने निर्णय गरेको थियो। पूर्वराजा आफैँले सबैलाई आह्वान गरेको अवस्थामा उहाँकै वरिपरि सबै गोलबद्ध हुनुपर्ने भन्ने सन्देश दिन प्रदर्शन गर्न लागिएको राप्रपाका एक पदाधिकारीले बताए।

'पूर्वराजा आफैँले सबैलाई आह्वान गरेको परिप्रेक्ष्यमा अब उहाँको वरिपरि सबै गोलबद्ध हुनुपर्छ भन्ने सन्देश दिन प्रदर्शन गर्न लागिएको हो,' उनले भने। उनका अनुसार राप्रपाले राजा र हिन्दुराष्ट्र पुनर्स्थापनाको मुद्दामा सक्रिय दल र समूहसँग वार्ता र समन्वयका लागि वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रको नेतृत्वमा महामन्त्री डा. धवलशमशेर राणासमेत रहेको कार्यदल पनि गठन गरेको छ।

राप्रपाले पूर्वराजाबाट प्रजातन्त्र दिवसका अवसरमा देशवासीका नाममा सार्वजनिक सन्देशलाई पनि औपचारिक रूपमा स्वागत गरेको प्रवक्ता श्रेष्ठले बताए। 'राप्रपाले राजाको सम्बोधनमा अन्तर्निहित राष्ट्ररक्षाको भावनाप्रति आमनागरिकलाई जागरुक तुल्याउन एवं एकताबद्ध गर्न देशभर विभिन्न कार्यक्रम गरिरहेको विदीतै छ। यसलाई आगामी दिनमा अझै सशक्त र प्रभावकारी बनाएर लैजाने बैठकले निर्णय गरेको छ' श्रेष्ठले भने।

राप्रपा नेपालले पनि आफ्ना कार्यकर्तालाई पूर्वराजाको स्वागतका लागि उतार्ने निर्णय गरेको महामन्त्री राजाराम बर्तौलाले जानकारी दिए। दुर्गा प्रसाई नेतृत्वको राजवादी समूह, संस्कृतिविद् डा. जगमान गुरुङले नेतृत्व गरेको समूह, पूर्वमन्त्री डा. केशरबहादुर बिष्ट नेतृत्वको समूह, अनिल बस्नेतले नेतृत्व गरेको शिव सेना नेपालसमूहलगायतले पनि अलगअलग प्रदर्शन गर्ने निर्णय गरेका छन्।

दुई महिनाअघि काठमाडौँबाट निस्किएका पूर्वराजा शाहले पश्चिम नेपालको लुम्बिनी र गण्डकी प्रदेशका विभिन्न मठमन्दिर को दर्शन तथा सर्वसाधरणसँग भेटघाट गरेका थिए।

मधेशमा...

पृष्ठ १ बाट क्रमशः

निर्माणका लागि आशयपत्र लिइनुपर्ने व्यवस्था छ।

निमित्त स्वास्थ्यसचिव मिश्रका अनुसार मधेशमा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था १८२ वटा प्रविष्टि भइसकेका छन्। मिश्रले भने, 'यकिन तथ्यांक थिएन, हामी तथ्यांक संकलन गरिरहेका छौँ, हालसम्म निजी क्षेत्रबाट दर्ता भएर चलिरहेका स्वास्थ्य संस्था १८२ देखिएका छन्।'

स्वास्थ्यमन्त्री सिंहका अनुसार स्वीकृति लिएर नवीकरण गराइरहेकाले पनि १० प्रतिशत शय्या गरिब, विपन्नलाई छुट्याउनुपर्ने प्रावधान उल्लंघन गरेका छन्। 'त्यसलाई सुधार्न प्रदेश, स्थानीय सरकार, सामाजिक अगुवा, मिडिया सबैको भूमिका हुनुपर्छ। त्यसबाहेक स्वास्थ्य क्षेत्रको बेथिति हटाउन मन्त्रालयमातहत सामाजिक सुरक्षा इकाइ कार्यालय स्थापना गरी सञ्चालन गरिएको छ,' उनले भने, 'कुनै पनि सरकारी वा निजी स्वास्थ्य संस्थाको विषयमा गुनासो भए सिधै फोनमार्फत गुनासो गर्ने र तत्काल गुनासो सम्बोधन गर्ने गरी काम थालेका छौँ।'

जनकपुर मोडर्न हस्पिटल एन्ड रिसर्च प्रालिका सञ्चालक रामभरोस महतोले भने सेवा सञ्चालनको स्वीकृतीसहित दर्ताका लागि धाउँदा पनि स्वास्थ्य मन्त्रालयले आलटाल गरिरहेको आरोप लगाए। 'कम्पनी रजिस्ट्रारको कार्यालयमा विधिवत् दर्ता गरी स्थायी लेखा नम्बर लिएर आवश्यक कागजातसहित मन्त्रालयमा ११ पुस २०८० मै निवेदन दिएको थिएँ,' उनले भने, 'मन्त्रालयले कागजात नपुगेको वा नमिलेको भनेको पनि छैन, सेवा सञ्चालनको स्वीकृति पनि दिएको छैन।' प्रदेश सरकारले अस्पताल सिधै बन्द गर्नुभन्दा पनि ६ महिनाभित्र स्वीकृतिसहित अन्य मापदण्ड पूरा गर्न समयसीमा दिनुपर्ने र त्यो अवधिमा सबै प्रक्रिया पूरा गर्ने, नसके बन्द गर्न समस्या नहुने उनले बताए।

यी हुन् सञ्चालन बन्द गरिएका ५८ अस्पताल

धनुषा
१. मुस्कान हस्पिटल एन्ड रिसर्च सेन्टर
२. अरमान हस्पिटल
३. सहयोग हस्पिटल
४. जनकपुर मोडर्न हस्पिटल एन्ड रिसर्च सेन्टर
५. माँ गायत्री मेमोरियल हस्पिटल
६. रामा मेमोरियल हस्पिटल एन्ड रिसर्च सेन्टर
७. जनकपुर सीता हस्पिटल
८. बिएन हस्पिटल एन्ड रिसर्च सेन्टर
९. ज्योति आँखा अस्पताल
१०. न्युरो सेन्टर
११. कृष्णा अस्पताल
१२. जनकपुर गोदावरी अस्पताल
१३. जनक मेमोरियल अस्पताल
१४. गीताश्री इएनटी स्पेसिलिटी क्लिनिक
१५. जनकपुर मोडेल अस्पताल
१६. लक्ष्मी हेल्थ केयर
१७. कुन्दन स्क्रिन केयर सेन्टर
१८. कृष्णा स्क्रिन केयर
१९. जनकपुर मधेश हस्पिटल
२०. लाइफ केयर एन्ड रिसर्च सेन्टर
२१. जनकपुर गोल्डेन हस्पिटल
२२. लालगढ हेल्थ केयर एन्ड रिसर्च सेन्टर

महोत्तरी
२३. पिनाकल हस्पिटल
२४. सुरक्षा अर्थोपेडिक एन्ड डेन्टल क्लिनिक
२५. ऊँ समाज डेन्टल क्लिनिक
२६. खर्गा डेन्टल केयर सेन्टर
२७. खोमुसरा डेन्टल क्लिनिक

पर्सा
२८. नेपाल इन्डो हस्पिटल एन्ड आई केयर सेन्टर

सर्लाही
२९. दयन्ती अस्पताल
३०. सर्लाही जीवन हेल्थ केयर
३१. स्वाभिमान अस्पताल
३२. सरस्वती अस्पताल
३३. लीलावती अस्पताल
३४. भानु अञ्जली हस्पिटल
३५. रक्षा हेल्थ केयर हस्पिटल
३६. जय भवानी हेल्थ केयर सेन्टर
३७. जया हेल्थ क्लिनिक

रौतहट
३८. हाइवे ट्रमा हस्पिटल एन्ड रिसर्च सेन्टर
३९. सिभिल ह्युमन हस्पिटल एन्ड रिसर्च सेन्टर
४०. पब्लिक लाइफकेयर पोलिक्लिनिक
४१. एपोलो सिटी हस्पिटल
४२. चपुर सिटी हस्पिटल
४३. हिमालयन पोलिक्लिनिक
४४. सिम्स हस्पिटल
४५. चन्द्रपुर सामुदायिक हस्पिटल
४६. नमस्ते डेन्टल क्लिनिक
४७. चन्द्रपुर अर्थोपेडिक एन्ड जनरल हस्पिटल
४८. चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्र
४९. अरुण सिटी हस्पिटल
५०. अनामिका हस्पिटल
५१. नेत्रज्योति आँखा हस्पिटल
५२. गौर आँखा अस्पताल
५३. गरुडा अस्पताल
५४. रोमा हस्पिटल
५५. होप हस्पिटल
५६. सनसिटी हस्पिटल
५७. सरस्वती हस्पिटल
५८. आनन्द हस्पिटल

२३ स्वास्थ्य संस्थालाई नवीकरणका लागि दुई महिनाको समय

धनुषा
१. समर हस्पिटल हस्पिटल
२. श्रीराम हस्पिटल
३. जनकपुर ग्रान्डी हस्पिटल
४. साई मल्टिस्पेसलिस्ट हस्पिटल एन्ड ट्रमा सेन्टर
५. ओम दीर्घायु हस्पिटल
६. मिहिलाल इन्टरनेसनल हस्पिटल
७. विनय तारा फाउन्डेसन तथा क्यान्सर सेन्टर
८. धनुषा अस्पताल
९. जनकपुर सिटी हस्पिटल
१०. नवजीवन अस्पताल
११. वैदेही अस्पताल
१२. जनकपुर सुरक्षा अस्पताल
१३. एडभान्स सिटिस्क्यान एन्ड डाइग्नोस्टिक सेन्टर
१४. चन्द्रकला अस्पताल
१५. जनकपुर बाल अस्पताल
१६. सीता बाल अस्पताल
१७. लालगढ मोडेल अस्पताल

महोत्तरी
१८. सिटी केयर अस्पताल
१९. बर्दीबास जनसेवा अस्पताल
२०. डिएनबी मेडिकेयर अस्पताल

पर्सा
२१. भवानी हस्पिटल एन्ड रिसर्च सेन्टर
२२. स्पर्श मल्टिस्पेसलिस्ट हस्पिटल
२३. नीलकण्ठ हस्पिटल एन्ड रिसर्च सेन्टर

बिग्रिएका उपकरण मर्मत गर्न १२ सरकारी अस्पतालले देखाएनन् चासो

अन्यन्त्र २४ करोड खर्च हुने १० अस्पतालका उपकरण आविष्कार केन्द्रले २३ लाखमै गर्‍यो मर्मत

शिवहरि घिमिरे/नयाँ पत्रिका

१२ वटा सरकारी अस्पतालले बिग्रिएका उपकरण मर्मत गर्न चासो नै देखाएका छैनन्। गत १८ भदौमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले राष्ट्रिय आविष्कार केन्द्रसँग समन्वय गर्दै मर्मत अभावमा थन्किएका संघीयसहितका १७ अस्पतालका उपकरणहरू मर्मत गर्न केन्द्रका प्रमुख महावीर पुनसँग सम्झौता गरेका थिए। त्यसपछि पनि अस्पतालको केही सूची थपिएका थिए।

केन्द्रले कबाड बनेर थन्किएका उपकरण मर्मत गरेर १० सरकारी अस्पताललाई जिम्मा लगाइसकेको छ। अझै १२ वटा अस्पतालका उपकरण मर्मत गर्न बाँकी छ। अस्पतालले बिग्रिएका उपकरण मर्मत गर्न आग्रह नगरेपछि तत्काललाई मर्मतको काम रोकेको केन्द्रले जनाएको छ। केन्द्रका इन्जिनियर उमेश किराँतीले १० वटा सरकारी अस्पतालका उपकरण मर्मत गरे पनि अझै १२ अस्पतालको बाँकी रहेको बताए। ६ सय ६१ वटा उपकरणको मूल्यांकन गरिएकोमा पाँच सयवटा मर्मत सम्पन्न भएको केन्द्रका किराँतीले बताए।

'अस्पतालहरूलाई चाहिने अवस्था भयो भने उहाँहरूले खबर गर्नुहुन्छ अनि बल्ल हामीले मर्मत गर्ने हो,' उनले भने, 'आवश्यक पार्टपुर्जा ल्याइदिने काम सम्बन्धित अस्पतालकै हो, हामीले मर्मत गरेर उपलब्ध गराउँछौं।' किराँतीका अनुसार कतिपय अस्पतालले आफैं मर्मत गर्न सक्ने सामान पनि थोत्रा बनाएर थन्क्याएका थिए। अविस्कार केन्द्रले प्राविधिक सहयोगस्वरूप अस्पतालका उपकरण बनाएर हस्तान्तरण गरेको छ।

केन्द्रले २३ लाख २० हजार रुपैयाँमा १० वटा सरकारी अस्पतालका पाँच सयभन्दा बढी उपकरण मर्मत गरेर सम्बन्धित अस्पताललाई बुझाएको हो। यदि ती उपकरण बाहिर मर्मत गरेको भए त्यसको लागत २४ करोड ३० लाख रुपैयाँ लाग्ने केन्द्रले मूल्यांकन गरेको छ। तर, केन्द्रले सस्तो मूल्यमै उपकरण मर्मत गरिदिएपछि सरकारको करोडौं रकम बचेको छ।

१२ अस्पतालले आवश्यक पार्टपुर्जा खरिद नगरिदिएकाले मर्मतको काम रोकिएको केन्द्रले जनाएको छ। बिग्रिएका उपकरण बनाउन बाँकी अस्पतालमा प्रसूतिगृह थापाथली, बिपी कोइराला क्यान्सर अस्पताल भरतपुर, सुशील कोइराला आँखा क्यान्सर नेपालगन्ज, गजेन्द्रनारायण सिंह अस्पताल सप्तरी, कोशी अस्पताल विराटनगर, डडेलधुरा अस्पताल, नरदेवी आयुर्वेद चिकित्सालय नरेफाँट, टूमा सेन्टर, पाटन अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ छन्। 'उहाँहरूले खोजी गर्नुभयो भने हामीले बनाउने हो, नत्र बनाउँदैनौ, यसमा पार्टपुर्जा उहाँहरूले नै किनिदिनुहुन्छ, हामीले मर्मत गरेर उपलब्ध गराउँछौं,' उनले भने, 'कतिपय सामान्यभन्दा सामान्य सामान हामी आफैंले पनि किनेर मर्मत गरिदिएका छौं।'

प्रसूतिगृहका निर्देशक डा. श्रीप्रसाद अधिकारीले अस्पतालका बिग्रिएका उपकरण मर्मत गर्न दिने विषय छलफलकै क्रममा रहेको बताए। 'यो विषय अझै छलफलकै क्रममा छ। हामीकहाँ बिग्रिएर कबाड बनेका त्यस्ता मेसिन नै छैनन्। कतिपय मेसिन कम्पनीसँग नै सम्झौताअनुसार उसैले मर्मत गरिदिने गरेको छ,' उनले भने, 'यदि त्यस्तो भएमा केन्द्रसँग समन्वय गर्न सक्छौं।'

आविष्कार केन्द्रले उपकरण मर्मत गरेर जिम्मा लगाएपछि १० वटा अस्पतालले प्रयोगमा ल्याइसकेका छन्। केन्द्रले काठमाडौंस्थित सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, वीर अस्पताल, कान्ति बाल अस्पताल, सहिद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, पाटन मानसिक अस्पताल, नेपालगन्जको भेरी अस्पताल, वीरगन्जको नारायणी अस्पताल, तनहुँको जिपी कोइराला राष्ट्रिय श्वास-प्रश्वास उपचार केन्द्र, चितवनको भरतपुर अस्पताल र जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकरण मर्मत गरेको हो।

केन्द्रले भेन्टिलेटर, डायलाइसिस मेसिन, एनेस्थेसिया मेसिन, भिडियो एक्सरे र अटो क्लेभ मेसिन मर्मत गरेको छ। यस्तै, ब्लडप्रेसर मनिटर, इसिजी मेसिन र पेसेन्ट मनिटर पनि मर्मतपछि सञ्चालनमा आएका छन्। केन्द्रले डेन्टल तथा सर्जिकल सामान रगतको प्लाज्मा छुट्याउने ल्याबका सामान, आइसियू/सिसियूका सामान, वटी लाइट/टेबल, इन्फ्युजन पम्प, आइसियू/पेसेन्ट बेड, माइक्रोस्कप, सिरिन्ज पम्प, इन्फ्युजन पम्प, मुटुलाई सामान्य लयमा ल्याउन प्रयोग गरिने डिफिब्रिलेटरलगायत पनि मर्मत गरिदिएको छ।

केन्द्रका प्रमुख पुनले हालसम्म पाँच सय उपकरण मर्मत भएको भन्दै यो सक्रियताका लागि स्वास्थ्यमन्त्री प्रदीप पौडेललाई धन्यवाद दिएका छन्। 'स्वास्थ्यमन्त्रीज्यूको सक्रियतामा १७ वटा संघीय अस्पतालका उपकरण मर्मत सम्भार गरी दिने सम्झौता गरेको थियो। सोही सम्झौताअनुरूप अहिलेसम्म पाँच सयजति उपकरण मर्मत गरेको र करोडौं रुपैयाँ बचत भएको प्रगति रिपोर्ट छ,' पुनले भने।





● डा. श्रीप्रसाद अधिकारी
निर्देशक, प्रसूतिगृह

बिग्रिएका उपकरण मर्मत गर्ने विषयमा अझै छलफलकै क्रममा छ। हामीकहाँ बिग्रिएर कबाड बनेका त्यस्ता मेसिन नै छैनन्। कतिपय मेसिन कम्पनीसँग नै सम्झौता भएअनुसार उसैले मर्मत गरिदिने गरेको छ। यदि त्यस्तो भएमा केन्द्रसँग समन्वय गर्न सक्छौं।



● उमेश किराँती, इन्जिनियर
आविष्कार केन्द्र

अस्पताललाई चाहिने अवस्था भयो भने उहाँहरूले खबर गर्नुहुन्छ अनि बल्ल हामीले मर्मत गर्ने हो। आवश्यक पार्टपुर्जा ल्याइदिने काम सम्बन्धित अस्पतालकै हो, हामी त्यसलाई मर्मत गरेर उपलब्ध गराउँछौं। तर, अहिलेसम्म केही कुरा आएको छैन।

■ उपकरण मर्मत गरेपछि के फरक पऱ्यो अस्पताललाई ?

आविष्कार केन्द्रले मर्मत गरेका सबै उपकरण सरकारी अस्पतालका हुन्। पहिलो चरणमा सबैभन्दा बढी बिरामीको भिडभाड हुने अस्पतालका उपकरण मर्मत गरेर बुझाइएको छ। अस्पताललाई केन्द्रको उपकरण मर्मत गरेर बुझाएपछि त्यसको फाइदा बिरामीलाई समेत भएको छ भने अस्पतालहरूलाई पनि उपकरण बनाउन स्वास्थ्य मन्त्रालयसँग बजेट मागेर हारगुहार गर्नुपर्ने बाध्यता हटेको छ। अधिकांश उपकरण बजेट अभावमा मर्मत हुन नसकेर थन्किएका थिए। वीर अस्पतालका निमित्त निर्देशक डा. समाज गौतमले भेन्टिलेटर, आइसियूमा चाहिने सामान बनेर आएपछि सहज भएको बताए। 'उपकरणहरू मर्मत-सम्भार भएपछि सहज भएको छ, त्यसको के-कस्तो प्रभाव परेको छ भनेर यथेष्ट बुझ्न मैले इन्जिनियरलाई प्रतिवेदन नै बनाउन लगाएको छु,' उनले भने। भक्तपुर क्यान्सर अस्पतालका निमित्त निर्देशक डा. उज्ज्वल चालिसेले पनि उपकरण मर्मत भएपछि सहज भएको बताए।

माओवादीको 'तराई–मधेश जागरण अभियान' स्थगित

संसद् बैठक प्रभावकारी बनाउन, समसामयिक राजनीति र स्वविवु निर्वाचनका कारण अभियान स्थगित भएको नेताहरूको भनाइ

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीले 'जनतासँग माओवादी, तराई मधेश जागरण अभियान' स्थगित गरेको छ। गत १२ फागुनमा झापाबाट सुरु भएको अभियान शनिबार रौतहटमा पुगेपछि उसले स्थगित गरेको हो। पदाधिकारी बैठकका लागि माओवादी नेताहरू काठमाडौं फर्किएका छन्।

राष्ट्रिय राजनीतिलाई मध्यनजर गर्दै अभियान स्थगित गरेको महासचिव देव गुरुङले बताए। 'राष्ट्रिय राजनीतिमा जुन परिदृश्य देखिँदै छ, त्यसका लागि अहिलेको अभियानले मात्रै नपुग्ने भयो। विकसित घटनाक्रमबारे सरकार रमिता हेरेर बसेको छ। संविधान, लोकतन्त्र, गणतन्त्र धरापमा पर्ने खालको स्थिति देखापर्दै छ। पार्टी संगठनको हिसाबले अभियान राम्रो भए पनि व्यवस्थामाथि खतरा आइपऱ्यो। त्यसबारे गम्भीर छलफल गर्नुपर्नेछ,' उनले भने। बैठकमा विकसित घटनाक्रमबारे छलफल हुने उनले बताए।

सरकारको कामले जनतामा निराशा छाएको र त्यही जगमा राजावादीहरू सलबलाएको गुरुङले दाबी गरे। 'सरकारको कामले जनतामा निराशा छाएको छ। त्यही निराशामा टेकेर राजावादीहरू सलबलाएका छन्। यसबारे अन्य दल गम्भीर देखिएनन्,' उनले भने।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले सदनलाई प्रभावकारी बनाउन, केन्द्रीय राजनीतिबारे छलफल गर्न र स्वविवु निर्वाचनलगायतका कारणले अभियान स्थगित गर्नुपरेको बताए। यही बिचमा फागु पर्व र रमजान पनि परेको छ। त्यसले पनि अभियानलाई प्रभावित गरेको नेताहरू बताउँछन्।

सरकारको कार्यशैलीबाट नागरिक निराश भएको मौका छोपेर राजावादीहरूले गतिविधि बढाउँदा प्रमुख दलका नेताहरूले ठुलो चुनौती नभए पनि सचेत हुनुपर्ने औंल्याएका छन्। प्रधानमन्त्रीदेखि दलका शीर्ष नेताहरूले सीमा ननाघ्न चेतावनी दिएका छन्। कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले राजावादीहरूले परीक्षण गर्न खोजे पनि सफल नहुने बताए। 'राजावादीहरूले पटक-पटक परीक्षण गर्न खोजिरहेका छन्। अहिले पनि परीक्षण गर्न खोजेका होलान्। सरकारले डेलिभरि दिन नसकेकै कारण राजावादीहरू सलबलाएको भन्ने होइन,' उनले भने।



■ देव गुरुङ, महासचिव
माओवादी

राष्ट्रिय राजनीतिमा जुन परिदृश्य देखिँदै छ, त्यसका लागि अहिलेको अभियानले मात्रै नपुग्ने भयो। संविधान, लोकतन्त्र, गणतन्त्र धरापमा पर्ने खालको स्थिति देखापर्दै छ। पार्टी संगठनको हिसाबले अभियान राम्रो भए पनि व्यवस्थामाथि खतरा आइपऱ्यो। त्यसबारे गम्भीर छलफल गर्नुपर्नेछ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले राजतन्त्र फर्किने सम्भावना नरहेको दाबी गर्दै सीमा नाघे नियन्त्रण गर्नुपर्ने बताए। 'राजतन्त्र फर्किने सम्भावना छैन। त्यो भनेको इतिहासको गतिलाई पछाडि फर्काउनु मात्रै हो। राजावादीको गतिविधिलाई ठुलो चुनौतीको रूपमा लिनुपर्ने अवस्था छैन। शान्तिपूर्ण ढंगले विचार राख्न पाइन्छ। तर, कानुनभन्दा बाहिर जाने अधिकार कसैलाई छैन। सीमा नाघ्ने प्रयास गरे नियन्त्रण पनि गर्नुपर्ने हुन्छ,' उनले भने।

■ राष्ट्रपति-प्रधानमन्त्री भेटवार्ता



राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी ओलीबिच समसामयिक विषयमा छलफल भएको छ। शनिबार साँझ शीतलनिवासमा पौडेल र ओलीबिच मुलुकको समसामयिक विषयमा छलफल भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए। 'मुलुकको समसामयिक विषय, सरकारको कामकारबाही र विकास निर्माणको विषयमा छलफल भयो,' उनले भने। पूर्वराजाको अभिव्यक्ति, राजावादीहरूको गतिविधिलगायतका विषयमा छलफल भएको बताइएको छ।

प्रहरीको उच्च निगरानीमा तिब्बती शरणार्थी शिविर

दलाई लामाले विद्रोह गरेको दिन १० मार्चमा चीनविरोधी गतिविधि हुने सूचनापछि सरकारले बढायो निगरानी

टेकराज थामी/नयाँ पत्रिका

सरकारले देशका विभिन्न स्थानमा रहेका तिब्बती शरणार्थी शिविरमा निगरानी बढाएको छ। १० मार्च (२६ फागुन) मा शरणार्थीहरूले चीनविरोधी गतिविधि गर्ने सूचनापछि शरणार्थी शिविरमा निगरानी बढाइएको हो। नेपालस्थित चिनियाँ दूतावासले कूटनीतिक च्यानलमार्फत यसबारे नेपाल सरकारसँग चासो राखेको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआईजी दिनेश आचार्यले मुलुकभरका तिब्बती शरणार्थी शिविरमा प्रहरीको निगरानी बढाइएको बताए। 'तिब्बती शरणार्थी क्याम्पमा निगरानी बढाइएको छ। कुनै मुलुकको विरुद्ध कसैले पनि नेपाली भूमि प्रयोग गरी गतिविधि गर्न सक्दैन। त्यसप्रति नेपाल प्रहरी सचेत छ। नेपाल प्रहरीले यस्ता गतिविधिमा आवश्यक सुरक्षा सतर्कता अपनाउन सक्छ,' उनले भने।

देशका विभिन्न जिल्लामा रहेका १७ शिविरमा १५ हजार ५१४ तिब्बती शरणार्थी रहेको गृह मन्त्रालयको तथ्यांक छ। जसमध्ये सबैभन्दा धेरै शरणार्थी काठमाडौंमा छन्। काठमाडौं उपत्यकाका बौद्ध, जोरपाटी, स्वयम्भू, जाउलाखेल र फर्पिङमा शरणार्थीको शिविर छ। जहाँ पाँच हजारभन्दा धेरै शरणार्थी रहेको गृहको तथ्यांक छ। ती क्षेत्रमा चीन विरोधी गतिविधि हुने सूचनापछि सरकारले निगरानी बढाएको हो।



■ डिआइजी दिनेश आचार्य, प्रवक्ता, नेपाल प्रहरी

तिब्बती शरणार्थी क्याम्पमा निगरानी बढाइएको छ। कुनै पनि मुलुकविरुद्ध कसैले नेपाली भूमि प्रयोग गरी गतिविधि गर्न सक्दैन। त्यसप्रति नेपाल प्रहरी सचेत छ। नेपाल प्रहरीले यस्ता गतिविधिमा आवश्यक सुरक्षा सतर्कता अपनाउन सक्छ।

नेपालले एक चीन नीतिप्रति प्रतिबद्धता जनाउँदै आएको छ। प्रधानमन्त्री केपी ओलीको पछिल्लो चीन भ्रमण तथा पूर्वमाओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष रहेका परराष्ट्रमन्त्री/गृहमन्त्री नारायणकाजी श्रेष्ठको पछिल्लो चीन भ्रमणमा चिनियाँ पक्षलाई नेपाली भूमि चीनविरुद्ध दुरूपयोग नहुने आश्वस्त पारेपछि चीनले १४ वटा नेपाल-चीन परम्परागत नाका खोलेको थियो। किमाथांका नाकामा श्रेष्ठ पुगेर नाका खुलेको औपचारिक कार्यक्रममा सहभागी भएका थिए। तीन महिनाअघि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले पनि चिनियाँ समकक्षी वाङ् यीलाई यसबारे आश्वस्त पारेकी थिइन्।

चिनियाँ कम्युनिस्ट पार्टीले तिब्बत समायोजन गरेपछि तिब्बती धर्मगुरु दलाई लामाले १० मार्च १९५९ मा विद्रोह गरेका थिए। तर, विद्रोह सफल हुन सकेन। त्यसपछि लामा भेष बदलेर तिब्बतबाट भागेका थिए। भारतको हिमाञ्चलस्थित धर्मशालामा पुगेका उनी अहिले पनि सोही धर्मशालामा बस्दै आएका छन्।

निर्वासित तिब्बतीहरूले सोही दिनलाई आन्दोलन दिवसका रूपमा मनाउँदै आएका छन्। निर्वासित उनीहरूले विदेशी भूमिमै निर्वासित सरकार गठन गरेका छन्। उनीहरूले विदेशी भूमिमै। तिब्बत युथ कंग्रेस (टिवाइसी) र तिब्बती महिला एसोसिएसन (टिडब्लुए) नामका गैरसरकारी संस्था गठन गरेका छन्। सोही संस्थामार्फ उनीहरूले आत्मदाहलगायतका हिंसात्मक गतिविधि गर्दै आएका छन्।

२२ साउन ०७० मा ४० वर्षका तिब्बती नागरिकले बौद्ध स्तुपा अगाडि आत्मदाह गरेका थिए। २ फागुन ०७९ मा पनि स्तुपाअगाडि नै तिब्बती नागरिकले आत्मदाह गरेका थिए। दुवै घटनामा संलग्न तिब्बती शरणार्थीको उपचारका क्रममा मृत्यु भएको थियो। जसलाई पश्चिमा सञ्चारमाध्यमले महत्वका साथ प्रचारप्रसार गरेका थिए। त्यस्तै घटना हुन सक्ने भएपछि नेपाल प्रहरीले बौद्ध र जोरपाटी क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले तिब्बती शरणार्थी शिविरमा निगरानी बढाइएको बताए। '१० मार्चमा शिविरआसपासका क्षेत्रमा कुनै पनि अप्रिय गतिविधि नहोस् भनेर प्रहरी सचेत छ। मातहतका सबै शिविरमा प्रहरीको निगरानी छ। कुनै पनि अप्रिय गतिविधि रोक्न प्रहरी सक्षम छ,' उनले भने।

निर्वासित धर्मगुरु दलाई लामा शान्तिपूर्ण तवरले तिब्बती समस्या हल गर्न चाहन्छन्। तर, पूर्वराजबन्दीहरूबाट गठित गैरसरकारी संस्थाले भने हिंसात्मक तवरबाट मात्रै समस्या समाधान हुन सक्ने धारणा राख्दै आएको छ। टिवाइसीका नेपालसहित विश्वभर ८७ वटा क्षेत्रीय शाखा छन्। जसमध्ये नेपालमा चारवटा शाखा छन्। नेपालमा रहेका चारवटै शाखा हिंसात्मक गतिविधिको पक्षमा छन्। टिवाइसीका ४० हजार कार्यकर्ता छन्। तर, भारतमा रहेका आठवटा क्षेत्रीय शाखाले भने टिवाइसी केन्द्रको नीतिप्रति असहमति राख्दै लामाको नीतिको पक्षमा वकालत गरिरहेको छ।

१४ मार्च २००८ मा तिब्बतको ल्हासामा स्वतन्त्रताका पक्षमा उनीहरूले प्रदर्शन गरेका थिए। तर, चिनियाँ सरकारले आन्दोलनलाई नियन्त्रणमा लिने क्रममा १५ तिब्बतीको मृत्यु भएको थियो। त्यसको सम्झनामा पनि यसपालि नेपालमा कार्यक्रम गर्न लागेको सूचना पाएपछि सरकारले मार्च महिनाभर शरणार्थी गतिविधिमा कडाइ गर्न लागेको हो।

■ गिट्टी-बालुवा दोहनले कुरूप गुठीचौर



जुम्लामा मानदत्त रावल

अवैध गिट्टी-बालुवा उत्खननले पर्यटकीय क्षेत्र गुठीचौर उपत्यका कुरूप बन्दै गएको छ। गुठीचौरमा बग्ने खोलाबाट निर्माण व्यवसायीले तीव्र रूपमा गिट्टी-बालुवा उत्खनन गरेपछि उपत्यका संकटमा परेको हो। बालुवा गिट्टीको उत्खननपछि उपत्यकामा क्षयीकरण बढ्दै गएको छ। उपत्यकामा बर्खाको सिजनमा स्थानीयले गाईभैंसी राख्ने गरेका छन्। गुठीचौर स्थानीयका भेडा, घोडालगायतका पशुचौपाया चर्ने एक मात्र चरन क्षेत्र पनि हो। गुठीचौर गाउँपालिकाका अध्यक्ष दानबहादुर बुढाले गुठीचौर उपत्यकाको सुन्दरतालाई कुरूप बनाउने गरी भइरहेको अवैध उत्खननप्रति गम्भीर ध्यानाकर्षण भएको बताए।

जबर्जस्ती करणी आरोपमा सातजना पक्राउ

मकवानपुर/ किशोरीलाई जबर्जस्ती करणी गरेको आरोपमा प्रहरीले सातजनालाई पक्राउ गरेको छ। उनीहरूलाई हेटौंडाको विभिन्न स्थानबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। पक्राउ परेका आरोपितहरू १८ वर्षमुनिका रहेको भन्दै प्रहरीले उनीहरूको नाम, थर र ठेगाना गोप्य राखेको छ। पीडित युवतीले प्रहरी कार्यालयमा जाहेरी दिएपछि मात्रै घटना बाहिर आएको हो।

मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालका अनुसार घटना गत ६ माघमा हेटौंडा उपमहानगरपालिका-२ स्थित वनस्खण्डी मन्दिरनजिक जंगलमा भएको थियो। पीडित युवतीले घटनाबारे २१ फागुनमा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएकी थिइन्। उनले पीडितको जाहेरीका आधारमा अनुसन्धान गर्ने क्रममा बिहीबार पाँच र शुक्रबार दुई गरी सातजनालाई नियन्त्रणमा लिएको जानकारी दिए। '६ माघमा जंगलमा आफूमाथि जबर्जस्ती करणी भएको भन्दै एक किशोरीले दिएको जाहेरीका आधारमा सातजनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेका छौं,' प्रवक्ता अर्यालले भने। घटनामा अझै केही युवाको संलग्नता रहेको भन्ने बुझिएको र अनुसन्धान भइरहेको उनले बताए। आरोपित किशोरहरूविरुद्ध मकवानपुर जिल्ला अदालत हेटौंडाबाट जबर्जस्ती करणी कसुर मुद्दामा पाँच दिनको म्याद अनुमति लिई अनुसन्धान थालिएको उनको भनाइ छ।

सडक दुर्घटनामा परी पछिल्लो सात महिनामा लुम्बिनी प्रदेशमा ३०३ को मृत्यु

अव्यवस्थित सडक पूर्वाधार, चालकको लापरबाही, सचेतनाको कमीले दुर्घटना बढ्दो

बाँकेमा विश्वराज पछ्लङ्गया

चालू आर्थिक वर्षको साढे सात महिनामा लुम्बिनी प्रदेशमा सवारी दुर्घटनामा परी तीन सय तीनजनाले ज्यान गुमाएका छन्। चालू आवमा एक हजार २६३ वटा सवारी दुर्घटना भएकोमा एक हजार ९१८ जना घाइते भएको नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनी प्रदेशका प्रमुख प्रहरी उपरीक्षक (एसपी) श्यामबहादुर खत्रीले जानकारी दिए।

चालू आवको माघ महिनासम्म बाँकेमा भएको दुर्घटनामा ४७ जनाले ज्यान गुमाएको र ३१० जना घाइते भएको उनले बताए। लुम्बिनी प्रदेशमा फागुनमा मात्र २९ जनाले ज्यान गुमाएका छन्। गत आवमा लुम्बिनी प्रदेशमा सवारी दुर्घटनामा परी सयजना बालकालिकासहित तीन सय ९५ जनाले ज्यान गुमाएको उनको भनाइ छ। 'अव्यवस्थित सडक पूर्वाधार, चालकको लापरबाही, सचेतनाको कमीले दुर्घटना बढ्दो छ,' उनले भने।

नेपालगन्जमा आयोजित कार्यक्रममा एसपी खत्रीले एकजनाको लापरबाहीले दुर्घटना हुने र अकालमा ज्यान जाने तथा घाइते, अपांगता, अशक्त बन्नुपरिरहेको बताए। 'ट्राफिक प्रहरीले मात्र दुर्घटना न्यूनीकरण सम्भव छैन। सडक विभाग, ट्राफिक, चालक, पैदलयात्रु, विद्युत् प्राधिकरण, यातायात व्यवस्था कार्यालय, स्थानीय, प्रदेश र संघ सरकारको पनि उत्तिकै भूमिका रहन्छ,' उनले भने।

दुर्घटना न्यूनीकरण गर्न स्थानीय तहले अति व्यस्त चोक र सडकका आकासेपुल, ट्राफिक लाइट, छाडा पशुचौपायाको उचित व्यवस्थान गर्नुपर्ने उनको भनाइ छ। 'यातायात व्यवस्था कार्यालयले पुराना सवारीसाधन चेकजाँच गरी चलाउन बन्देज गर्ने हो भने पनि केही हदसम्म दुर्घटना न्यूनीकरण गर्न सकिन्छ,' एसपी खत्रीले भने, 'यात्रुहरूले पनि जेब्राक्रसिङ र आकासेपुलको प्रयोग गर्ने, बाटो काट्दा दायाँबायाँ हेरेर काट्ने, सकभर जेब्राक्रसिङबाट बाटो काट्ने, सवारीसाधनको गति हेर्ने, सवारीसाधनमा यात्रा गर्दा झुन्डिएर, छतमा बसेर यात्रा नगर्ने, सिटभन्दा बढी तथा कोचाकोच यात्रु नराख्ने हो भने पनि दुर्घटनाबाट जोगिन सकिन्छ।'

नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनी प्रदेशका प्रमुख **एसपी श्यामबहादुर खत्री भन्छन्**–

यातायात व्यवस्था कार्यालयले पुराना सवारीसाधन चेकजाँच गरी चलाउन बन्देज गर्ने हो भने पनि केही हदसम्म दुर्घटना न्यूनीकरण गर्न सकिन्छ। यात्रुहरूले पनि जेब्राक्रसिङ र आकासेपुलको प्रयोग गर्ने, बाटो काट्दा दायाँबायाँ हेरेर काट्ने, सकभर जेब्राक्रसिङबाट बाटो काट्ने, सवारीसाधनको गति हेर्ने, सवारीसाधनमा यात्रा गर्दा झुन्डिएर, छतमा बसेर यात्रा नगर्ने, सिटभन्दा बढी तथा कोचाकोच यात्रु नराख्ने हो भने पनि दुर्घटनाबाट जोगिन सकिन्छ।

विद्युत् प्राधिकरणले सडकको बिच भागमा रहेका पोल नहटाउँदा दुर्घटनाको जोखिम बढाएको उनको भनाइ छ। 'सम्बन्धित निकायले सडकमा सिसिक्यामेरा जडान गर्ने र सडक रेखा चुस्तदुरुस्त राख्ने, चालकले पनि बसस्टप भएको ठाउँमा मात्र गाडी रोक्ने, लेन अनुशासनको पालना गर्ने र तीव्र गतिमा गाडी नचलाउने हो भने दुर्घटना कम गर्न सकिन्छ,' उनले भने।

स्ववियुको ऐतिहासिक भूमिका र वर्तमान अवस्था

चुनौतीपूर्ण वर्तमान परिस्थितिमा नेपाली विद्यार्थी आन्दोलनको बलियो र जुझारु खम्बा स्ववियुको आवश्यकता पहिलेभन्दा बढी छ



● पञ्चा सिंह

अग्रलेख

स्ववियु निर्वाचन २०८१ को कार्यतालिका सार्वजनिक भइसकेको छ। त्रिविले जारी गरेको निर्वाचन कार्यविधि २०८१ का सन्दर्भमा विद्यार्थी संगठनबाट त्रिवि सिनेट र त्रिवि विद्यार्थी कल्याणमा प्रतिनिधित्व गर्ने सभापतिका विमतिसमेत निरुपण भइसकेको र संगठन दर्ता गर्ने काम पनि सम्पन्न भइसकेको अवस्थामा निर्वाचन निर्बाध रूपमा हुनेमा अब शंका बाँकी रहेन।

पृष्ठभूमि : नेपाली राजनीतिमा पञ्चायती व्यवस्थाको प्रादुर्भावपछि राजनीतिक दलहरू प्रतिबन्धित हुँदा समाजको एक सशक्त चेतनशील वर्ग मानिने विद्यार्थी संगठनलाई प्रतिकूल रूपमा प्रभावित गरेको पृष्ठभूमिमा स्ववियुको स्थापना भएको हो। विश्वभरका तानाशाहको चरित्र एवं प्रवृत्ति एकै हुन्छ। पञ्चायती शासकहरू पनि विद्यार्थीलाई कसरी आफ्नो कठपुतली बनाई सरकारी नियन्त्रणमा राख्ने भन्ने चिन्तामा देखिन्थे। उनीहरू सकभर विद्यार्थीलाई नियन्त्रणमा लिने र नसके विद्यार्थी शक्तिलाई विखण्डित गराई विद्यार्थी शक्तिका प्रभावलाई गलत दिशामा मोड्न अहोरात्र प्रयासरत थिए।

१ पुस, ०१७ को फौजी काण्डले सम्पूर्ण राजनीतिक दलमा संवैधानिक प्रतिबन्ध लगाएको घोषणा भए पनि विद्यार्थी संगठनलाई प्रतिबन्ध लगाएको घोषणा गरिएको थिएन। नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेसन वामपन्थी विद्यार्थी संगठन र नेछासं नेपाली कांग्रेस समर्थक अधिकांश विद्यार्थी नेता जेल परेका र अन्य विद्यार्थी संगठन निष्क्रिय रहेकाले पञ्चायती शासकले विद्यार्थी संघ-संगठन पनि प्रतिन्धित भएको घोषणा गरे।

कसरी संघसंस्थालाई पञ्चायतको नियन्त्रणमा लिई व्यवस्थाविरोधी गतिविधि गर्नमा रोक लगाउने भन्ने उद्देश्यले 'राष्ट्रिय निर्देशन ऐन' तर्जुमा गरियो। अब राष्ट्रिय निर्देशन ऐनअनुसार सरकारको पूर्ण जानकारी र निगरानीमा जम्मा सात किसिमका मात्र वर्गीय संगठनको गठन गर्न पाइने बनाइयो। ती संगठनमध्ये विद्यार्थी संगठन एक थियो।

संगठनका गतिविधिलाई नियन्त्रण गर्न एक छुट्टै राष्ट्रिय निर्देशन मन्त्रालयसमेत स्थापना भयो। संघसंगठन स्वतन्त्र रूपले खोल्न वा सञ्चालन गर्न पूर्णतः निषेधित गरियो। त्यसरी कुनै पनि संघसंगठनको आफ्नो वर्गीय हितलाई स्वतन्त्र एवं निष्पक्ष भई कार्य सञ्चालन गर्न पाउने नैसर्गिक अधिकारलाई पनि कुण्ठित गरी सरकारबाट निर्देशन ऐनको साङ्लोले मानव स्वतन्त्रताको पखेटालाई बाँध्न खोजियो। पञ्चायती व्यवस्थाको संरचनाबाटै राष्ट्रिय निर्देशन ऐनजस्ता कानुनको सुनियोजित षड्यन्त्रका माखे तानाबाना बुनिँदै गए।

पञ्चायती कानुनहरूको जोडदार विरोधमा अरू सबै वर्गभन्दा सशक्त रूपमा ती जुझारु विद्यार्थी नै अग्रपंक्तिमा आए। यही बिन्दुदेखि नेपाली विद्यार्थी आन्दोलनको गौरवमय इतिहासमा नयाँ पृष्ठभूमिबाटै नवीन क्रान्तिकारी अध्याय थालनी भयो। यसपछिको विद्यार्थी आन्दोलन नेपाली युवा विद्यार्थीको गौरवपूर्ण संघर्षले भरिपूर्ण छ। त्यही निर्देशन ऐनविरुद्ध विद्यार्थीले ऐक्यबद्धता देखाउँदै स्वतस्फूर्त रूपले चलेको विद्यार्थी आन्दोलन नै 'स्वतन्त्र विद्यार्थी आन्दोलन'का नामले प्रख्यात छ।

वामपन्थी विद्यार्थीले 'अनेरास्ववियु'को स्थापना गरे भने प्रजातन्त्रवादी विद्यार्थी अलग-अलग संगठन हुनुपूर्व एउटै स्वतन्त्र विद्यार्थी आन्दोलनको परिभाषाभित्र रहेर पञ्चायती व्यवस्थाविरुद्ध लडेको इतिहास छ। समष्टिमा २०१७ देखि ०२६ सालसम्मको विद्यार्थी आदोलनको अवधि स्वतन्त्र विद्यार्थी आन्दोलन थियो, जसले स्ववियु स्थापना र कार्यान्वयनको बलियो जग स्थापना गर्‍यो।

अहिले समयमै स्ववियु निर्वाचन सम्पन्न गर्न सर्वप्रथम विद्यार्थी संगठन र त्यसपछि त्रिवि प्रशासन इमानदार हुन जरुरी छ। त्यसैले, आगामी ५ चैतका लागि तोकिएको स्ववियु निर्वाचन सम्पन्न गर्न थप इमानदार र प्रतिबद्ध रहनुको विकल्प छैन। तर, सत्ताको चरम दुरुपयोग र स्ववियु 'सेबोटेज' गर्ने खतराप्रति सचेत रहँदै खबरदारी गरी स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित स्ववियु निर्वाचन सम्पन्न गराउन परिवर्तनप्रेमी विद्यार्थीले पहरेदारी गर्नु जरुरी छ।

स्ववियुको आवश्यकता : नेपाली विद्यार्थी आन्दोलनको वर्तमान परिस्थितिमा धेरै चुनौती छन्, जसले बलियो स्ववियुको आवश्यकतालाई पहिलेभन्दा बढी जरुरी बनाएको छ। विश्वविद्यालयमा हुँदै आएको राजनीतिक हस्तक्षेप, शिक्षाको व्यापारीकरण र विद्यार्थी आवाजको सीमान्तीकरणलगायत मुद्दा मुख्य छन्। आज विद्यार्थी आन्दोलनले सामना गरिरहेको सबैभन्दा महत्त्वपूर्ण मुद्दामध्ये विश्वविद्यालयभित्र मौलाउँदो राजनीतिकरण हो। हालका वर्षमा भएका प्राज्ञिक नियुक्ति राजनीतिक दलबाट धेरै प्रभावित हुने गरेको देखिन्छ। स्वतन्त्र, निष्पक्ष र राजनीतिक पूर्वाग्रहरहित प्राज्ञिक सेवा विद्यार्थीको चाहना भए पनि विश्वविद्यालयजस्तो गरिमामय संस्थाको नेतृत्व एउटा पार्टीको दायराबाट माथि उठ्न सकेको अवस्था छैन। नेपालजस्तो देशमा, जहाँ शिक्षा प्रणालीले अपर्याप्त पूर्वाधार, स्रोतसाधनको अभाव र विश्वविद्यालयमा राजनीतिक हस्तक्षेपलगायत असंख्य चुनौतीको सामना गरिरहेको छ, त्यहीँका विश्वविद्यालय ज्ञान, अनुसन्धान र रोजगारको केन्द्र हुनुपर्नेमा राजनीतिक भागबन्डाको केन्द्र बनिरहेको समयमा यसलाई बदल्न स्ववियुले सरकार र शैक्षिक संस्थाहरूलाई जवाफदेही बनाउन आवश्यक छ।



माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको तत्कालीन सरकारले विश्वविद्यालयमा लिएको मेरिटोक्रेसिको नीतिसमेत पछिल्लो केपी शर्मा ओली नेतृत्वको सरकारले कार्यान्वयन गरिरहेको छैन। यस्ता व्यवहार र कार्यशैलीले विद्यार्थीमा व्यापक वितृष्णा पैदा गरिरहेको छ। यी सीमा अन्त्य गर्न स्ववियुको गरिमा कायम राख्दै वर्तमान परिस्थितिमा सही नेतृत्व प्रदान गर्न, विश्वविद्यालयलाई सही दिशा दिन पनि स्ववियुको आवश्यकता त्यत्तिकै छ।

शिक्षाको व्यापारीकरण विद्यार्थी आन्दोलनले सामना गरिरहेको अर्को प्रमुख चुनौती हो। नेपालमा शिक्षा क्षेत्र बढ्दो रूपमा व्यापारिक केन्द्र बनेको छ, निजी शैक्षिक संस्थाले अत्यधिक शुल्क लिने र गुणस्तरीय शिक्षाभन्दा पनि नाफालाई प्राथमिकता दिने भएकाले यसले कम आय भएका पृष्ठभूमिका विद्यार्थीलाई सीमान्तकृत गरेको छ। सबैका लागि निःशुल्क, गुणस्तरीय र पहुँचयोग्य शिक्षाको वकालत गर्न र निजी शिक्षाको नियमन र खबरदारी गर्नकै लागि पनि स्ववियुको खाँचो छ।

यसबाहेक, निर्णय प्रक्रियामा विद्यार्थी आवाजको सीमान्तीकरण अर्को महत्त्वपूर्ण मुद्दा हो। धेरै अवस्थामा, विद्यार्थीलाई उनीहरूको शिक्षा र भविष्यलाई प्रत्यक्ष रूपमा असर गर्ने छलफल र निर्णयबाट बञ्चित गरिन्छ। यी मामिलामा विद्यार्थीको आफ्नो अधिकार सुनिश्चित गर्न र नीति-निर्माता र शैक्षिक संस्थालाई विद्यार्थीप्रति जवाफदेही र उत्तरदायी बनाउँदै सर्वसुलभ शिक्षामा विद्यार्थीको पहुँच सुनिश्चितता गर्नुपर्नेछ।

यी चुनौतीका अतिरिक्त नेपालको वर्तमान राजनीति अस्थिरता र अनिश्चितताले ग्रस्त छ। हालैका वर्षमा देशले संघीय शासन प्रणालीको स्थापना र नयाँ संविधान अपनाउनेजस्ता महत्त्वपूर्ण राजनीतिक परिवर्तन सुनिश्चित गरेको छ, जसमा शैक्षिक अधिकारलाई संविधानमै मौलिक अधिकारका रूपमा सूचीबद्ध गरेको छ। जसको कार्यान्वयन पनि विद्यार्थी संघसंगठनको प्रमुख दायित्व हो। यी परिवर्तनले विद्यार्थी आन्दोलनका लागि अवसर र चुनौती दुवै सिर्जना गरेका छन्। राजनीतिक प्रक्रियामा विद्यार्थी सीमान्तकृत नहोऊन् र नीति-निर्माताले तिनका चासोलाई सम्बोधन गरून् भन्ने कुरा सुनिश्चित गर्न स्ववियुले भूमिका निर्वाह गर्नुपर्नेछ। जसले सबै विद्यार्थीको हितलाई प्रभावकारी रूपमा प्रतिनिधित्व गर्न सकोस्।

> सत्ताको चरम दुरुपयोग र स्ववियुकै 'सेबोटेज' गर्ने खतराप्रति सचेत रहँदै खबरदारी गरी स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित स्ववियु निर्वाचन सम्पन्न गराउन परिवर्तनप्रेमी विद्यार्थीले पहरेदारी गर्नु जरुरी छ

स्ववियु निर्वाचनको महत्त्व : स्ववियु धेरै कारणले महत्त्वपूर्ण छ। स्ववियुले विद्यार्थीको राजनीतिक सामाजिकीकरणमा योगदान पुर्‍याउँछ। विद्यार्थी संगठनमा संलग्न भएपछि युवा विद्यार्थी लोकतान्त्रिक प्रक्रिया, नेतृत्व र सामूहिक कार्यको महत्त्वबारे अभ्यस्त हुन्छन्। यो राजनीतिक शिक्षा लोकतान्त्रिक समाज विकासका लागि र राजनीतिमा नयाँ पुस्ताको आगमनका लागि पनि निकै महत्त्वको छ। यसले राजनीतिक प्रक्रियामा भाग लिन सक्षम हुने परिपक्व र योग्य नेतृत्व निर्माणमा मद्दत गर्छ। त्यसैले, स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई राजनीतिक रूपमा मिनी जनमतसंग्रहका रूपमा परिभाषित गरिएको छ। जसबाट प्रमुख दलको नयाँ पुस्तामा प्रभाव र जनमतको अवस्था कस्तो रहेको छ भन्ने निष्कर्षसमेत निकाल्ने गरिन्छ। साथै, स्ववियुलाई भविष्यमा शासन सत्ताको बागडोर सम्हाल्ने नेता उत्पादनको नर्सरीका रूपमा पनि लिइन्छ। नयाँ सन्दर्भ र परिस्थितिमा यसको झनै महत्त्व बढिरहेको छ।

नेपालका सामाजिक र राजनीतिक आन्दोलनका पछाडि एक प्रेरक शक्तिका रूपमा स्ववियु रहेको छ। विद्यार्थी संगठनले लोकतन्त्र, सामाजिक न्याय, मानव अधिकार र शैक्षिक परिवर्तनको वकालत गर्न प्रमुख भूमिका खेल्दै आएका छन्। परिवर्तनशील विद्यार्थी अधिनायकवादी शासन, भ्रष्टाचार र असमानताविरुद्ध विरोधको अग्रपंक्तिमा रहेको इतिहास छ। यस अर्थमा, स्ववियु केवल एक विद्यार्थीको साझा संस्था मात्र होइन, यो नेपालको आमूल परिवर्तनको एक महत्त्वपूर्ण नेतृत्वदायी अंग हो।

वर्तमान अवस्थामा पनि स्ववियुको महत्त्व झनै बढेको छ, किनभने यसले विद्यार्थीलाई आलोचनात्मक चेत र बहसमा संलग्न हुने प्लेटफर्म प्रदान गरिरहेको छ। द्रुत गतिमा परिवर्तन भइरहेको विश्वमा विश्वव्यापी प्रभावको सामना गर्नु चुनौतीपूर्ण बन्दै गएको छ। यस्तोमा स्ववियुले विद्यार्थीलाई उनीहरूको जीवन र देशलाई असर गर्ने मुद्दामा छलफल र विश्लेषण गर्ने प्लेटफर्म प्रदान गरिरहेको छ। यो बौद्धिक संलग्नता जीवन्त र गतिशील समाज विकासका लागि महत्त्वपूर्ण छ।

निष्कर्ष : नेपालमा स्ववियुको गौरवशाली र ऐतिहासिक इतिहास छ। यसले देशको राजनीतिक र शैक्षिक परिदृश्यलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। शैक्षिक सुधारका लागि प्लेटफर्मका रूपमा प्रारम्भिक दिनदेखि नै व्यापक सामाजिक र राजनीतिक आन्दोलनमा यसको सशक्त संलग्नता छ। स्ववियु परिवर्तनका लागि एक शक्तिशाली केन्द्रका रूपमा स्थापित भएको छ। वर्तमान सन्दर्भमा नेपाली विद्यार्थी आन्दोलनले असंख्य चुनौतीको सामना गर्नकै लागि पनि बलियो र स्वतन्त्र स्ववियुको आवश्यकता पहिलेभन्दा बढी छ। स्ववियुले विद्यार्थीलाई आफ्ना चिन्ता व्यक्त गर्न, आफ्ना अधिकारका लागि वकालत गर्न र राजनीतिक सामाजिकीकरणमा संलग्न हुन प्लेटफर्म प्रदान गरिरहेको छ। यो नेपालको राजनीतिक र शैक्षिक परिवर्तनको एक महत्त्वपूर्ण अंग पनि हो, जसले लोकतन्त्र, सामाजिक न्याय, शैक्षिक परिवर्तन र मानव अधिकारका लागि व्यापक संघर्षमा योगदान पुर्‍याउँछ। राजनीतिक हस्तक्षेप, शिक्षाको व्यापारीकरण र विद्यार्थी आवाजको सीमान्तीकरणको सामना गर्दै, स्ववियुले विद्यार्थीको अधिकार र हितका लागि लडिरहनुपर्छ।

नेपालले आफ्नो जटिल राजनीतिक परिदृश्यमा निरन्तर परिस्कृत गर्दै जाँदा स्ववियु विद्यार्थीको सशक्तीकरण र लोकतान्त्रिक मूल्यको प्रवर्द्धनका लागि एक आवश्यक संस्था रहनेछ। विद्यार्थी संगठनहरूको सामूहिक कार्यमार्फत नै युवाको आवाज सुन्न सकिन्छ र अर्थपूर्ण परिवर्तन हासिल गर्न सकिन्छ। स्ववियु केवल एक विद्यार्थी संगठन मात्र होइन, यो सबै नेपालीका लागि उज्ज्वल र अधिक समतामूलक भविष्यका लागि आशाको किरण हो। यसका लागि नियमित र समयभित्रै स्ववियु निर्वाचन सम्पन्न गर्न र स्ववियुलाई वास्तविक साझा संस्थाका रूपमा अभ्यास गर्दै राजनीतिक हस्तक्षेपमुक्त विश्वविद्यालय निर्माण, शैक्षिक निजीकरणविरुद्ध सशक्त आन्दोलनको नेतृत्व र राजनीतिमा युवापुस्ताको हस्तक्षेपकारी भूमिकाका लागि यसलाई अझ विकसित र परिमार्जित गर्न स्ववियु सतिसालझैं उभिएको छ। र, भोलि पनि उभिइरहनेछ।

(सिंह अखिल क्रान्तिकारीकी पूर्वअध्यक्ष हुन्)

---

३ प्रश्न

नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष **गुरुराज घिमिरे**लाई



विद्यार्थी संगठनको ब्यानरमुनि शैक्षिक संस्थामा तोडफोड किन भइरहन्छ ?

पछिल्लो समयमा नेपाली विद्यार्थी आन्दोलनले आफ्नो मूल चरित्र गुमाएको छ। राजनीतिक परिवर्तनका लागि गरिने आन्दोलनहरूमा सहभागी हुनु, आन्दोलनलाई हाँक्नु, त्यसका लागि विद्यार्थी जनमत तयार गर्नु अवपादको विषय हो। यो जरुरी पनि हुन्छ। तर, यसबाहेक विद्यार्थी आन्दोलनले जहिल्यै सामुदायिक हित र विद्यार्थीका शैक्षिक उन्नयनका लागि काम गर्नुपर्छ। कुनै पनि बहानामा शैक्षिक संस्थामा तोडफोड गर्ने, शैक्षिक गतिविधिमा अवरोध पुर्‍याउने जस्ता गतिविधिमा विद्यार्थी संलग्न हुनु दुःखको विषय हो।

यस्ता घटनामा विद्यार्थी संगठनले मलजल गरिरहेका त छैनन् ?

विद्यार्थी संगठनको हिँड्ने आफ्नै बाटो हुन्छ। भद्र, शान्तिपूर्ण र प्राज्ञिक बाटो नै विद्यार्थी संगठनको मूल मार्ग हो। तर, अहिलेका विद्यार्थी संगठन यो बाटोभन्दा बाहिरैबाट हिँडिरहेका छन्। यो हाम्रो शिक्षा क्षेत्रमा भइरहेको अति राजनीतिकरणको 'बाइप्रोडक्ट' हो। जब राजनीतिक दल र विद्यार्थी संगठनहरूले आफ्नो मूलबाटो बिर्सिन्छन्, तब विद्यार्थीले चाहिँ कसरी सही बाटो समातून् ?

शैक्षिक संस्थामा यस्ता गतिविधि रोक्न सकिन्न ?

विद्यालयलाई त हामीले उहिल्यै शान्तिक्षेत्र घोषणा गरेकै हौं। विद्यालयसँगै सम्पूर्ण शैक्षिक संस्थामा पनि शान्तिपूर्ण गतिविधि नै हुनुपर्ने हो। किनकि, शिक्षण संस्था भनेका देशको दिशा निर्धारण गर्ने संस्था हुन्। तिनै संस्थामा खलबली मच्चाउने र आफ्नो धर्मबाट च्युत हुने राजनीतिक बाटो विद्यार्थी संगठन र स्वयं राजनीतिक दलहरूले पनि बदल्नैपर्छ। यस्ता गतिविधिमा सुधार भएन भने समग्र शैक्षिक संस्थाकै भविष्य अन्योलपूर्ण बन्न सक्छ।

प्रेरक प्रसंग

अहिलेचाहिँ म के गरिरहेको छु त ?

एकपटक इटलीका एक व्यापारीले आफ्नो व्यस्त दैनिकीको तनावबाट छोटो फुर्सद लिएर समुद्री किनारामा डुल्दै गर्दा एउटा सानो डुंगामा केही माछा मारेर फर्किँदै गरेको माझीलाई देखे। व्यापारीले माझीलाई सोधे- तिमीलाई यति थोरै माछा समात्न कति समय लाग्छ ? माझीले जवाफ दिए- खासै लामो समय लाग्दैन।



व्यापारीले पुनः प्रश्न गरे- अनि तिमी किन थप माछा समात्न प्रयास गर्दैनौ त ?

माझीले प्रतिप्रश्न गरे- थप माछा किन समात्ने ? मेरो सम्पूर्ण परिवारलाई खुवाउन यति नै पर्याप्त छ। अझ यसैबाट म मेरा छिमेकीलाई खुवाउन पनि सक्छु। व्यापारीले पुनः प्रश्न गरे- त्यसो भए तिमी बाँकी समय के गर्छौ ?

माझीले जवाफ दिए- बिहान माछा समातिसकेपछि म घर फर्किन्छु। श्रीमतीलाई अँगालेर चुम्बन गर्छु। बच्चाहरूसँग खेल्छु। दिउँसो एकछिन सुत्छु र उठेपछि केही समय पढ्छु। साँझमा, साथीहरूसँग गितार बजाउन, गाउन र नाच्न जान्छु।

व्यापारीले भने- मैले व्यवसायमा पिएचडी गरेको छु। म तिमीलाई सफल हुन मद्दत गर्न सक्छु। अबदेखि तिमी समुद्रमा लामो समय बिताऊ र सकेसम्म धेरै माछा समात। त्यसबाट तिमीले पर्याप्त रकम बचत गर्न सक्छौ। त्यसपछि थप माछा सामात्न ठुलो डुंगा किन। त्यसबाट थप डुंगा किन्न र कम्पनी स्थापना गर्न समर्थ हुनेछौ। अनि, तिमी आफ्नो व्यवसायलाई ठुला सहरमा पनि विस्तार गर्न सक्नेछौ।

माझीले प्रश्न गरे- अनि त्यसपछि ?

व्यापारीले हाँस्दै भने- त्यसपछि तिमी राजाजस्तै जीवन बाँच्न सक्नेछौ। आफ्नो कम्पनीलाई जनतामाझ लगेर सेयर बेचेर थप धनी बन्न सक्नेछौ।

माझीले पुनः प्रश्न गरे- त्यसपछि ?

त्यसपछि, तिमी व्यवसायबाट अवकाश लिएर समुद्रको किनारमा घुम्न सक्छौ। बिहान सबेरै उठेर माछा मार्न सक्छौ। आफ्ना बालबालिकासँग खेल्न सक्छौ। श्रीमतीसँग रमाइलो समय बिताउन सक्छौ। दिउँसो सुतेर आराम गर्न सक्छौ। राति आफ्ना साथीहरूसँग रमाइलो गर्न सक्छौ। छक्क पर्दै माझीले प्रश्न गरे- अनि अहिलेचाहिँ म के गरिरहेको छु त ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

संविधान संशोधन नगर्ने दाउ

शुक्रबार फेरि पनि प्रधानमन्त्री ओलीले संविधान संशोधन ख्यालठट्टाको विषय नभएको भन्दै ख्यालख्यालमै संशोधन गर्न नसकिने बताएका छन्। शुक्रबार कर्णाली प्रदेश संसद्लाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो धारणा सार्वजनिक गरेका हुन्। यसअघि पनि उनले २०८७ अघि संविधान संशोधन गर्न सकिन्न भनेका थिए, जसलाई लिएर कांग्रेस नेताहरूले तीव्र असन्तुष्टि जनाएका थिए।

सातबुँदे सहमतिको पहिलो बुँदामै संविधानमा भएका कमी-कमजोरी हटाउन संविधान संशोधन गर्ने भनिएको थियो। पहिलो र दोस्रो ठुलो दलको सरकार केका लागि भन्ने प्रश्नको उत्तरमा सो बुँदालाई पहिलो नम्बरमा राखिएको थियो। तर, बुँदा नम्बर १ मै प्रधानमन्त्री ओलीले बारम्बार संविधान संशोधन गर्न सकिन्न भनेर कांग्रेसलाई चुनौती दिइरहेका छन्। जबकि संयुक्त सरकार गठन नै त्यही बुँदामा टेकेर भएको हो। अन्यथा, संसारको कुनै पनि कुनामा संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार बनाउने चलन थिएन, छैन। तर जे गर्नु हुँदैन, त्यही गरिन्छ नेपालमा। र त सरकार गठनका लागि दुई ठुला पार्टी मिले। त्यसका लागि कांग्रेस र एमालेले संविधान संशोधनको नारा दिए। जुन केवल भ्रम र मिथ्या रहेछ भन्ने तथ्य प्रधानमन्त्री ओलीले आफ्नै पार्टीको केन्द्रीय समिति बैठकमा दिएका सार्वजनिक अभिव्यक्तिले पुष्टि गरेको छ। यसरी जनतालाई कहिलेसम्म झुक्याइरहने हो प्रधानमन्त्रीज्यू ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

प्रधानमन्त्रीको 'राजा' बन्ने रहर

प्रधानमन्त्री केपी ओली प्रदेश सभालाई सम्बोधन गर्न सुर्खेत पुग्दा उनको 'सवारी' चलाउन सर्वसाधारणलाई यातना दिएर सडक खाली गराइएको समाचार पढ्दा हिजो गणतन्त्रका लागि बेकारमा लडिएछ भनेर दुःख लाग्यो। के एउटा राजालाई नारायणहिटीबाट हटाएर अन्य सयौं राजालाई सिंहदरबारको 'सिंहासन'मा बसाउनकै लागि हामीले त्यत्रो ठुलो बलिदानी संघर्ष गरेका थियौं हो ? नत्र, हिजोसम्म जनताकै घरमा लुकेर सेल्टर लिने नेताहरू आज राजा बन्न किन यसरी हतारिँदै छन् हँ ?

● **गौरिका कार्की**
लामबगर, काठमाडौं

विद्यार्थीको अशोभनीय हर्कत

विद्यार्थीहरूको समूहले त्रिभुवन विश्वविद्यालयका रेक्टर र डिनको कार्यकक्षमा तोडफोड गरेको समाचार पढियो। यसरी राष्ट्रको सम्पत्तिमा क्षति पुर्‍याउने तथा शिक्षाको मन्दिरमा राजनीति घुसाएर गुन्डागर्दी गर्ने व्यक्ति किमार्थ विद्यार्थी हुन सक्दैनन्। तिनीहरू त अराजक तथा अनुशासनहीन जत्था मात्र हुन्। हो, विद्यार्थीका असन्तुष्टि हुन सक्छन्। तिनले आफ्ना माग पूरा गर्न दबाब दिन पनि सक्छन्। तर, विद्यार्थीले यसरी गुन्डागर्दीमा उत्रेर तोडफोड गर्नुचाहिँ स्वीकार्य हुँदैन।

● **लक्ष्मी महर्जन**
कीर्तिपुर, काठमाडौं

भूलसुधार

२३ फागुनको नयाँ पत्रिकामा 'बक्यौता उठाउन रोकेको सरकारले बक्यौता नउठाएको भन्दै कुलमानलाई सोध्यो स्पष्टीकरण' शीर्षकमा प्रकाशित समाचारमा ऊर्जामन्त्री दीपक खड्काको योजनाअनुसार कुलमान घिसिङको कार्यसम्पादन मूल्यांकनका लागि गठित कार्यदलका सदस्यमा ऊर्जा मन्त्रालयको कानुन तथा फैसला कार्यान्वयन महाशाखाका सहसचिव जंगबहादुर डाँगी पनि रहेको उल्लेख थियो। तर, डाँगीले कार्यसम्पादन मूल्यांकनमा आफू संलग्न नरहेको दाबी गरेका छन्। समाचारमा उहाँको नाम र तस्बिर प्रकाशित हुन गएकाले भूलसुधार गर्दै क्षमायाचना गर्दछौं।

- सम्पादक

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

क्रिकेटमा भारतीय दादागिरीको अन्त्य अपरिहार्य

क्रिकेटमा भारतको रबैया विश्व व्यवस्थाको ट्रम्पशासित अमेरिकासँग मिल्दोजुल्दो छ



देश/विदेश

● लरेन्स बुथ

अघिल्लो साताको आइतबार बिहान ९:३० बजे इंग्ल्यान्डलाई पराजित गरेको भोलिपल्ट दक्षिण अफ्रिकी टोलीले कराची छोड्दै मध्याह्नमा दुबईका लागि उडान भर्‍यो र दिउँसो ३ बजे त्यहाँको होटेलमा पुग्यो। त्यसको १७ घण्टा नबित्दै 'चेकआउट' गरी स्थानीय समयअनुसार बिहान ११ बजे लाहोर पुग्यो। क्रिकेटमा हुने सामान्य यात्रा आफ्नो ठाउँमा छ, तर भारतको प्रभावका कारण अन्य टोलीलाई अत्यधिक झन्झटिलो यात्रा गर्न बाध्य बनाइएको छ। वास्तवमा सन् २०२५ को च्याम्पियन्स ट्रफी अत्यधिक थकाउने र अनावश्यक तालिकायुक्त थियो, जसलाई कुनै पनि अन्तर्राष्ट्रिय खेलकुदले स्विकार्न सक्दैन।

आइसिसीले पाकिस्तानलाई तीन वर्षअघि आयोजक हुनयोग्य घोषणा गरे पनि भारतले पाकिस्तानमा खेल्न अस्वीकार गर्दै आएको छ। यसले क्रिकेटमा भारतको प्रभाव स्पष्ट रूपमा देखिन्छ। 'पाखण्डी' तालिका भनेर विश्वभरका क्रिकेटप्रेमीले आलोचना गरेको, तर औपचारिक रूपमा 'हाइब्रिड' भनिएको च्याम्पियन्स ट्रफीभरि भारत दुबईमै रह्यो। भारतको सेमिफाइनल प्रतिद्वन्द्वी पक्का नभएकाले दक्षिण अफ्रिका त्यसका लागि तयारी गर्न दुबई जान बाध्य भयो। भारतले न्युजिल्यान्डलाई हराएपछि दक्षिण अफ्रिकाले लाहोर फर्केर बुधबार न्युजिल्यान्डविरुद्ध खेल्नुपर्‍यो। यसलाई लिएर टिकाटिप्पणी र आलोचना भए, तर आजकाल क्रिकेटमा तर्कको महत्त्व देखिँदैन।

भारतले क्रिकेटमा प्रभुत्व जमाएको छ, अर्थात् क्रिकेटमा भारतको रबैया विश्व व्यवस्थाको ट्रम्प शासित अमेरिकासँग मिल्दोजुल्दो छ। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले विश्व क्रिकेटका लागि कुल आम्दानीको ७५ देखि ८५ प्रतिशतसम्म योगदान गर्ने भएकाले अन्य मुलुकका क्रिकेट बोर्ड बिसिसिआईका हरेक कदमप्रति आभारी रहन बाध्य छन्। केही हदसम्म कृतज्ञ हुनु उचित भए पनि हरेक सर्त मान्नेस्तरको कृतज्ञताका कारण वास्तवमा भय र कायरता हो, किनभने भारतलाई असन्तुष्ट पार्नाले कस्तो परिणाम निम्तिन्छ, कसैलाई थाहा छैन। भारतको क्रिकेटमा बढ्दो प्रभुत्वले खेलतालिका र निर्णयलाई सम्भावित विवाद टार्ने हिसाबले ढालिएको छ। यो असन्तुलन यति गहिरो बनेको छ कि अब प्रश्नसमेत उठ्दैन।

वास्तवमा भारतका लागि एक नियम अरूका भिन्न नियम लागू भएको देखिन्छ। सन् २०२१ मा आसन्न आइपिएलमा कोभिड जोखिम टार्न भारतले अन्तिम समयमा ओल्ड ट्राफोर्डमा हुने पाँचौं टेस्ट एकतर्फी रूपमा रद्द गर्‍यो र यो अव्यवस्थाका लागि बिसिसिआईले क्षमा माग्नसमेत आवश्यक ठानेन। सन् २०२३ मा भारतले आइसिसीका स्वतन्त्र पिच निरीक्षक एन्डी एटकिन्सनको निर्णयलाई उल्ट्याउँदै मुम्बईमा न्युजिल्यान्डसँग आफूअनुकूल पिचलाई विश्वकप सेमिफाइनलका लागि प्रयोग गर्‍यो। यसबारे मैले गरेको 'मेल स्पोर्ट'को 'रिपोर्ट'लाई सहजै अनदेखा गरियो किनभने कि दुवै पक्षका लागि यसमा निष्क्रियता फाइदाजनक थियो। पहिलो आइसिसी, जसले आफ्नो नियन्त्रण गुमाइसकेको थियो, उसले यसलाई केही होइन भनेझैँ गर्‍यो र दोस्रो बिसिसिआईलाई केही फरक परेन किनभने मिडियाले भारतको आलोचना नगर्ने निर्णय गर्दै यसलाई बेवास्ता गर्‍यो। गत वर्ष भारतलाई पहिल्यै थाहा थियो कि उसले आफ्नो टी-२० विश्वकप सेमिफाइनल गयानामा खेल्नेछ। नतिजा विपक्षी समर्थकलाई खेलयात्राको योजना बनाउन कठिन बनायो र भारतलाई तयारी गर्न रणनीतिक फाइदा दियो। यसैबिच मेलबर्नको बक्सिङ डे टेस्टमा विराट कोहलीले किशोर अस्ट्रेलियाली खेलाडी स्याम कन्स्टासमाथि गरिएका अपमानजनक सोल्डर चार्ज (काँधको धक्का)का लागि जिम्बाब्वेका



तस्बिर : गेटी इमेजेस

म्याच रेफरी एन्डी पाइकक्रोफ्टले २० प्रतिशत म्याच शुल्क जरिवानाको नाम मात्रको सजाय दिए, तर कोहलीले उल्टै कन्स्टासमाथि दोष लगाउने प्रयास गरे। यही जनवरीमा भारतीय म्याच रेफ्री जावागल श्रीनाथले इंग्ल्यान्डको टी-२० खेलमा ब्याट्सम्यान शिवम दुबेको स्थानमा तीव्र गतिका बलर हर्षित रानालाई कनकसन सब्स्टिच्युट (खेलका क्रममा खेलाडी घाइते हुँदा सो खेलाडीका सट्टा समान भूमिकाका खेलाडी खेलाउन पाउने) नियमअनुसार खेल्न अनुमति दिए। र, सो खेलमा हर्षितले तीन विकेट लिए। भारतको १५ रनको विजयमा निर्णायक भूमिका खेलेपछि भारतकै सामाजिक मिडियाका समर्थक पनि लज्जित भए। र, अहिले हामीले च्याम्पियन्स ट्रफीमा पनि यस्तै धाँधली र बदमासी देखिरहेका छौं। यी घटनालाई अलग-अलग रूपमा हेर्ने हो भने यिनलाई एक अपवादका रूपमा अस्वीकृत गर्न सकिएला, तर सबैलाई एकै ठाउँमा ल्याउने हो भने यसले क्रिकेटमा भारतको बढ्दो प्रभुत्व र त्यसले उत्पन्न गरेको असमानता झल्काइरहेको छ।

यस्तो किसिमको पक्षपात र विकृतिलाई इंगित गर्नु भारतका विशाल अनलाइन ट्रोलको समूह र प्रभावशाली टिप्पणीकारको गालीगलौज र तुच्छ टिप्पणी झेल्नु हो। यसैक्रममा इंग्ल्यान्डका पूर्वखेलाडीद्वय नासेर हुसैन र माइक एथर्टनले भारतका लागि मात्रै दुबईको एउटै स्टेडियममा खेल्ने सुविधा र अन्यलाई दुबई र पाकिस्तान दुवैमा खेल्नुपरेको भन्दै भारतले अवाञ्छित लाभ पाएको टिप्पणी गरे। जवाफमा यी खेलाडीको उपहास गर्दै सुनील गवास्करले 'तिमीहरू आफ्ना खेलाडीको प्रदर्शनमा ध्यान देऊ भारतबारे कुरा नगर' भन्ने जवाफ फर्काए। गवास्करको जवाफ स्पष्टतः अपमानजनक थियो, जसले एक जायज चासो र प्रश्नलाई कमजोर पार्‍यो। गवास्करजस्ता चर्चित भारतीय पूर्वखेलाडीको बयानको असर ठुलो छ किनभने यसले करोडौं भारतीय समर्थकलाई उत्साहित बनाउँछ र यस्तो तुच्छ तर्कको सुनामीले भिन्न मतलाई दबाउँछ।

गवास्करको तर्कलाई समर्थन गर्ने केहीले भारतले सन् २०२३ को विश्वकपको प्रत्येक समूह खेलमा नौ विभिन्न स्थानमा खेल्दा असुविधा भोग्यो भन्ने तर्क गरे, तर यिनले हरेक खेलमा घरेलु लाभ प्राप्त गरे भन्ने यथार्थलाई सम्झिएको देखिएन। भारतीय क्रिकेट अब्बल खेलाडी भएको टोली भए पनि यसैलाई प्रदर्शन गरेर अन्याय सिर्जना गरिन्छ भने विरोध जनाउनु औचित्यपूर्ण हुन जान्छ।

(बुथ डेली मेलका खेल पत्रकार हुन्)
डेली मेलबाट

क्यानडामा लिबरलको लोकप्रियताको अन्तर्य

लिबरल पार्टीको नेतृत्वले सर्वसाधारणमा उत्साह जगाउँदा प्रतिद्वन्द्वी कन्जर्भेटिभ पार्टी भने अलमलमा

केही महिनाअघि मात्र क्यानडाको सत्तारुढ लिबरल पार्टी आगामी आमचुनावमा ठुलो हारको लागि तयार देखिन्थ्यो। जनवरीमा गरिएको एक मत सर्वेक्षणले प्रधानमन्त्री जस्टिन ट्रुडोको पार्टी विपक्षी कन्जर्भेटिभहरूभन्दा २६ प्रतिशत अंकले पछि परेको देखाएको थियो। महँगी र ट्रुडोप्रतिको व्यापक घृणाले लिबरलहरूको समर्थन घटेको थियो। आसन्न संघीय मतदानअघि विवादित प्रधानमन्त्रीलाई राजीनामा दिन आह्वान बढिरहेको थियो। तर, पछिल्लो एक महिनामा विभिन्न कारणले पार्टीको राजनीतिक भाग्य उल्टिएको देखिएको छ। विज्ञहरूका अनुसार मुख्यतः ट्रुडोको राजीनामा दिने निर्णय, नेतृत्वका लागि भइरहेको गतिविधि र क्यानडाविरुद्ध अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बारम्बार धम्कीलगायत विभिन्न कारणले लिबरलको लोकप्रियतामा अचानक वृद्धि भएको छ।

पछिल्ला सर्वेक्षणमा लिबरलहरूले कन्जर्भेटिभहरूसँगको मतभिन्नतालाई द्रुत गतिमा घटाएका छन्। फेब्रुअरी २५ मा प्रकाशित एउटा सर्वेक्षणले सन् २०२१ पछि पहिलोपटक लिबरल प्रतिद्वन्द्वी कन्जर्भेटिभ पार्टीभन्दा बढी लोकप्रिय देखिएको छ। 'दुई महिनाअघि लिबरल संकटमा थिए। धेरैले आगामी निर्वाचनमा तिनको हार निश्चित ठानेका थिए। तर, निकै छोटो अन्तरालमा तिनको पुनरोत्थान भएको छ,' टोरन्टो विश्वविद्यालयका राजनीतिशास्त्रका सहायक प्राध्यापक सेमरा सेवीले भनिन्।



● सजिलियन केस्ट्लर-डी अमोर्स

मध्यपूर्व, उत्तर अफ्रिका, दक्षिण तथा उत्तर अमेरिकाबाट रिपोर्टिङ गरेको अनुभव भएकी लेखक आप्रवासी, शरणार्थी, राजनीतिक द्वन्द्व र मानव अधिकारको मुद्दामा कलम चलाउँछिन्।



ट्रुडोको राजीनामा

जनवरीको सुरुमा ट्रुडोले आफ्नो उत्तराधिकारी चयन भएपछि प्रधानमन्त्री र लिबरल पार्टीको नेताको पदबाट राजीनामा दिने निर्णय गरे। यो निर्णय पार्टीको बद्दो लोकप्रियताका लागि जिम्मेवार मुख्य कारकमध्ये एक भएको विज्ञहरू बताउँछन्। ट्रुडो सन् २०१५ देखि प्रधानमन्त्री पदमा छन्। उनले कोभिड-१९ महामारीविरुद्ध चालेको कदमबाट आमक्यानडेली असन्तुष्ट बने। साथै आकासिँदै गएको घरबार मूल्य र उच्च महँगीले पनि उनको सरकार अलोकप्रिय थियो। ट्रुडोको नेतृत्वमा प्रधानमन्त्री कार्यालय र उनको पार्टीले कन्जर्भेटिभ पार्टी र यसका चर्का नेता पियरे पोलिएभको वर्षौंदेखिको आक्रमणको प्रभावकारी रूपमा सामना गर्न पनि असफल भएको थियो। पोलिएभले क्यानडाका सबै समस्याहरूका लागि ट्रुडोलाई दोष दिँदै आफू प्रधानमन्त्री भए सबै परिवर्तन हुने वाचा गर्दै आएका छन्।

ट्रुडोको राजीनामाको घोषणासँगै राजनीतिक गतिशीलता परिवर्तन भएको इप्सोस पब्लिक अफेयर्सका सिइओ ड्यारेल ब्रिकरले भने। यही फर्मले फेब्रुअरीको अन्त्यमा गरेको मत सर्वेक्षणमा लिबरलहरू चार वर्षमा पहिलोपटक कन्जर्भेटिभभन्दा बढी लोकप्रिय देखिएका थिए। ब्रिकरका अनुसार केही मतदाता कन्जर्भेटिभ पार्टीको एजेन्डा वा पोइलिभ्रेप्रतिको आकर्षणभन्दा परिवर्तनको चाहनाले कन्जर्भेटिभ क्याम्पमा सामेल भएका थिए। 'यो वर्गले परिवर्तनका लागि अर्को विकल्प हुन सक्ने सोच्न थालेको छ। तिनले लिबरल पार्टीका सम्भावित नेता मार्क कार्नीमा त्यो विकल्प देखेको छ,' ब्रिकरले भने।

> जनवरीमा गरिएको एक मत सर्वेक्षणले जस्टिन ट्रुडोको पार्टी विपक्षी कन्जर्भेटिभभन्दा २६ प्रतिशतले पछि देखाएको थियो। तर, ट्रुडोको राजीनामा गर्ने घोषणा र ट्रम्पको धम्कीमाझ एक महिनामै लिबरल विपक्षी कन्जर्भेटिभभन्दा अगाडि रहेको मत सर्वेक्षण सार्वजनिक भएको छ।

बैंक अफ क्यानडाका पूर्वगभर्नर कार्नी, लिबरल पार्टीका आगामी नेताका रूपमा सबैभन्दा बलियो प्रतिस्पर्धीका रूपमा देखा परेका छन्। उनी लिबरल नेता निर्वाचित भए सो पार्टीले आगामी निर्वाचनमा बहुमत ल्याउने मत सर्वेक्षणले देखाएको छ। अर्थात्, मार्की आगामी प्रधानमन्त्रीको दौडमा अग्रणी छन्। लिबरल पार्टीभित्रको चुनावी प्रतिस्पर्धाले पार्टीको आधारलाई पुनः तरंगित गर्न मद्दत गरेको छ। यसले पार्टीप्रति अहिले राष्ट्रिय मिडियाकाले विशेषतः ध्यान दिन थाल्दा पार्टीप्रतिको चासो बढेको छ। 'मार्क कार्नीमा नयापनको ताजगी छ, जसलाई मानिसहरूले मन पराएका छन्,' ब्रिकरले लिबरल पार्टीको नेतृत्वको जारी प्रतिस्पर्धाबारेमा भने। पार्टीले मार्च ९ मा नेतृत्वका लागि निर्वाचन गर्दै छ।

अलमलमा कन्जर्भेटिभ

लिबरल पार्टीको नेतृत्व प्रतिस्पर्धाले आममतदातामाझ उत्साह छाउँदा प्रतिद्वन्द्वी कन्जर्भेटिभ पार्टी भने ट्रुडोको राजीनामापछि अलमलमा देखिन्छ। ट्रुडोविरुद्ध सशक्त साबित भएको पार्टी रणनीति उनको बहिर्गमनपछि कसरी अघि बढ्ने भनेर संघर्ष गरिरहेको छ। 'ट्रुडोको बहिर्गमनपछि अब उनलाई दोष दिने ठाउँ रहेन, त्यसैले अब कसरी अघि बढ्ने भनेर कन्जर्भेटिभ रनभुल्ल भएको छ,' ब्रिकरले भने। हुन त कार्नी लिबरल नेता चुनिने सम्भावना बढेसँगै पोलिएभ र कन्जर्भेटिभ पार्टीले उनलाई लिबरल सरकारको रेकर्डसँग जोड्ने प्रयास गर्न थालेको छ। कार्नी विगतमा ट्रुडोको आर्थिक सल्लाहकार पनि थिए।

विगतमा कार्नीले सार्वजनिक रूपमा समर्थन जनाएको अलोकप्रिय 'कार्बन प्राइसिङ' कार्यक्रमसँग जोडेर कन्जर्भेटिभले उनलाई 'कार्बन ट्याक्स कार्नी' भनेर सम्बोधन गर्न थालेका छन्। कार्नीले विगतको निर्णयमा युटर्न लिँदै अहिले आफू निर्वाचित भएमा यो कानुन खारेज गर्ने बताएका छन्। पोलिएभ अहिले सामाजिक सञ्जालमा 'कार्नी-ट्रुडो लिबरलहरू' भनेर दुई नेतालाई आक्रमण गर्छन्। तर, ब्रिकरका अनुसार पछिल्लो समय क्यानेडेलीहरू विगत १० वर्षको लिबरल नीतिमा भन्दा हिजोआजको राजनीतिक घटनाक्रममा चासो दिन थालेका छन्। यो परिवर्तन छिमेकी अमेरिकामा आएको नयाँ सरकारका कामकारबाहीले ल्याएको हो।

ट्रम्प फ्याक्टर

जनवरी २० मा डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिका रूपमा पदभार ग्रहण गरेदेखि सीमापारिबाट आउन सुरु भएका चर्का बयानबाजीले लिबरलको पुनरुत्थानमा भूमिका खेल्यो। केही विश्लेषक त लिबरल पार्टीको पुनरोत्थानमा यसको सबैभन्दा ठुलो भूमिका रहेको बताइरहेछन्। अमेरिकी राष्ट्रपति बनेदेखि नै ट्रम्पले छिमेकी क्यानडाबाट हुने आयातमाथि भारी शुल्क लगाउने धम्की दिन थाले। यस्तो करले क्यानडाको अर्थतन्त्रमा ठुलो असर गर्ने अर्थशास्त्रीको चेतावनीका बाबजुद अन्ततः ट्रम्प उक्त वाचामा अघि बढेका छन्। मार्च ४ बाट उनले क्यानडेली आयातमाथि भारी भन्सार वृद्धिको योजनालाई कार्यान्वयनमा लगेको घोषणा गरे। सोही दिनदेखि अमेरिका जाने अधिकांश क्यानडेली सामानमा २५ प्रतिशतको कर लागू हुन थाल्यो। अमेरिकाको कदमपछि ओटावाले पनि अमेरिकी सामानमाथि भन्सार वृद्धि गरेको छ। यसले दुई देशबिच व्यापार युद्धको डरलाई बढावा दिन्छ।

व्यापारबाहेक ट्रम्पले बारम्बार क्यानडालाई ५१औँ अमेरिकी राज्य बनाउने भन्दै आएका छन्। एकातर्फ कर वृद्धिको असर त्यसमाथि राष्ट्रवादमाथिको प्रहारले क्यानडेलीमा राष्ट्रवादी भावना वृद्धि भएको छ। धेरै क्यानेडियनले तिनको देश र अमेरिकाबिच कायम घनिष्ट सम्बन्धलाई तोड्नुपर्ने आह्वान गर्न थालेका छन्। ओटावा विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक जेनेभिभ टेलियरका अनुसार क्यानडाको आगामी चुनावको मुख्य मुद्दा कुन दलले ट्रम्पविरुद्ध बलियो प्रतिक्रिया दिन सक्छन् भन्ने विषय बनेको छ।

'पहिले लिबरलहरूले कन्जर्भेटिभहरूलाई हराउन सक्छन् भनेर सोचिन्थ्यो। अहिले मतदाताको मुख्य ध्यान आर्थिक नेतृत्वमा गएको छ। अमेरिका कदमविरुद्ध नेताले कस्तो आर्थिक कदम चाल्छ भन्नेमा मतदाताको ध्यान केन्द्रित भएको छ,' जेनिभिभले भनिन्। पोलिएभको लडाकु शैलीले विपक्षमाझ उनलाई लोकप्रिय बनाएको छ। तथापि, आममतदाता भने उनले सबै क्यानडेलीलाई अमेरिकाविरुद्ध एक गरेर अघि बढ्न सक्नेमा आशंका गर्न थालेका छन्।

'पोलिएभको बोल्ने शैली प्रायः डोनाल्ड ट्रम्पजस्तै छ। धेरै कुरामा हामी दुई नेताबिच समानता देख्छौं,' जेनिभिभले भनिन्। उता ट्रम्पविरुद्ध सम्पूर्ण क्यानडालाई एक मोर्चाका रूपमा अघि बढाउने लिबरल पार्टीको शैलीलाई धेरै मतदाताले स्वागत गरेका छन्। यसले पनि लिबरलहरूको लोकप्रियतामा सघाउ पुऱ्याएको छ। 'यसपटक अमेरिकाविरुद्ध सरकारले छिटछिटो कदम उठाएको छ, जुन पहिले देखिँदैनथ्यो,' जेनिभिभले भनिन्।

समयअगावै चुनावको सम्भावना

यसबिच, ट्रम्प प्रशासनका नीतिप्रति क्यानडेली चिन्ता कायम रहेकै समयमा संघीय चुनावको महत्त्व बढेको छ। पूर्वनिर्धारित कार्यसूचीअनुसार चुनाव अक्टोबर २० सम्ममा हुनुपर्छ। तर, सत्तारुढ दलका हिसाबले लिबरलहरूले त्यसअघि नै चुनाव घोषणा गर्न सक्छन्। टोरन्टो विश्वविद्यालयकी सेवीका अनुसार मार्च ९ मा नयाँ नेता छनोट गरेपछि लिबरलहरूले छिटै चुनाव आह्वान गर्ने सम्भावना छ। त्यसले पार्टीको हालको गतिलाई कायम राख्न मद्दत गर्न सक्छ। 'विशेषगरी भन्सारका असर देखिन थाल्ने खतरा र घरबार तथा मुद्रास्फीतिजस्ता आर्थिक चिन्ताहरूलाई सम्बोधन गर्ने दबाबका कारण पनि चुनाव छिटै हुने सम्भावना देखिन्छ,' सेवीले भनिन्।

जेनिभिभ पनि समयअगावै गरिने चुनावको आह्वानले लिबरलहरूलाई जटिल राजनीतिक निर्णयबाट बच्न सहज बनाउने विश्वास गर्छिन्। ट्रुडोले जनवरीको सुरुमा राजीनामा घोषणा गरेसँगै संसद् निलम्बन गरेका थिए। यो आगामी मार्चको अन्त्यतिर पुनः बस्ने तय भएको छ। यदि सांसदहरू संसद् फर्किए भने नयाँ चुनिएका लिबरल नेताको नेतृत्वमा नयाँ मन्त्रिपरिषद् गठन गर्नुपर्नेछ। सो अल्पसंख्यक सरकारले आफ्ना प्राथमिकताको रूपरेखा प्रस्तुत गर्दै संसद्मा भाषण दिनुपर्नेछ। यी दुवै कदम विवादास्पद साबित हुन सक्छन्। तर, अक्टोबरअगाडि नै चुनावको घोषणा गर्दा यीमध्ये कुनै काम गर्नुपर्दैन। तर, मतदान जहिले तोकिए पनि क्यानडा केही महिनाअघि सोचिएभन्दा धेरै फरक खालको प्रतिस्पर्धामा गइरहेको विश्लेषक बताउँछन्। आगामी चुनाव पहिले अपेक्षा गरिएभन्दा धेरै प्रतिस्पर्धी हुन गइरहेको सेवी बताउँछिन्। 'विदेश नीति, नेतृत्व र आर्थिक मुद्दाहरू सबैले प्रमुख भूमिका खेल्दै छन्,' सेवीले भनिन्।

अल जजिराबाट

दिल्लीको मुख्यमन्त्रीका रूपमा रेखा गुप्ताको दायित्व र सर्वसाधारणको अपेक्षा

पहिलोपटक विधानसभामा निर्वाचित रेखा गुप्तालाई दिल्लीको मुख्यमन्त्रीको रूपमा नियुक्त गरेर भारतीय जनता पार्टी (भाजपा) नेतृत्वले प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले करिब एक दशकअघि तय गरेको ढाँचालाई पछ्याएको छ। मोदी र साहले अपेक्षाकृत रूपमा एक सफल युवा नेतृ छानेका छन्, जो पार्टीको दर्शनप्रति प्रतिबद्ध छिन्। जनतासँगै सहजै भिज्न सक्ने उनमा दीर्घकालीन रूपमा राज्यका मामिला व्यवस्थित गर्ने क्षमता छ।

रेखा गुप्ता एक भद्र र मिलनसार नेतृ हुन्। सरकार वा विधानसभामा आफ्ना केही पार्टी सहकर्मीको तुलनामा उनी केही अपरिचित हुन सक्छिन्, तर पार्टी कार्यकर्ताको रूपमा उनको क्षमता आफैंमा उच्च छ।



विद्यार्थी राजनीतिबाट आएकी गुप्ताले पहिलोपटक सफलता र चर्चा पाइन्, जतिबेला उनी १९९५ मा दिल्ली विश्वविद्यालय विद्यार्थी संघ (डियुएसयु) मा आरएसएसको विद्यार्थी संगठन अखिल भारतीय विद्यार्थी परिषद् (एबिभिपिए) को उम्मेदवारको रूपमा महासचिवमा निर्वाचित भइन्। तर, उनको राजनीतिक यात्रा सधैं सहज भएन। उनले नगरपालिकाको पार्षदका रूपमा राजनीतिमा कठोर परीक्षणको सामना गरेकी छिन्। उनी सन् २०१५ को विधानसभा चुनाव र मेयरको चुनावमा आम आदमी पार्टीसँग पराजित भइन्।

यी धक्काका बाबजुद उनी दृढ रहिन्। दिल्ली नगर निगममा उनले अध्यक्षता गरेका विभिन्न समितिको अध्यक्षको हैसियतमा, भाजपाको राष्ट्रिय महिला मोर्चाको उपाध्यक्षको रूपमा र पार्टीको दिल्ली राज्य एकाइको महासचिवको रूपमा दृढ भएर काम गरिन्। उनले २०२५ को विधानसभा चुनाव लगभग ३० हजार मतको अन्तरले जितिन्, जुन दिल्लीको मापदण्डअनुसार आफैंमा महत्त्वपूर्ण छ।

गुप्तालाई दिल्ली सरकारको नेतृत्व गर्नका लागि राम्रो विकल्पको रूपमा चयन गरिएको छ, जुन समकालीन राजनीतिमा दुर्लभ छ। उनीविरुद्ध कुनै मुद्दा मामिला छैन र तीन दशकभन्दा बढी समयदेखि सक्रिय भए पनि पूर्ण रूपमा विवादरहित रेकर्ड छ। महिला हुनु र वैश्य समुदायबाट प्रतिनिधित्व गर्नु भाजपाका लागि थप सकारात्मक पक्ष हुन्।

यसअघि आम आदमी पार्टीका अरविन्द केजरिवाल र उनका उत्तराधिकारी आतिसीले अभ्यास गरेको राजनीति टकरावविपरीत कमसेकम अहिलेसम्म रेखाको राजनीतिको शैली शान्त र मेलमिलापयुक्त छ। दिल्लीका जनताले परिवर्तनको पक्षमा भारी मत दिएका छन् भने उनी निःसन्देह त्यो परिवर्तनको नयाँ अनुहार हुन्।

गुप्ताले प्रवेश साहिब सिंह बर्मा, आशिष सुद, मजिन्दर सिंह सिरसा, कपिल मिश्रा, रवीन्द्र इन्द्रज सिंह र पंकजकुमार सिंहसहित एक आशाजनक मन्त्रिपरिषद् गठन गरेकी छिन्, जो दिल्लीका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्छन् र विभिन्न सामाजिक क्षेत्रसँग सम्बन्धित छन्। उनीहरू सबै आ-आफ्नो ठाउँमा नेता साबित भएका छन्। नयाँ भाजपा सरकारबाट के अपेक्षा गरिएको छ र यसले कसरी आफ्ना वाचा पूरा गर्न चाहन्छ भन्ने रूपरेखा प्रधानमन्त्री मोदीले पार्टीको राष्ट्रिय मुख्यालयमा पार्टी कार्यकर्तालाई मार्च ८ मा गरेको सम्बोधनमा उल्लेख गरेका थिए। चुनावी परिणामको घोषणापछि उनले सरकारका प्रतिबद्धताको रूपरेखा पेस गरेका थिए।

> यसअघि आम आदमी पार्टीका अरविन्द केजरिवाल र उनका उत्तराधिकारी आतिसीले अभ्यास गरेको राजनीतिविपरीत कमसेकम अहिलेसम्म रेखाको राजनीतिक शैली शान्त र मेलमिलापयुक्त छ।

दिल्ली लेफ्टिनेन्ट गभर्नर र मुख्यमन्त्रीबिचको टकराव आम आदमी पार्टीको १० वर्षको शासनकालमा लगभग दैनिक दिनचर्या बनेको थियो। आशा छ, अब विगतको कहानी दोहोरिनेछैन। केन्द्र र दिल्ली सरकारले जनतालाई सुशासन दिन सामञ्जस्य गर्ने अपेक्षा गरिएको छ।

नयाँ सरकार गठन हुनुअघि नै पवित्र यमुना नदी सफा गर्ने प्रयास थालियो। नदी सफा गर्न मेसिन प्रयोग गरेको तस्बिर भाइरल भइरहेको थियो। कतिपय क्षेत्रमा क्षतिग्रस्त सडक मर्मतको काम सुरु भएको छ। प्रधानमन्त्री मोदीको वाचाअनुसार नवनियुक्त मुख्यमन्त्री गुप्ताको पहिलो घोषणा ८ मार्च (अन्तर्राष्ट्रिय महिला दिवस) सम्म योग्य महिलाहरूको खातामा मासिक सहायताको रूपमा २५ सय भारु पहिलो किस्ता हस्तान्तरण गर्ने थियो।

भाजपा नेतृत्वको दिल्ली सरकारले शनिबार यो योजना कार्यान्वयन गर्न ५१०० करोड रुपैयाँको विनियोजनलाई अनुमोदन गरेको छ। उता आम आदमी पार्टी (आप) ले गत महिना भएको विधानसभा चुनावको समयमा सत्तापक्षले गरेको वाचा पूरा गर्न ढिलाइ भएकोमा आलोचना गरेको छ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा भाजपा अध्यक्ष जेपी नड्डाले महिला समृद्धि योजनाको तत्काल कार्यान्वयनको घोषणा गरे, जसअन्तर्गत राष्ट्रिय राजधानीका योग्य महिलाले प्रतिमहिना २५०० रुपैयाँ पाउनेछन्। पार्टीको महिला मोर्चाको एक कार्यक्रममा मुख्यमन्त्री गुप्ता र अन्य वरिष्ठ भाजपा नेताहरूको उपस्थितिमा यो घोषणा गरिएको थियो।

महिला समृद्धि योजना लागू गर्न उनको नेतृत्वमा एक समिति गठन गरिएको छ। 'हामीले अघिल्लो दिन मन्त्रिपरिषद्को बैठक गर्‍यौं र मन्त्रिपरिषद्ले हामीले (सत्तारुढ भाजपा) हाम्रो (चुनाव) घोषणापत्रमा गरेको वाचामा अनुमोदनको छाप लगाएका छौं। यसले दिल्लीका गरिब महिलालाई सहयोग गर्ने योजनालाई अनुमोदन गरेको छ,' उनले भनिन्।

अन्तमा रेखाले एउटा महत्त्वपूर्ण चुनौती र अवसरको सामना गरिरहेकी छिन्। त्यो हो केन्द्रको मोदी सरकारको सहयोगमा दिल्लीलाई स्वच्छता, पूर्वाधार र शासनको सन्दर्भमा एक नमुना सहर बनाउने जिम्मेवारी।

-एनडिटिभीबाट

इतिहासमा आज

मार्च ९



सन् १९४५ : अमेरिकी सेनाको वायुसेनाले टोकियोमा नेपल्मले बमबारी गऱ्यो, जसले गर्दा सहरको एकचौथाइ भाग ध्वस्त भयो र लगभग ८० हजार नागरिकको मृत्यु भयो।

सन १७७६ : आदम स्मिथको अर्थशास्त्रसम्बन्धी प्रभावशाली पुस्तक 'द वेल्थ अफ नेसन्स' प्रकाशित।

सन् १९१८ : रुसको बोल्सेभिक पार्टी कम्युनिस्ट पार्टी बन्यो।

सन् १९५९ : बार्बी डलको बिक्री सुरु।

बार्बी डल निर्माता अमेरिकी खेलौना कम्पनी म्याटेलका अनुसार उसले अहिलेसम्म एक अर्बभन्दा धेरै बार्बी डल बिक्री गरिसकेको छ।

सन् १९६१ : चेर्नुस्का नामक एउटा कुकुर, गिनी पिग र भ्यागुता लिएर गएको सोभियत रुसको अन्तरिक्षयान स्पुतनिक-९ पृथ्वीको कक्षबाट फर्कियो।

सन् १९७५ : इराकले विद्रोही कुर्दविरुद्ध आक्रामक हमला सुरु गऱ्यो।

सन् १९७६ : इटलीमा इतिहासकै भयानक केबुलकार दुर्घटना। लठ्ठा चुँडिएर केबुलकार ५० मिटर तल जमिनमा बजारिँदा ४३ जनाको मृत्यु भएको थियो भने एक १४ वर्षे किशोरी मात्रै बाँच्न सफल भएकी थिइन्।

विश्व संक्षेप

रुसी हमलामा युक्रेनमा १२ जनाको मृत्यु

मस्को/ पूर्वी युक्रेनमा रुसी हमलामा कम्तीमा १२ जनाको मृत्यु भएको देशको आपत्कालीन सेवाले जनाएको छ। दोनेत्स्क क्षेत्रको डोब्रोपिलियाको केन्द्रमा भएको हमलामा ३० जना घाइते भएको आपत्कालीन सेवाले जनाएको छ। साउदी अरेबियामा अमेरिका र युक्रेनी वार्ताकारबिच युद्धविरामका लागि वार्ता तय भइरहेका बेला आक्रमण भएको हो।

खार्किभ क्षेत्रका सैन्य प्रमुख ओलेग सिनेगुबोभले शनिबार बिहान बोगोदुखिभ सहरमा भएको ड्रोन हमलामा एकजनाको मृत्यु भएको र अन्य सातजना घाइते भएको बताए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथि नयाँ प्रतिबन्ध र शुल्क लगाउने धम्की दिएका बेला रातभर हवाई आक्रमण भएको हो। अमेरिकी राष्ट्रपतिले शुक्रबार पत्रकारहरूलाई भने, 'उनी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि विश्वास गर्छन्। मलाई वास्तवमै युक्रेनसँग सम्झौता गर्न गाह्रो लाग्छ र उनीहरूसँग कुनै विकल्प छैन। रुससँग सम्झौता गर्न सजिलो हुन सक्छ।' साथै, पत्रकारहरूलाई मन्तव्य दिएको केही समयपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार युक्रेनमा बमबारी गरेकोमा रुसमाथि नयाँ प्रतिबन्ध र कर लगाउने धम्की दिएका छन्। 'रुसले अहिले युद्धभूमिमा

दक्षिण कोरियाका राष्ट्रपति युन हिरासतबाट रिहा

सोल/ महाभियोग लगाइएका दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल रिहा भएका छन्। गत डिसेम्बर ३ मा नागरिक शासनलाई उल्ट्याउने प्रयास गरेको आरोपमा जनवरीमा पक्राउ परेका सुक शनिबार विशेष हिरासतबाट रिहा भएका हुन्। 'म यस देशका जनताप्रति कृतज्ञता व्यक्त गर्दै शिर निहुराउँछु,' रिहाइपछि आफ्ना वकिलमार्फत जारी गरेको युनको विज्ञप्तिमा भनिएको छ। शुक्रबार एक अदालतले प्राविधिक र कानुनी आधार देखाउँदै उनको गिरफ्तारी वारेन्ट रद्द गरेको थियो। युनले आफूमाथि लागेको महाभियोगबारे छुट्टै संवैधानिक अदालतको निर्णयको पनि सामना गर्नुपर्नेछ। यदि युनलाई हटाइयो भने दक्षिण कोरियामा ६० दिनभित्र नयाँ राष्ट्रपतीय निर्वाचन हुनैपर्छ। औपचारिक रूपमा पदबाट हटाएपछि पनि उनीविरुद्ध फौजदारी मुद्दा चल्नेछ। एएफपीका अनुसार हिरासतबाट रिहा भएपछि युन एउटा विशेष गाडीमा चढी सीधै राष्ट्रपति निवासतर्फ गएका थिए। राष्ट्रपति भवनबाहिर आफ्नो कारबाट बाहिर निस्केर सयौं उत्साही समर्थकलाई अभिवादन गरेका थिए। यसैबिच, डेमोक्राटिक पार्टीका नेता ली जे-म्युङले एक च्यालीलाई सम्बोधन गर्दै निलम्बित राष्ट्रपतिको सैनिक शासनको प्रभाव रहँदासम्म लड्ने बताएका छन्।

अफगानी नागरिकलाई देश छोड्न पाकिस्तानको आदेश

इस्लामाबाद/ पाकिस्तान सरकारले पाकिस्तानमा बसोवास गर्ने अफगानी नागरिकलाई मार्च ३१ सम्ममा देश छोड्न आदेश दिएको छ। देशको आन्तरिक मन्त्रालयले अफगान सिटिजन कार्ड (एसिसी) धारकलाई देश छोड्न आदेश दिएको हो। एआरवाई न्युजका अनुसार आदेश अवज्ञा गर्नेलाई अप्रिल १ देखि देशनिकाला गरिनेछ। 'अवैध विदेशी स्वदेश फिर्ता कार्यक्रम (आइएफआरएफ) नोभेम्बर १, २०२३ देखि लागू भएको छ। सबै अवैध विदेशी र एसिसी धारकलाई ३१ मार्च २०२५ अघि स्वेच्छाले देश छोड्न सल्लाह दिइन्छ। त्यसपछि, अप्रिल १ सन् २०२५ बाट निर्वासन सुरु हुनेछ,' विज्ञप्तिमा भनिएको छ। मन्त्रालयले अफगान नागरिकलाई देश छोड्न पर्याप्त समय दिएको बताएको छ। स्वदेश फिर्ताको क्रममा कसैलाई पनि दुर्व्यवहार नगर्ने र उनीहरूका लागि खाना र स्वास्थ्य सेवाको पनि व्यवस्था गरिएको विज्ञप्तिमा जनाइएको छ। 'पाकिस्तान एक जिम्मेवार देशको रूपमा आफ्नो प्रतिबद्धता र दायित्व पूरा गरिरहेको छ। पाकिस्तानमा बस्ने व्यक्तिले सबै कानुनी औपचारिकता पूरा गर्नुपर्छ र संविधानको पालना गर्नुपर्छ।' यसअघि, मानव अधिकार संगठन र शरणार्थी वकालत गर्ने समूहको गठबन्धनले अफगान आप्रवासीलाई जबर्जस्ती निष्कासन रोक्न पाकिस्तान सरकारलाई आग्रह गरेको थियो। एउटा खुला पत्रमा समूहहरूले मानव अधिकार रक्षकसहित धेरै अफगान शरणार्थी हिंसा र उत्पीडनका कारण आफ्नो मातृभूमि छाडेर भागेको कुरामा जोड दिए। रिपोर्टका अनुसार पत्रमा महिला, बालबालिका र वैध भिसा भएका अफगान आप्रवासीले जबर्जस्ती निष्कासन, हिरासत र उच्च भिसा शुल्कको सामना गरिरहेको पनि उल्लेख गरिएको छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २५ फागुन ०८१

रोकियो अरुण तेस्रोको मुआब्जा वितरण



अरुण तेस्रोको विद्युत्गृह पुखुवा

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजना प्रवेशमार्गको छुट मुआब्जा वितरण रोकिएको छ। आयोजनाले जिल्ला प्रशासन कार्यालय संखुवासभाको खातामा रकम नपठाएपछि मुआब्जा वितरण रोकिएको हो।

आयोजनाको विद्युत्गृह जाने प्रवेशमार्ग छ्याङ्कुटी-दिदिङ सडकखण्डको चार सय ५४ रोपनी (२४.५ किमि) जग्गाको छुट मुआब्जा रकम जिल्ला प्रशासन कार्यालयले गत १७ पुसदेखि वितरण गर्न सुरु गरेको थियो। आयोजनाले ५३ करोड रुपैयाँ जिल्ला प्रशासनको खातामा जम्मा गर्ने र सोही रकम जग्गाधनीलाई वितरण गर्ने गरी काम सुरु गरिएको थियो।

जसमध्ये पहिलो चरणमा २५ करोड मात्र उपलब्ध गराएकाले सो रकम ६० परिवारलाई वितरण गरिसकिएको छ। तर, आर्थिक अभाव भएको भन्दै आयोजनाले थप रकम खातामा नपठाएपछि तत्काललाई मुआब्जा वितरण रोकिएको संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले बताए। पीडितले लगातार आठ वर्ष मुआब्जा माग गर्दै विभिन्न चरणको आन्दोलन गरेका थिए। सर्वोच्च अदालतले गत १७ पुसदेखि मुआब्जा वितरण गर्न आदेश दिएपछि पीडितलाई मुआब्जा वितरण सुरु गरिएको थियो। अहिले रकम अभावले वितरण कार्य रोकिएको बताउँदै अब तत्कालै रकम प्राप्त भएपछि मुआब्जा वितरण सुरु हुने जिल्ला प्रशासन कार्यालय संखुवासभाले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी संयोजक रहेको मुआब्जा निर्धारण समितिले २६ वैशाख ०८० प्रतिरोपनी ११ लाख ७५ हजार मुआब्जा दिने निर्णय गरेको थियो। छ्याङ्कुटी-दिदिङ सडकअन्तर्गतको जग्गा मुआब्जा ०४६ सालमा नै दिइए पनि छुट जग्गाको मुआब्जा वितरण गर्न बाँकी रहेको भन्दै अहिले वितरण गरिएको हो। आयोजनाको काम भारतीय सतलज कम्पनीले गरिरहेको छ। हालसम्म ८० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको जनाएको छ। निर्माण सम्पन्न भएको २५ वर्षपछि अरुण तेस्रो नेपाल सरकारलाई हस्तान्तरण गर्ने परियोजना विकास सम्झौता (पिडिए)मा उल्लेख छ।

नेपालमा इटालीको लगानीबारे छलफल

काठमाडौं/ नेपाल-इटालीबिच व्यापार, लगानी, पर्यटन तथा विकासलाई प्रवर्द्धन गर्नेबारे छलफल भएको छ। नेपाल-इटाली वाणिज्य तथा उद्योग संघका अध्यक्ष सञ्जय अग्रवाल र नेपालका लागि नवनियुक्त इटालियन राजदूत एन्तोनियो बार्तोलीबिचको भेटवार्तामा लगानी, पर्यटन तथा विकास प्रवर्द्धनबारे छलफल भएको हो।

द्विपक्षीय व्यापार प्रवर्द्धन, व्यावसायिक सञ्जाल विस्तार तथा प्रमुख क्षेत्रमा लगानी अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो। राजदूत बार्तोलीले पर्यटन, पूर्वाधार तथा प्रविधि क्षेत्रमा नेपालसँगको आर्थिक सहकार्यलाई अझ सशक्त बनाउने इटाली सरकारको प्रतिबद्धता व्यक्त गरे। त्यस्तै, संघका अध्यक्ष अग्रवालले दुई देशबिचको व्यापारिक समुदायलाई जोड्ने तथा पारस्परिक लाभदायक साझेदारी प्रवर्द्धन गर्ने संस्थाको भूमिकाबारे प्रकाश पारेका थिए।

■ पुँजीगत खर्चको मापदण्ड पूरा गर्न सरकार असफल

मध्य फागुनसम्म ५५ प्रतिशत खर्च गरिसक्नुपर्नेमा २३ प्रतिशत पनि पुगेन

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकार आफैंले बनाएको मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न सकेको भए हालसम्ममा ५५ प्रतिशतभन्दा बढी पुँजीगत खर्च भइसकेको हुने थियो। तर, तोकिएको मापदण्ड पूरा गर्न नसक्दा लक्ष्यअनुसार पुँजीगत खर्च गर्न सरकार असफल भएको छ।

सरकारले सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउने भन्दै 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१' बनाएको हो। २३ माघमा सार्वजनिक मापदण्डअनुसार पहिलो त्रैमासमा १० प्रतिशत र त्यसपछिका हरेक महिनामा १०-१० प्रतिशतका दरमा पुँजीगत खर्च गर्नुपर्ने उल्लेख छ। नयाँ मापदण्डअनुसार सरकारले हालसम्म ५५ प्रतिशतभन्दा बढी पुँजीगत खर्च गरिसक्नुपर्ने थियो। तर, तोकिएको मापदण्डको आधा पनि खर्च हुन नसकेको सरकारी तथ्यांक छ।

सरकारले चालू आर्थिक वर्षका लागि तीन खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ पुँजीगत बजेट विनियोजन गरेको छ। तर, २३ फागुनसम्ममा विनियोजित बजेटको २२.१७ प्रतिशत अर्थात् ७८ अर्ब ११ करोड रुपैयाँ मात्रै पुँजीगत खर्च हुन सकेको छ। उसो त प्रभावकारी रूपमा काम हुन नसकेपछि सरकारले अर्धवार्षिक समीक्षा गर्दै बजेटको आकार घटाएको छ। चालू आवमा पुँजीगत खर्च विनियोजनको ८५ प्रतिशत मात्रै अर्थात् दुई खर्ब ९९ अर्ब रुपैयाँ हुने अनुमान गरिएको छ।

पुँजीगत खर्चका सन्दर्भमा नियम, कानुन, कार्यविधि र मापदण्ड धेरै भए पनि त्यसले परिणाम दिन नसकेको अर्थशास्त्री एवं योजना आयोगका पूर्वसदस्य प्रा.डा. चन्द्रमणि अधिकारी बताउँछन्। खासगरी बजेट निर्माणदेखि कार्यान्वयनसम्ममै समस्या रहेको उनले बताए। 'हाम्रो बजेट निर्माण नै वैज्ञानिक हुँदैन, पूर्वतयारी नै सम्पन्न नभएका परियोजनामा बजेट हालिन्छ, तीन तहका सरकारबिच समन्वय छैन,' उनले भने, 'अर्कातर्फ कार्यान्वयन क्षमता कमजोर छ, कार्यान्वयन गर्ने निकाय र कर्मचारीमा समस्या छ, अझ निर्माण व्यवसायीको आर्थिक र प्राविधिक क्षमता पनि कमजोर छ।' यस्ता आधारभूत समस्या समाधान नभएसम्म पुँजीगत खर्च गर्न नसकिने उनी बताउँछन्।

■ पुँजीगत खर्च मासिक १० प्रतिशत गर्नुपर्ने मापदण्ड

२३ माघमा सार्वजनिक नयाँ मापदण्डअनुसार आर्थिक वर्षको पहिलो त्रैमासमा न्यूनतम १० प्रतिशत पुँजीगत खर्च गर्नुपर्नेछ। 'आयोजनाको कार्यान्वयन गर्दा प्रथम त्रैमासिक अवधिभित्र न्यूनतम १० प्रतिशत र त्यसपछि प्रत्येक महिना न्यूनतम १० प्रतिशतका दरले असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्ययोजना बनाउनुपर्नेछ,' मापदण्डमा उल्लेख छ, 'सम्बन्धित मन्त्रालयले विकास आयोजनाको अनलाइन अनुगमन गरी विनियोजित बजेटअनुरूप खर्च हुने पद्धति सुनिश्चित गर्नुपर्नेछ।' सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले कार्ययोजनाको प्रगतिको नियमित अनुगमन गर्नुपर्ने मापदण्डमा तोकिएको छ।

त्यसअघि गत कात्तिक ०७८ मा पनि सरकारले यस्तै मापदण्ड बनाएको थियो। सरकारी निकायले आयोजनाको कार्यान्वयन गर्दा मासिक कार्य विभाजनसहितको वार्षिक कार्ययोजना बनाएर असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल गर्नुपर्ने तीन वर्षअघिको मापदण्ड कार्यान्वयन नै हुन सकेन। अर्थ मन्त्रालयले सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ जारी गर्दै मासिक १० प्रतिशत र असार मसान्तसम्ममा शतप्रतिशत पुँजीगत खर्च गर्ने व्यवस्था गरेको थियो। तर, तीन वर्ष बितिसक्दासमेत उक्त मापदण्ड कार्यान्वयन हुन सकेको छैन। न त मासिक १० प्रतिशत खर्च गर्न सकेको छ, न त असार मसान्तसम्ममा पुँजीगत खर्च शतप्रतिशत नै पुऱ्याउन सकेको छ।

■ विशेष टोली परिचालन गर्न सुझाव

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पुँजीगत खर्च वृद्धि गर्न आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्नुपर्ने सुझाव दिएको छ। आयोगका अध्यक्ष रामेश्वरप्रसाद खनालले गत पुस अन्तिममा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई पेस गरेको अन्तरिम प्रतिवेदनमा पुँजीगत खर्च बढाउने सुझावसमेत दिइएको थियो।

चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न १० करोडभन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्नुपर्ने आयोगको सुझाव छ।



हाम्रा नियम, कानुन, कार्यविधि र मापदण्डले परिणाम दिन सकेका छैनन्

● **प्रा.डा. चन्द्रमणि अधिकारी**, अर्थशास्त्री



पछिल्लो समय कुल बजेटमा पुँजीगत बजेटको हिस्सा नै कम हुँदै गएको छ। एकातर्फ विनियोजन नै कम गर्ने अनि अर्कातर्फ विनियोजित बजेट खर्च गर्न नसक्ने समस्याले हाम्रो विकास र पुँजी निर्माणको गति सीमित पारिरहेको छ। बजेटका सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन छ। खर्चका लागि विभिन्न मापदण्ड र निर्देशिका पनि छ। तर, ती नियम, कानुन, कार्यविधि र मापदण्डले परिणाम दिन सकेका छैनन्। खासगरी बजेट निर्माणदेखि कार्यान्वयनसम्ममै समस्या छ। हाम्रो बजेट निर्माण नै वैज्ञानिक हुँदैन, पूर्वतयारी नै सम्पन्न नभएका परियोजनामा बजेट हालिन्छ, तीन तहका सरकारबिच समन्वय छैन। अर्कातर्फ कार्यान्वयन क्षमता कमजोर छ, कार्यान्वयन गर्ने निकाय र कर्मचारीमा समस्या छ। अझ निर्माण व्यवसायीको आर्थिक र प्राविधिक क्षमता पनि कमजोर छ। यस्ता आधारभूत समस्या समाधान नभएसम्म पुँजीगत खर्च गर्न सकिँदैन। परियोजना बैंक वैज्ञानिक बनाउने, त्यसकै आधारमा बजेटलाई वैज्ञानिक बनाउने र कार्यान्वयन गर्ने संस्थालाई बलियो बनाउने हो भने मात्रै पुँजीगत खर्च बढाउन सकिन्छ।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
T & C apply
Global IME Bank
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

■ किन हुन सकेन पुँजीगत खर्च ?

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पुँजीगत खर्चमा अपेक्षाअनुसार सुधार गर्न नसकेको स्वीकार गरेका छन्। बजेटको अर्धवार्षिक समीक्षामा उनले पुँजीगत खर्च सुस्त हुने विगतको प्रवृत्तिमा सुधार हुन नसकेको बताएका छन्। 'समीक्षा अवधिमा समग्र खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.६६ प्रतिशतले बढेको छ। यद्यपि, आर्थिक वृद्धिको परिचालकका रूपमा रहेको पुँजीगत खर्च आर्थिक वर्षको मध्यसम्म सुस्त रहने विगतको प्रवृत्तिमा उल्लेख्य सुधार हुन सकेको छैन,' समीक्षामा उनले भनेका छन्, 'पूर्वतयारी सम्पन्न नभएका आयोजना बजेटमा समावेश गर्ने, वन क्षेत्रको उपयोगमा प्रक्रियागत जटिलताले स्वीकृति प्राप्त गर्न समय लाग्ने, खरिद कानुनमा रहेको जटिलता तथा अन्तरनिकाय समन्वयमा कमीलगायत कारणले लक्ष्यअनुरूप पुँजीगत खर्च गर्न सकिएको छैन।'

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरतकता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सुम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी कम्पनी: बलवा एग्रो मार्ट प्रा.लि.**, संचालक तथा जमानीकर्ताहरु: धैर्य कला देवी झा,विनिता देवी झा दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २५३९०१/०७७/७८, दर्ता मिति २०७७/१०/१३, ठेगाना: जिल्ला महोत्तरी बलवा न.पा. वडा नं. ६
२)	**१) ऋणी कम्पनी: सफायर ट्रेडिङ्ग कम्पनी प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: तेज बहादुर खड्का दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: १७१०००/०७४/०७५, दर्ता मिति २०७४/०४/०२, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १४ **कर्जाको किसिम: व्यक्तिगत कर्जा** **२) ऋणी: रमिला बोगटी** स्थायी ठेगाना: भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ८, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ बाबु: लिला बहादुर बोगटी, ससुरा: जनक बहादुर खड्का, पति : तेज बहादुर खड्का
	जमानीकर्ताहरु: १) सगुन खड्का, स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, बाबु: तेज बहादुर खड्का, बाजे: जनक बहादुर खड्का, **२) सुमन खड्का**, स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, बाबु: तेज बहादुर खड्का, बाजे: जनक बहादुर खड्का, **३) तेज बहादुर खड्का**, स्थायी ठेगाना: सर्लाही जिल्ला, हरिवन गाँउ पञ्चायत वडा नं. ९, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, बाबु: जनक बहादुर खड्का, बाजे: रण बहादुर खड्का
३)	**ऋणी फर्म: आहाना मदिरा स्टोर**, प्रोप्राईटर तथा जमानीकर्ता: अनिता थापा दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा) प्रा.फ.र.नं. १४४२ ९१/०७५/७६, दर्ता मिति २०७५/०६/१२, ठेगाना: जिल्ला काठमाडौं, दक्षिणकाली न.पा. वडा नं. १
४)	**ऋणी: सुन माया पाखीन** स्थायी ठेगाना : मकवानपुर जिल्ला, चुरियामाई गा.वि.स. वडा नं. ८, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, बाबु: सुर्य बा. डिम्डुङ्ग, ससुरा : सोम बहादुर पाखिन, पति : धर्मराज पाखीन
५)	**ऋणी फर्म: अनमोल कृषि फार्म**, प्रोप्राइटर तथा जमानीकर्ता - नमराज जमकटेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, विदुर, नुवाकोटमा उद्योग दर्ता नं. १५८५/३२९४/०७१/०७२, दर्ता मिति: २०७१/१२/११, ठेगाना: जिल्ला नुवाकोट, बेलकोटगढी न.पा. वडा नं. १०
६)	**ऋणी फर्म: मेडिको आविस्कार फार्मेसी**, प्रोप्राइटर तथा जमानीकर्ता: देवेन्द्र काफ्ले दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन, नेपालमा प्रा.फ.र.नं. १६६२/०७९/०८०, दर्ता मिति: २०७९/११/०३, ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. १०
७)	**ऋणी: पवन गुरुङ** स्थायी ठेगाना: चितवन जिल्ला, पिठुवा गा.बि.स. वडा नं. ७, हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: शेर बहादुर गुरुङ, बाजे: गोपीचन्द्र
८)	**ऋणी: अशोक पोद्दार** ठेगाना: मोरङ्ग जिल्ला, बिराटनगर उ. म.न.पा. वडा नं. ७, बाबु: श्याम लाल पोद्दार, बाजे: पदम पोद्दार
९)	**ऋणी: खिनमाया सुबेदी** स्थायी ठेगाना: मोरङ जिल्ला, केराबारी गा.वि.स वडा नं २, हालको ठेगाना: मोरङ जिल्ला, केराबारी गा.पा. वडा नं. ८ बाबु: पदम ब. आचार्य, ससुरा: मुक्ति प्रसाद सुबेदी, पति: पुण्य प्रसाद सुबेदी
१०)	**ऋणी: वसन्त कुमार राजवंशी** स्थायी ठेगाना: मोरङ जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: मोरङ जिल्ला, सुनवर्सी न.पा. वडा नं.६ बाबु: जगादिश राजवंशी, बाजे: दुजन राजवंशी

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

सिँजाका सय युवालाई किसान कर्जा

जुम्ला/ पुँजी अभाव र युवामैत्री नीति नहुँदा गाउँ-गाउँबाट पलायन हुने युवाको संख्या बढिरहेको त छ नै, गाउँमै भएका युवा पनि आर्थिक अभावले उद्यमशीलतामा जोडिन सकेका छैनन्। यही अवस्थालाई मध्यनजर गर्दै सिँजाका एक सय युवालाई १० लाखसम्म सरल कर्जा दिइने भएको छ। सिँजा गाउँपालिकाले युवालाई उद्यमशीलता र उत्पादनसँग जोड्न 'किसान सरल कर्जा'मार्फत रकम दिन थालेको हो।

गाउँपालिकाले कार्यविधि निर्माण गरी सयजना उद्यमी छनोट गर्ने र ती उद्यमीलाई 'किसान सरल कर्जा' कार्यक्रममार्फत १० लाख रुपैयाँसम्म कर्जा दिइने

गाउँपालिका र राष्ट्रिय वाणिज्य बैंकबिच भएको सम्झौताअनुसार सिँजामा सयजना नयाँ उद्यमी उत्पादन गर्न यसले सहयोग पुऱ्याउनेछ। गाउँपालिकाले कार्यविधि निर्माण गरी सयजना उद्यमी छनोट गर्ने र ती उद्यमीलाई बैंकले 'किसान सरल कर्जा' कार्यक्रममार्फत १० लाख रुपैयाँसम्म कर्जा उपलब्ध गराइने सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले बताए।

किसान सरल कर्जा उपलब्ध गराउने विषयमा बैंक र गाउँपालिकाबिच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। अध्यक्ष धितालका अनुसार छनोट भएका पालिकाका युवाले कृषि उद्यमशीलता तथा उत्पादनमूलक कार्यका लागि १० लाखसम्म सरल कर्जा पाउनेछन्। 'बैंकले ५ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्नेछ। उक्त ऋणको १ प्रतिशत ब्याज पालिकाले तिर्नेछ। त्यसका लागि छिट्टै कार्यविधि निर्माण गरी पारित गरेर कार्यान्वयनमा ल्याउनेछौं,' धितालले भने।

आठ वर्षमा पनि बनेन पुल

दुई वर्षमा सक्नुपर्ने काभ्रे र मकवानपुर जोड्ने पक्की पुल ठेकेदारले आठ वर्षदेखि अलपत्र पारेपछि मुख्यमन्त्री र पूर्वाधारमन्त्रीलाई गुहार्दै स्थानीय

मकवानपुरमा **पोष्टराज अधिकारी**

ठेक्का सम्झौताअनुसार समयमै काम भएको भए काभ्रे र मकवानपुर जोड्ने पक्की पुल ६ वर्षअघि नै सञ्चालनमा आइसक्नुपर्ने थियो। तर, दुई वर्षमा निर्माण सक्नुपर्ने पुल आठ वर्ष बितिसक्दासमेत बन्न सकेको छैन।

निर्माणको जिम्मेवारी पाएको ठेकेदार कम्पनीले समयमै काम नगरिदिँदा काभ्रेको खानीखोला र मकवानपुरको बागमती गाउँपालिकालाई जोड्ने पक्की पुल अलपत्र परेको आठ वर्ष भयो। ठेकेदारले आठ वर्षदेखि पुल अलपत्र पारेपछि निर्माणका लागि दबाब दिन स्थानीयवासीले बागमती प्रदेशका मुख्यमन्त्री र प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीलाई गुहारेका छन्।

दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी पुल निर्माणको जिम्मा पाएको महादेव-शिखर-तामाकोशी-जेभीलाई पुल निर्माणको काम तत्काल सम्पन्न गर्न दबाब दिन स्थानीयवासीले मुख्यमन्त्री र भौतिक पूर्वाधारमन्त्रीलाई गुहारेका हुन्। तत्कालीन जिल्ला विकास समिति मकवानपुरले आर्थिक वर्ष ०७३/७४ मा ठेक्का लगाएर पुल निर्माणको काम सुरु भएको थियो। काभ्रेको खानीखोला गाउँपालिका वडा नम्बर ५ र मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ५ सिक्रेदोभान जोड्ने बागमती नदीमाथिको पुल निर्माण नहुँदा त्यहाँका स्थानीयवासीलाई आवतजावतमा समस्या छ।

काभ्रेको खानीखोला र महाभारत तथा मकवानपुरको बागमती गाउँपालिकाका जनप्रतिनिधि र स्थानीयले मुख्यमन्त्री बहादुरसिंह लामा तामाङ र भौतिक पूर्वाधारमन्त्री अमनकुमार मास्केलाई भेटेरै उक्त पुल समयमै निर्माण गर्ने वातावरण मिलाइदिन आग्रह गरे। उक्त पुल समयमै निर्माण नहुँदा काभ्रेको खानीखोला र महाभारत गाउँपालिकाका नागरिकले प्रदेश राजधानी हेटौंडासम्म आवतजावत गर्न र दैनिक उपभोग्य सामान र आफूहरूले उत्पादन गरेको कृषिउपज ओसारपसारमा समस्या झेल्दै आएको उनीहरूको गुनासो छ।

दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी पुल निर्माणको जिम्मा महादेव-शिखर-तामाकोशी-जेभीले पाएको थियो। भ्याटबाहेक ११ करोड ६५ लाखमा ठेक्का पारेको निर्माण कम्पनीले काम नगर्दा पुलको काम मात्रै रोकिएन स्थानीयले नदी तर्नसमेत सास्ती खेप्दै आएका छन्। महाभारत गाउँपालिकाका अध्यक्ष कान्छाराम जिम्बाका अनुसार अहिलेसम्म पुलको पिल्लर उठाउने, नदीको बिचमा 'पाइलिङ' गर्ने र काभ्रेपलाञ्चोकतर्फको पिल्लरको पाइलिङको काम मात्रै सकिएको छ।

उक्त पुलको निर्माण कार्य समयमै सम्पन्न गर्न सके काभ्रेको विकट खानीखोला र महाभारत गाउँपालिकालाई मकवानपुरको बागमती गाउँपालिकाको भोर्लेनी हुँदै प्रदेशको राजधानी हेटौंडासँग जोड्न सकिने अध्यक्ष रुम्बाको भनाइ छ। उनले उक्त सडक सञ्जालमार्फत सबैभन्दा नजिकको बजार हेटौंडासँगै बागमतीको झुप्रुरे-भोर्लेनी, तालढुंगा र देवीटार सडक र काभ्रेको रोशी गाउँपालिका हुँदै बिपी लोकमार्गसम्म जोड्न सकिने जानकारी दिए।

निर्यातमा एकतिहाइ हिस्सा प्रशोधित खानेतेलको

विदेशबाट कच्चा पदार्थ ल्याई प्रशोधन गरेर भारत निर्यात हुने भटमास र सूर्यमुखी तेलको निर्यात ह्वात्तै बढ्यो

काठमाडौं/ नेपालको कुल निर्यातमा प्रशोधित खानेतेलको हिस्सा झन्डै एकतिहाइ पुगेको छ। चालू आर्थिक वर्षको सात महिनामा भएको कुल नेपालले एक खर्ब २७ अर्ब २० करोडको वस्तु निकासी गरेको छ। जसमा प्रशोधित खानेतेल भटमास, पाम र सूर्यमुखीको हिस्सा ३१.७४ प्रतिशत रहेको छ।



चालू आर्थिक वर्षको सात महिनामा नेपालबाट ४० अर्ब ३७ करोडबराबरको प्रशोधित तेल निर्यात भएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जनाएको छ। विभिन्न देशबाट कच्चा पदार्थ ल्याई प्रशोधन गरेर भारत निर्यात हुने प्रमुख निर्यातजन्य वस्तुका रूपमा भटमास, पाम र सूर्यमुखी तेल देखिएका हुन्। यसअघि पनि नेपालको कुल निर्यातमा प्रशोधित खानेतेलको हिस्सा आधाभन्दा बढी पुगिसकेको छ। यस अवधिमा ३२ अर्ब ४१ करोड ६१ लाखबराबरको भटमासको तेल, ६ अर्ब ५७ करोड ६७ लाखबराबरको सूर्यमुखी तेल र एक अर्ब ३८ करोड २८ लाखबराबरको पाम तेल निर्यात भएको हो। यसबिचमा भटमासको तेल र सूर्यमुखी तेलको निर्यात ह्वात्तै बढेको देखिन्छ। केन्द्रका अनुसार भटमासको तेलको निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा पाँच हजार आठ सय ८६ प्रतिशत र सूर्यमुखी तेलको निर्यात चार हजार तीन सय २२ प्रतिशतले बढेको हो।

नेपालको कुल निर्यातमा २५.४८ प्रतिशतको हिस्सा ओगट्दै भटमासको तेल प्रमुख निर्यातजन्य वस्तु बनेको छ। त्यस्तै, ५.१७ प्रतिशत हिस्सा ओगट्दै सूर्यमुखी तेल प्रमुख निर्यातजन्य वस्तुको सूचीको पाँच नम्बरमा परेको छ। प्रशोधित खाद्य तेलकै कारण भारततर्फको निकासी उच्चदरमा बढेको छ। नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यात ६६.९० प्रतिशतले वृद्धि भई ९८ अर्ब एक करोड पुगेको छ।

अन्तर्राष्ट्रिय नारी दिवसमा नबिल बैंकको वाकाथन



काठमाडौं/ नबिल बैंक लिमिटेडले अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा वाकाथन आयोजना गरेको छ। 'वुमन इन मोसन-एक्सलेरेट एक्सन' शीर्षकमा महिलाको सहनशीलता, उपलब्धि र योगदानको उत्सव मनाउने उद्देश्यले वाकाथन आयोजना गरिएको बैंकले जनाएको छ। केन्द्रीय कार्यालयमा वाकाथनको सुरुवात गर्दै बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले बैंकले महिलालाई प्राथमिकता दिएको बताए। उनले बैंकका विभिन्न विभागमा महिलाले नेतृत्व गरिरहेको उल्लेख गर्दै बैंकको विकासमा उनीहरूको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरे।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले बैंकले मार्च ८ मा मात्रै नभई महिनाभरि नै विभिन्न कार्यक्रम गरी महिला दिवस मनाउन गइरहेको जानकारी दिए। 'महिला पनि नेतृत्वका लागि अगाडि आउन जरुरी छ,' उनले भने, 'त्यसका लागि बैंक विभिन्न क्षेत्रमा अवसर उपलब्ध गराउन सदैव तयार छ।'

बैंकका अनुसार दिवसका अवसरमा विभिन्न १२ स्थानबाट एकैसाथ वाकाथन सुरु गरिएको थियो। काठमाडौं, विराटनगर, बिर्तामोड, जनकपुर, वीरगन्ज, पोखरा, नेपालगन्ज, तुलसीपुर, सुर्खेत, धनगढी, बुटवल र नारायणगढमा भएको वाकाथनमा बैंकमा कार्यरत १२ सयभन्दा बढी कर्मचारीको सहभागिता थियो। उक्त कार्यक्रमले लैंगिक समानताका पक्षमा सन्देश प्रवाह गर्दै समावेशी समाज निर्माणका लागि सकारात्मक परिवर्तन ल्याउनेमा बैंकले विश्वास व्यक्त गरेको छ।

प्रभु क्यापिटलले महिलालाई गऱ्यो सम्मान



काठमाडौं/ प्रभु क्यापिटल लिमिटेडले महिलालाई सम्मान गरेको छ। कम्पनीले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गर्ने नेपाली नारीको योगदानको कदर गर्दै उनीहरूलाई सम्मान गरेको हो।

'सबै महिला र चेलीबेटीका लागि : अधिकार, समानता र सशक्तीकरण' विषयमा ऐक्यबद्धता जनाउँदै कम्पनीका प्रबन्ध निर्देशक आशिष गौचन तथा सञ्चालन विभाग प्रमुख वसन्ता उपाध्यायले महिलाको परिश्रम तथा उपलब्धिको कदर गर्दै नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने असाधारण महिलाका रूपमा सम्मानित गरेका हुन्।

कम्पनीले सम्मान गरेका महिलामा पूर्वमिस नेपाल सुगारिका केसी, मिडिया पर्सनालिटी तथा उद्यमी सरिता ज्ञवाली, अन्तर्राष्ट्रिय कर्पोरेट प्रशिक्षक मानसी अग्रवाल, पहिलो नेपाली ओलम्पिक पदक विजेता पलेशा गोवर्धन रहेका छन्।

त्यसैगरी, ह्याप्पी माइन्ड्सकी संस्थापक श्रेया गिरी, उद्यमी संगीता पाण्डे, टेक बिजनेस अलोई सोनिका मानन्धर र नेपाल महिला उद्यमी संघ, ललितपुरकी निवर्तमान अध्यक्ष रम्भा श्रेष्ठ रहेका छन्। प्रभु क्यापिटल मर्चेन्टसम्बन्धी सेवा प्रदान गर्ने संस्था हो। यो कम्पनीले पुँजी बजारसँग सम्बन्धित सचेतना कार्यक्रम तथा तालिम प्रदान गर्दै आइरहेको छ।

नारी दिवसमा सिटिजन लाइफको रचनात्मक कार्यक्रम



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीअन्तर्गतको 'विमेन्स फोरम'ले अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा 'रचनात्मक साहित्यिक प्रतियोगिता' गरेको छ। फोरमले कम्पनीमा कार्यरत सबै महिला कर्मचारीबिच रचनात्मक साहित्यिक प्रतियोगिता आयोजना गरेको हो। भर्चुअल माध्यममार्फत गरिएको कार्यक्रममा करिब एक सय ८० जनाको सहभागिता रहेको थियो। प्रतियोगितामा सहभागिता जनाएका कर्मचारीमध्येबाट उत्कृष्ट पाँचजनालाई रचना प्रस्तुत गर्ने अवसर प्रदान गरिएको थियो भने प्रथम, द्वितीय र तृतीय हुनेलाई कम्पनीको व्यवस्थापन टिमले पुरस्कार वितरण गरेको थियो।

कार्यक्रमकी अतिथि नेपाल धितोपत्र बोर्डकी उपकार्यकारी निर्देशक दीपा दाहालले वित्तीय उद्योगमा महिलाको भूमिकाबारे अनुभव साझा गर्दै उनीहरूको योगदान, चुनौती र आगामी बाटोबारे प्रकाश पारिन्। साथै, उनले महिला सशक्तीकरणका लागि महिलाले नै पहल गर्नुपर्ने र पुरुषले पनि साथ दिनुपर्ने कुरामा जोड दिइन्।

त्यस्तै, फोरम संयोजक रीता पाठकले आचारसंहिता तयार गरी महिलाको भूमिकालाई प्रोत्साहन र समर्थन गर्ने प्रतिबद्धता जनाएकी थिइन्। साथसाथै कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले सुरक्षित र समावेशी कार्यस्थल बनाउने कम्पनीको प्राथमिकता रहेको र सोहीअनुसार कार्यक्रम गरिएको जानकारी गराए।

महिलाका लागि 'ग्लोबल म उद्यमी' कर्जा

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले साना तथा मझौला उद्यमीलक्षित 'ग्लोबल म उद्यमी' कर्जा सार्वजनिक गरेको छ। महिला उद्यमीलाई वित्तीय सहजीकरण गर्ने उद्देश्यसहित रोजगारीको विकास, सामाजिक विकास र स्थानीय समुदायमा आर्थिक सशक्तीकरणमा सहयोग पुग्ने गरी बैंकले उक्त कर्जा ल्याएको जनाएको छ। यस योजनाले महिलालाई उद्यमी भई व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने बताइएको छ।

महिलाले नेतृत्व गरेको कृषि, उत्पादन, प्रशोधन तथा बजारीकरण क्षेत्रको घरेलु, साना तथा मझौला उद्योगलाई बैंकले विशेष प्राथमिकता दिई कर्जा प्रदान गर्नेछ। योजनाअन्तर्गत आकर्षक सुविधासहित न्यूनतम ब्याजदरमा महिला उद्यमीलाई १० करोड रुपैयाँसम्मको कर्जा प्रदान गरिने बैंकले जनाएको छ। कर्जा प्राप्त गर्न महिलाको कम्तीमा ५० प्रतिशत स्वामित्व भएको र उनीहरूकै नेतृत्वमा व्यवसाय सञ्चालन भएको हुनुपर्नेछ। 'ग्लोबल म उद्यमी' कर्जा लिँदा बैंकले उद्यमी डिजिटल उपहार प्रदानसमेत गर्नेछ।

रिडी ग्रुप लिमिटेडको शेयर रकम भुक्तानी गर्ने बारेको ३० दिने सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८१/११/२६ गते)

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको रिडी ग्रुप लि. नामक (लि. दर्ता नं. १८७९७५/०७४/०७५, मिति २०७५/०९/०७ गते) कम्पनीका संस्थापक शेयरधनीहरूले कम्पनी स्थापनाका बखत लिन कबुल गर्नु भएको प्रति शेयर रु. १००/- दरको शेयर मध्ये २० प्रतिशत शेयर रकम मात्र कम्पनीमा भुक्तानी गर्नु भएको र यस कम्पनीको मिति २०८१/११/९ गतेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम शेयर रकम भुक्तानी गर्न बाँकी रहेका शेयरधनीहरूसँग बाँकी रहेको सम्पुर्ण ८० प्रतिशत शेयर रकम भुक्तानी माग गर्ने निर्णय भए बमोजिम सम्बन्धित सरोकारवाला सम्पुर्ण शेयरधनी महानुभावहरूमा जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण ८० प्रतिशत शेयर रकम यस कम्पनीको रजिष्टर्ड कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा जम्मा गर्न वा यस कम्पनीको नाममा रहेको नेपाल बैक लिमिटेड, सैनिक शाखा त्रिपुरेश्वर, काठमाडौं स्थित खाता नं. २१५००१०६५२३४६९०००००१ मा जम्मा गरी सो को सक्कल भौचर प्रति यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दाखिला गर्नु हुन अनुरोध छ। यदि यो सूचनामा तोकिए बमोजिमको ३० दिनको अवधि भित्र कम्पनीमा बुझाउनु पर्ने बाँकी सम्पुर्ण ८० प्रतिशत शेयर रकम दाखिला नगर्नु भएमा यस अधि तपाईले भुक्तानी गर्नु भएको शेयर रकम बराबरको शेयर मात्र तपाईको नाममा कायम गरी बाँकी शेयर कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम कम्पनीले जफत गर्न सक्नेछ।

संचालक समिति

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति

उत्कृष्ठ होमस्टे छनौटको लागि विवरण उपलब्ध गराउने सूचना

(पुनः सुचना प्रकाशित मितिः २०८१।११।२५)

समितिको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत कार्यक्रम पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत देशभर सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरु मध्येवाट उत्कृष्ट छनौट हुने प्रथम, द्वितिय तथा तृतिय होमस्टेहरुलाई क्रमशः नगद रु.१ लाख, रु.७५ हजार र रु.५० हजार नगद (नियमानुसार कर कट्टी गरि) पुरस्कारवाट सम्मानित गरिने कार्यक्रमको लागि देशभर संचालनमा रहेका सामुदायिक होमस्टेहरुवाट आवश्यक विवरण पेश गर्न मिति २०८१।१०।२३ को राष्ट्रिय दैनिक नयाँ पत्रिकामा २१ दिनको समय दिई विवरण माँग गरिएकोमा उक्त समयावधी भित्र पर्याप्त मात्रामा होमस्टेहरुवाट विवरण प्राप्त नभएकाले प्राप्त विवरणहरुलाई यथावत राखि उल्लेखित पुरस्कार वितरण कार्यक्रमको लागि यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र सम्बन्धित होमस्टेहरुलाई विवरणहरु पेश गर्न पूनः सूचना प्रकाशित गरिएको छ।

नोटः-(विस्तृत जानकारीको लागि मिति २०८१।१०।२३ गतेको नयाँ पत्रिका, समितिको वेभसाईट www.taragaon.gov.np हेर्नु हुन तथा समितिका योजना शाखा प्रमुख श्री मनिषा भट्टराई मोवाईल नं.९८५१३४५८१० मा सम्पर्क गर्नु हुन।)

केन्द्रीय कार्यालय
सहभागिता मार्ग, मध्यवानेश्वर, काठमाण्डौ ।
सम्पर्क नं.०१-५१७२०६६ (ग्रामीण पर्यटन तथा योजना शाखा)

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, धनकुटा

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/२५

यस आयोजना अन्तर्गत सञ्चालित खाँदबारी ढल निर्माण तथा प्रशोधन आयोजनामा विभिन्न निर्माण कार्यहरू खुल्ला प्रतिस्पर्धाबाट गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका इजाजत प्राप्त व्यक्ति, फर्म वा निर्माता कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रहने गरी छुट्टाछुट्टै e-bidding मार्फत बोलपत्र आव्हान गरिन्छ।

१. यो सूचना प्रकाशित मितिले ३१ (एकतीस) औं दिनको १२ बजे भित्र रु १००००।- फिर्ता नहुने गरी बुझाई आ. व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र, इजाजत प्रमाणपत्र एवं म्याद थप गरेका कागजातका प्रमाणित प्रतिलिपिहरू सम्लग्न गरी www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र खरिद गर्न सकिने छ। बोलपत्र दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनकुटा शाखाको राजश्व शिर्षक नं. १४२२९ (प्रशासनिक दस्तुर बोलपत्र), कार्यालय कोड नं. ३१३०१०६०१ र संघीय राजश्व खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको स्क्यान कपी भौचर सहित सम्लग्न गरेको हुनु पर्ने छ।

२. जमानत बापत तोकिएको रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनकुटा शाखाको कार्यालय कोड नं. ३१३०१०६०१ र संघीय धरौटी खाता नं. क-२-३-२०१०१००१०२०३०००० मा जम्मा गरेको स्क्यान भौचर वा मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र (बिड बन्ड) बोलपत्र खोलिने दिनले कम्तीमा १२० दिनको म्याद भएको सम्लग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२ बजेसम्म online e-bidding मार्फत पेश गर्नुपर्ने छ। online e-bidding मार्फत दर्ता भएका बोलपत्र सोही दिन दिनको २.०० बजे बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिने छ। बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. www.bolpatra.gov.np/egp बाट खरिद गरिएको बोलपत्रको मूल्य अङ्कित परिमाण सूचिको दररेट महलको अङ्क र अक्षरमा उल्लेख गरी online e-bidding मार्फतबाट मात्र बोलपत्र पेश गर्नुपर्ने छ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

४. E-submission मा भएका बोलपत्रहरू खोल्ने समयमा E-bid दर्ता भएको नदेखिएमा वा फाइल Corrupt भई नखुलेमा सोको लागि कार्यालय जिम्मेवार हुने छैन।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा क्रमशः सो कार्यहरू गरिने छ।

६. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. यस सूचनामा नपरेका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

८. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

बोलपत्र सम्बन्धि केहि कुरा संशोधन गर्न पर्ने भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनुको साथै E-Bid Addendum गरिने छ।

क्र. सं.	बोलपत्र नं.	कामको विवरण	आयोजना स्थल	जमानत रकम रू	बोलपत्र दस्तुर रू
१.	FWSSMP/Dhankuta/ NCB/ Works/२५।२०८१।०८२	खाँदबारी ढल निर्माण तथा प्रशोधन आयोजना (Package-I)	खाँदबारी न.पा.- १,७,८,९, संखुवासभा	६२,००,०००।-	१००००।-

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८१/११/२५, आइतबार

यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल र नारायणगढबाट तपसिलमा उल्लेखित ऋणीहरुले निम्नानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, ब्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ। अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण वापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन (सो दिन बिदा परे सोको पछि कार्यालय खुलेका दिन) यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल र शाखा कार्यालय नारायणगढमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधीकरणमा मुद्दा दायर गरिने तथा यस वित्तीय सस्थासँग भए गरेका लिखत अनुसार यस वित्तीय संस्थाको लेना रकम असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सि.नं.	ऋणी तथा जमानी दिनेहरूको नाम	
१.	**सावित्री श्रेष्ठ** ना.प्र.प.नं.: ३४४७, धादिङ्ग जारी मितिः २०४४।११।१९, धादिङ्ग पतिको नामः रुपक चन्द्र अमात्य ससुराको नामः शुशिल चन्द्र अमात्य ठेगानाः धादिङ्ग जिल्ला, वैरेनी गा.वि.स. वडा नं. ९, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, पाटनढोका **व्यक्तिगत धनजमानी दिने** **१. राज कुमार थापा** ना.प्र.प.नं.: ८५००/०६३, धादिङ्ग जारी मितिः २०६३।०४।१० बाबुको नामः रामजी थापा बाजेको नामः चन्द्र बहादुर थापा ठेगानाः धादिङ्ग जिल्ला, गल्छी गा.पा. वडा नं. ६	**व्यक्तिगत धनजमानी दिने** **२. सरिक अमात्य** ना.प्र.प.नं.: २८-०१-०६५-००१२१, ललितपुर जारी मितिः २०६५।०१।१० बाबुको नामः रुपक चन्द्र अमात्य बाजेको नामः शुशिल चन्द्र अमात्य ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, पाटनढोका **धितोको विवरण** १. यातायात व्यवस्था कार्यालय, साना/ठूला सवारी, बागमती प्रदेश, एकान्तकुना, ललितपुरमा धनी सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी सावित्री श्रेष्ठ कायम रहेको TATA कम्पनीमा २०१६ मा निर्मित मोडेल SK १६१३ TC/36 च्यासिस नं. MAT388116G1R15637 इन्जिन नं. 61F63526599 दर्ता बा. ४ ख ३७७३ नं. को भाडा ट्रिपर। २. शिव लाल श्रेष्ठको नातिनी, अष्ट लाल श्रेष्ठको छोरी, रुपक चन्द्र अमात्यको पत्नी जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १६, पाटनढोका बस्ने श्रीमती सावित्री श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुर लगनखेलमा श्रेष्ता दर्ता कायम रहेको जिल्ला ललितपुर सावित्र श्रेष्ठको ठेचो गा.वि.स. वडा नं. ८ क, हाल बज्रबाराही नगरपालिका वडा नं. १२ स्थित कि.न. ४५४ र ४५५ जग्गा क्षेत्रफल क्रमशः ०-३-०-० र ०-३-०-० (रो-आ-पै-दा) जग्गा, सोले चर्चेको लिगलगापात समेत। ३. सुशिल चन्द्र आमात्यको बुहारी, रुपक चन्द्र आमात्यको पत्नी ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा.न. १६, न्याडल बस्ने सावित्री श्रेष्ठको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता कायम रहेको सावित्र: नारायणगढ गा.वि.स. वडा नं ९।क, चितवन स्थित कि.नं.८०६ को क्षेत्रफल (०-१-०-०) (बि.क.धु.क) (एक कठ्ठा मात्र) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
२.	**मान सरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा.लि.** कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको साबिक मानसरोवर स्याण्ड वासिङ्ग उद्योग प्रा. लि. हाल परिवर्तित नाम मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. दर्ता नं.: २१२९४२/०७५/०७६ दर्ता मितिः २०७५/१२/१८ स्थायी लेखा नं.: ६०६८४०८१९ संचालकको नामः साबित्री श्रेष्ठ ठेगाना : धादिङ्ग जिल्ला, गल्छी गा.पा. वडा नं. ६ **व्यक्तिगत तथा संस्थागत धनजमानी दिने** **१. सावित्री श्रेष्ठ** ना.प्र.प.नं.: ३४४७, धादिङ्ग जारी मितिः २०४४।११।१९, धादिङ्ग पतिको नामः रुपक चन्द्र अमात्य ससुराको नामः शुशिल चन्द्र अमात्य ठेगानाः धादिङ्ग जिल्ला, वैरेनी गा.वि.स. वडा नं. ९, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, पाटनढोका **धितोको विवरण** १. सुशिल चन्द्र आमात्यको बुहारी, रुपक चन्द्र आमात्यको पत्नी ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा.न. १६, न्याडल बस्ने सावित्री श्रेष्ठको नाममा दर्ता श्रेष्ता कायम रहेको धादिङ्ग जिल्ला, सावित्र बैरेनी गा.वि.स. वडा नं.९ ड, हाल गल्छी गा.पा. वडा नं. ६ स्थित कित्ता नं. २७१, १००४, २१८, ४७१, ९२२, ९२४, ३०५ र ३०७ क्षेत्रफल ०-१-१-३, ०-०-०-१, ०-०-१-२, ०-३-३-०, ०-१-२-२, १-८-१-१, ०-०-१-३ र ०-१-२-० को जम्मा क्षेत्रफल २-१-०-० जग्गा र सोले चर्चेको लिगलगापात समेत। २. धनी यस संस्था ऋणी मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. कायम रही यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको इन्जिन नं. H00113999, च्यासिस नं. HAR3DXSUH01496195, दर्ता नं. बा २ क ३८३८ को JCB 3DX Backhoe Loader वर्ष 2016 को मेसिन थान १। ३. धनी यस संस्था ऋणी मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. कायम रही यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको इन्जिन नं. 90034449, च्यासिस नं. LCG922DCZ01700254, दर्ता नं. बा ३ क ८८५ को LiuGong Excavator वर्ष 2018 को मेसिन थान १। ४. धनी यस संस्था ऋणी मानसरोवर कन्स्ट्रक्सन एण्ड स्याण्ड वास प्रा. लि. कायम रही यस संस्थाको नाममा यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको इन्जिन नं. 22226412, च्यासिस नं. N602D01963, दर्ता नं. बा २ क ६००३ को Hyundai R220 LC-7 Excavator वर्ष 2017 को मेसिन थान १। ५. यातायात व्यवस्था कार्यालय, साना/ठूला सवारी, बागमती प्रदेश, एकान्तकुना, ललितपुरमा धनी सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी मानसरोवर स्याण्ड वासिङ्ग उद्योग प्रा.लि. कायम रहेको Liugong कम्पनीमा २०१८ मा निर्मित मोडेल CLG 922 D HD च्यासिस नं. 922L18CZ00062 इन्जिन नं. 90036469 दर्ता नं. बा. ३ क १४३४ नं. को Excavator।	

लिलामीका शर्तहरु

१. गोप्य शिलबन्दी बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल ललितपुर र शाखा नारायणगढबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नु पर्ने छ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/ कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल, ललितपुर र शाखा कार्यालय नारायणगढमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्ने छ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुने छ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंमले नै व्यहोर्नु पर्ने छ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ साल चैत्र महिना १० गते आइतबार कार्यालय समय भित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ साल चैत्र महिना ११ गते सोमबार दिनको ३ बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय कुपण्डोल शाखा कार्यालय नारायणगढ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७७

नयाँ पत्रिका

वर्षभरि क्रिकेटलाई व्यस्त बनाउने क्यानको क्यालेन्डर



क्यानले पुरुषतर्फ १२ तथा महिलामा नौ अन्तर्राष्ट्रिय प्रतियोगितासहित ५५ कार्यक्रम पाऱ्यो तयार

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान) ले वर्ष भरी खेलाडीलाई व्यस्त बनाउन वार्षिक क्यालेन्डर तयार पारेको छ। क्यानले सन् २०२५ मा पुरुषतर्फ १२ तथा महिलातर्फ ९ अन्तर्राष्ट्रिय क्रिकेट खेल पक्का गरेको छ। सिनियर पुरुष र महिलासँगै उमेर समूहका यू-१९ र यू-१६ को वार्षिक क्यालेन्डर क्यानले शनिबार सार्वजनिक गरेको हो। वर्षभरि क्यानले समग्रमा ५५ वटा विभिन्न कार्यक्रममा खेलाडीलाई व्यस्त बनाउनेछ।

आइसिसी टी-२० विश्वकप छनोट र आइसिसी पुरुष विश्वकप लिग २ नै मुख्य प्रतियोगिताका रूपमा रहेका छन्। क्यानले स्कुल र महानगरपालिका कपलाई नयाँ प्रतियोगिताका रूपमा राखेको छ। यसैगरी, नेपाल प्रिमियर लिग (एनपिएल)को 'मिनी अक्सन'समेत समावेश छ। सिनियर पुरुष टोलीले अप्रिलमा आयोजक हङकङ, कतार र नामिबियासँग खेल्नेछ। मेमा विश्वकप लिग २ को तयारीका लागि बेलायतको भ्रमण गर्नेछ। जुनमा आइसिसी विश्वकप लिग २ मा आयोजक स्कटल्यान्ड र नेदरल्यान्ड्ससँग नेपालले खेल्ने तालिका छ। विश्वकप लिग २ पछि नेपालले स्कटल्याण्डविरुद्ध नेपाल टी-२० सिरिज खेल्नेछ।

नेपाली पुरुष टोली टी-२० विश्वकप छनोटको तयारी गर्न श्रीलंकामा जानेछ। भारतका विभिन्न स्थानमा पकेट क्याम्प गर्ने क्यानको योजना रहेको सचिव पारस खड्काले बताए। भारत भ्रमणपछि विश्वकप छनोटका लागि नेपालले अस्ट्रेलियाको भ्रमण गर्नेछ। त्यसपछि टी-२० तयारीका लागि टेस्टको स्थायी सदस्यसँग युएईमा सिरिज खेल्नेछ। अक्टोबरमा ओमानमा विश्वकप छनोट खेल्ने, यूएईमा विश्वकप लिग २, हङकङमा हङकङ सुपर सिक्सेस र ओमानसँग दुई खेलको एकदिवसीय सिरिज खेल्ने तालिका छ।

महिलालाई पनि प्राथमिकता

यसपटक क्यानले वार्षिक क्यालेन्डर सार्वजनिक गर्दा महिला सिनियर टोलीलाई पनि प्राथमिकतामा राखेको छ। महिलातर्फ घरेलु भूमिमा नेदरल्यान्ड्स र थाइल्यान्डसँग प्रतिस्पर्धा भइसकेको छ। दुई साताको क्लोजक्याम्पछि महिला टोली अहिले युगान्डामा शनिबारदेखि सुरु भएको चार देशीय सिरिजमा सहभागी भइरहेको छ। युगान्डा भ्रमणपछि महिला खेलाडीले भुटानसँग त्रिवि मैदानमा प्रतिस्पर्धा गर्नेछन्। त्यसपछि थाइल्यान्डमा महिला टी-२० विश्वकप छनोट खेल्दा थाइल्यान्डमै महिला इमर्जिङ टिम्स एसिया कप खेल्ने तालिका छ। नेपालमै मलेसिया र युएई बोलाएर टी-२० सिरिज हुनेछ।

विश्वकपमा छनोट हुन लामो तयारी गर्छौं

● **पारस खड्का**, सचिव, क्यान



२०२५ क्यालेन्डर शनिबारबाट आधिकारिक रूपमा सुरु भएको छ। योपटक काठमाडौंमा मात्रै नभएर देशैभरि प्रतियोगिता आयोजना गर्ने योजना बनाएका छौं। हामीहरूको योजनामा विश्वकप नै कठिन रहेको छ। विश्वकपमा छनोट हुनुपर्ने दबाब छ। क्यान त्यसको तयारीमा लागेको छ। मुख्य प्रशिक्षकका लागि दुईजना पूर्वप्रशिक्षकले आवेदन दिएका छन्। त्यसबाहेक सबैजना नयाँ हुन्।

घरेलु प्रतियोगिता

क्यानले घरेलु क्रिकेटमा गतिविधि हुने गरी तालिका तयार पारेको छ। गत जनवरीमा जय ट्रफी र फेब्रुअरीमा पिएम कप जिल्ला छनोट प्रतियोगिता क्यालेन्डरमा समावेश छ। आइतबारदेखि पिएम कप राष्ट्रिय क्रिकेट सुरु हुँदै छ। यसपटक लुम्बिनी प्रदेशका तीन मैदानमा पिएम कप आयोजना हुँदै छन्।

अप्रिलमा नेसनल टी-२० च्याम्पियनसिप हुनेछ। टी-२० का विभिन्न प्रतियोगिताले खेलाडी तयार गर्न मद्दत मिल्ने क्यानका सचिव खड्काले बताए। मे र जुन महिनामा नेपाल 'ए'को टोलीले पनि शृंखला खेल्नेछ। सेप्टेम्बरमा भारत वा बंगलादेश गएर शृंखला खेल्ने सम्भावना छ। नोभेम्बरमा दोस्रो नेपाल प्रिमियर लिग हुने तय छ। अगस्टमा मिनी अक्सन हुनेछ। डिसेम्बरमा हुने महानगरपालिका कपमा ६ वटै महानगरको टोली बनाएर राष्ट्रिय खेलाडी नै समावेश हुने गरी प्रतियोगिता खाका बनाइएको छ। महिलातर्फ पिएम कप भइसकेको छ। यसैगरी, पुरुष र महिलातर्फ उमेर समूहका विभिन्न प्रतियोगिता क्यानले वार्षिक क्यालेन्डरमा समावेश गरेको छ।

मुख्य प्रशिक्षकमा ७० जनाको आवेदन

पुरुष टोलीको रिक्त मुख्य प्रशिक्षक बन्नका लागि ७० जनाले आवेदन दिएको क्यानका सचिव खड्काले बताएका छन्। उनका अनुसार पुरूष पिएम कपअघि नै सर्टलिस्ट नाम सार्वजनिक हुनेछ। दुईजना पूर्वप्रशिक्षकहरूको पनि आवेदन परेको उनले बताए। मोन्टी देसाईसँगको सम्झौता नवीकरण नभएपछि पुरुष टोली एक महिनादेखि प्रशिक्षकविहीन छ।

पुरुष टिमको अन्तर्राष्ट्रिय खेल

हङकङ सिरिज
(९ देखि १३ अप्रिल) हङकङ, नेपाल, कतार, नामिबिया

बेलायत भ्रमण
(१५ देखि ३०, मे) विश्वकप लिग २ खेलअघि

आइसिसी विश्वकप लिग २
(२ देखि १२ जुन) आयोजक स्कटल्यान्ड, नेपाल र नेदरल्यान्ड्स

नेपाल र स्कटल्यान्डविरुद्ध टी-२० आई सिरिज

श्रीलंकामा टी-२० विश्वकप छनोटको तयारी

भारतका विभिन्न स्थानमा पकेट क्याम्प

नेपालले अस्ट्रेलियाको भ्रमण गर्ने
(टी-२० विश्वकप छनोट तयारी)

युएईमा टी-२० विश्वकपको तयारी गर्न टेस्टका स्थायी सदस्यसँग सिरिज

ओमानमा विश्वकप छनोट खेल
(१ देखि १७, अक्टोबर)

युएईमा विश्वकप लिग २
(२३ अक्टोबरदेखि ४ नोभेम्बर) युएई, अमेरिका, नेपाल

हङकङ सुपर सिक्सेस (नोभेम्बर पहिलो साता)

ओमानसँग दुई खेलको एकदिवसीय सिरिज

नेपालमा ओमान र युएईसँग आइसिसी विश्वकप लिग-२

ओमानसँग तीन खेलको टी-२० आई सिरिज (डिसेम्बर)

महिला टोलीको अन्तर्राष्ट्रिय कार्यक्रम

नेपाल, नेदरल्यान्ड्स र थाइल्यान्डसँग सिरिज

दुई साताको बन्द प्रशिक्षण

युगान्डामा चार देशीय सिरिज

भुटानको नेपाल भ्रमण

थाइल्यान्डमा महिला टी-२० विश्वकप छनोट

थाइल्यान्डमै महिला इमर्जिङ टिम्स एसिया कप

नेपालमा टी-२० सिरिज (नेपाल, मलेसिया र युएई)

नेपालले श्रीलंकाको भ्रमण गर्ने (प्रस्तावित)

नेपालमा युगान्डा, युएई र नेदरल्यान्ड्सको सिरिज

तीन वर्षपछि हुँदै सहिद स्मारक 'बी' डिभिजन लिग

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) र क्लबबिचको असमझदारीका कारण सहिद स्मारक 'बी' डिभिजन लिग तीन वर्षसम्म भएन। तर, गत महिना दुवै पक्षबिच समझदारी भएपछि आइतबारदेखि दशरथ रंगशालामा लिग सुरु हुँदै छ। अन्तिमपटक लिग ०७८ सालमा भएको थियो। एन्फाले १३ माघ देखि लिग सुरु गर्ने भनेको थियो। तर, 'बी' लिगमा आबद्ध क्लबहरूले तयारी खर्च तथा पुरानो रकम नर्दिदासम्म प्रतियोगितामा सहभागी नहुने अडान राखेका थिए।

एन्फाले गत माघमा सूचना जारी गर्दै क्लबहरूलाई लिगमा सहभागी हुन आह्वान गरेको थियो। त्यसपछि असन्तुष्ट क्लबहरूले 'बी' डिभिजन लिगमा भाग लिने सहमति जनाए। एन्फाले लिग आयोजना गर्न उचारचढावको सामना गर्नु परेको थियो। एन्फाले १४ क्लबले भाग लिने निश्चित गरेपछि मात्र तयारी थालेको हो। एन्फाले लिग आयौजना गर्न सबै तयारी पूरा भएको जनाएको छ।

> ०७८ देखि हुन नसकेको 'बी' डिभिजन लिग आइतबारदेखि दशरथ रंगशाला र सातदोबाटोको एन्फा कम्प्लेक्समा सुरु

पहिलो खेलमा च्यासल युथले वीरगन्ज युनाइटेडको सामना गर्नेछ। लिग एकल राउन्ड रोबिनका आधारमा हुनेछ। जसमा ९१ वटा खेल हुनेछन्। प्रतियोगिता दशरथ रंगशालामा र सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुनेछन्। लिग विजेताले १५ लाख र उपविजेताले १० रुपैयाँ पाउनेछन्। तेस्रो हुने टोलीले पाँच लाख रुपैयाँ पाउनेछ। सर्वोत्कृष्ट खेलाडीले एक लाख पाउनेछन्। एन्फाले उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई समान ५० हजार रुपैयाँ दिनेछ।

दुई टोली 'ए' डिभिजनमा उक्लने

लिगको नियमअनुसार शीर्ष स्थानमा रहने दुई टोली 'ए' डिभिजन लिगमा बढुवा हुनेछन्। यसैगरी, पुछारका दुई टोली 'सी' डिभिजनमा झर्नेछन्। 'बी' डिभिजनमा रानीपोखरी कर्नर टिम (आरसिटी), श्री भगवती, टुसाल यथ, ब्रिगेड ब्वाइज, ब्वाइज युनियन, मध्यपुर युथ, च्यासल युथ, श्री कुमारी, बाँसबारी, नयाँबस्ती युथ, सरस्वती युथ, वीरगन्ज युनाइटेड, झापा फुटबल क्लब र प्लानिङ ब्वाइज युनाइटेडले भाग लिनेछन्। यसमध्ये आरसिटी र ब्वाइज युनियनले कुनै समय 'ए' डिभिजनको उपाधि जितेका थिए। आरसिटीले ६ पटक 'ए' डिभिजन लिग ट्रफी उचालेको थियो। एन्फाले दशरथ रंगशालामा सामान्य पारापिटतर्फ सय र भिआइपीका तीन सय रुपैयाँ निर्धारण गरेको छ। सातदोबाटोको सामान्य पारापिटतर्फ सय रुपैयाँ राखिएको छ। प्लेयर अफ दी म्याचले ७५ सय र प्रत्येक खेलको विजेताले २५ हजार पाउने आयोजकले जनाएको छ। प्रतियोगिताको कुल बजेट तीन करोड ९३ लाख एक हजार आठ सय १३ रुपैयाँ छ।

मोफसलमा झापाको तयारी बलियो

'बी' डिभिजन लिगमा सहभागी हुनुअगाडि मोफसलका विभिन्न गोल्डकप फुटबल प्रतियोगितामा झापा ११ ले राम्रो तयारी गरेको छ। गत साता भद्रपुर झापा गोल्डकपमा झापा ११ फाइनलमा पुगेको थियो। तर, आयोजक भद्रपुरसँग झापा फाइनलमा चुक्यो। यसक्रममा झापा ११ ले गोल्डकपमा सहभागी 'ए' डिभिजन क्लबहरूलाई समेत हराएको थियो। मोफसलबाट सहभागी भएकामध्ये वीरगन्ज युनाइटेड पनि हो। वीरगन्जले पनि लिगको तयारीस्वरूपमा गोल्डकपमा भाग लिइरहेको छ।

चर्च ब्वाइजको इतिहास

तीन वर्षअघि भएको 'बी' डिभिजन लिगमा अस्वाभाविक रूपले चर्च ब्वाइज च्याम्पियन बनेको थियो। सो लिगमा खुमलटार क्लब पनि शीर्ष डिभिजनमा बढुवा भएको थियो। चर्च ब्वाइजले १३ खेलमा सर्वाधिक २९ अंक जोड्दै च्याम्पियनसिप ट्रफी उचालेको थियो। सो लिगमा सामाजिक युथ र झम्सिखेल युथ 'सी' डिभिजन घटुवा भएका थिए। चर्च ब्वाइजले माथिल्लो डिभिजनमा उक्लेको वर्षमै सनसनी मचाउँदै 'ए' डिभिजन लिगको उपाधिसमेत जितेको थियो। नेपालको फुटबल इतिहासमा यस्तो रेकर्ड बनाउने मनाङ मर्स्याङ्दीपछि चर्च ब्वाइज हो।

खेल संक्षेप

पोखरा स्पोर्टस् अवार्ड २० वैशाखमा

कास्की/ नवौ पोखरा स्पोर्टस् अवार्ड २० वैशाख ०८२ मा हुने भएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने अवार्डमा सात विधाका समान एकजनालाई पुरस्कृत गरिने मञ्चका अध्यक्ष मानबहादुर घर्तीले जानकारी दिए। विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा अवार्ड गर्न लागेको उनले बताए। लाइफटाइम अचिभमेन्ट, वर्ष खेलाडीका पुरुष, महिला, उदीयमान, प्रशिक्षक, खेल संघसंस्था वा क्लब, उत्कृष्ट पत्रकारिता अवार्ड वितरण गरिने अध्यक्ष घर्तीले जानकारी दिए। लाइफटाइम अचिभमेन्ट अवार्ड पाउनेले चाँदीको करुवा पाउनेछन्।

टिआइए र दीक्षालय च्याम्पियन

काठमाडौं/ टिआइए, दीक्षालय, चेल्सी वर्ल्ड स्कुल र नेक्सस इन्टरनेसनल एकेडेमी तेस्रो निस्ट कपमा शनिबार च्याम्पियन बनेका छन्। बास्केटबलको सिनियर पुरुषमा टिआइए, सिनियर महिलामा दीक्षालय र जुनियर महिलामा चेल्सीले उपाधि जितेका छन्। नेक्सस जुनियर पुरुष फुटबलमा पहिलो भयो। सिनियर पुरुषको फाइनलमा टिआइएले बौद्ध इन्टरनेसनल स्कुललाई ५०-२६ ले पराजित गऱ्यो। सिनियर महिलको उपाधि भिडन्तमा दीक्षालयले निस्टलाई २३-२० को साँघुरो अन्तरले हरायो।

मणिमुकुन्दले जित्यो भलिबल उपाधि

काठमाडौं/ चौथो खुमबहादुर खड्का स्मृति लुम्बिनी प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि मणिमुकुन्द भलिबल क्लब रुपन्देहीले जितेको छ। प्रतियोगिताको शनिबार घोराहीमा भएको फाइनलमा न्यु होराइजन बुटवललाई ३-१ ले हराउँदै मणिमुकुन्दले उपाधि हात पारेको हो। मणिमुकुन्दले दुई लाख ५१ हजार र उपविजेता न्यु होराइजनले एक लाख २५ हजार रुपैयाँ पाएका छन्। पहिलो सेट मणिमुकुन्द र दोस्रो सेट न्यु होराइजनले हात पारेका थिए।

नेपाल ६ विकेटले पराजित



युगान्डामा सुरु भएको चारदेशीय महिला टी-२० आई सिरिजअन्तर्गत शनिबार आफ्नो खेलमा नेपाल नामिबियासँग ६ विकेटले पराजित भएको छ। नेपालले दिएको ९३ रनको लक्ष्य पछ्याएको इनिङ्समा वर्षाले अवरोध भएपछि नामिबियाले ७१ रनको नयाँ लक्ष्यलाई १४.५ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो।

राइजिङ स्टारलाई कोहलपुर गोल्डकप

बाँके/ तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि राइजिङ स्टार फुटबल क्लबले जितेको छ। प्रतियोगिताको शनिबार सम्पन्न फाइनलमा राइजिङ स्टारले आयोजक कोहलपुर रेसिङ सहारा क्लबलाई २-० ले हरायो। १३ बिघा खेलमैदानमा पहिलो हाफ गोलरहित बराबरी भयो। खेलको ४६औं मिनेटमा राइजिङका कप्तान विनोद केवटले राइजिङलाई १-० को अग्रता दिलाए। खेलको ४८औं मिनेटमा विनोदले टोलीलाई २-० को अग्रता दिलाए। उपाधिसहित राइजिङले आठ लाख र उपविजेता कोहलपुरले चार लाख रुपैयाँ हात पारेका छन्।

■ मोफसल गोल्डकप

पुलिसले उपाधि रक्षा गऱ्यो

वीरगन्जमा तिवारी यादव



नेपाल पुलिस क्लबले वीरगन्ज गोल्डकप फुटबल प्रतियोगिताको उपाधि रक्षा गरेको छ। आदर्शनगर रंगशालामा शनिबार मच्छिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ३-० ले हराउँदै लगातार दोस्रोपटक पुलिस च्याम्पियन बनेको हो। खेलको निर्धारित ९० मिनेटमा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए। टाइब्रेकरमा पुलिसका कप्तान रामचन्द्र वाजी, सञ्जीव लामा र गोलरक्षक अमित टमाटाका प्रहार गोल भएका थिए।

पुलिसका उज्ज्वल राईले प्रहार गरेको बलद क्रसबारमाथि गएको थियो। मच्छिन्द्रबाट विशाल तामाङ, दिवाकर चौधरी र समीरराज थोकरले टाइब्रेकरमा गोल गर्न सकेनन्। तामाङ र चौधरीले क्रसबारमाथि बल प्रहार गरे। थोकरको प्रहारलाई गोलरक्षकले छेकेका थिए। च्याम्पियन पुलिसले ११ लाख ११ हजार र उपविजेता मच्छिन्द्रले पाँच लाख ५५ हजार रुपैयाँ पाए।

उत्कृष्ट फर्ममा रहेको मच्छिन्द्रले सुरुवातै गोल गरेको थियो। खेलको १२औं मिनेटमा समीरराजले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए। उनले पेनाल्टी क्षेत्रमा उत्कृष्ट हेडिङ गोल गरेका हुन्। मच्छिन्द्रविरुद्ध पुलिसले दोस्रो हाफमा बराबरी गोल फर्काएको थियो। खेलको ५८औं मिनेटमा पुलिसका विकास विकले बराबरी गोल फर्काएका हुन्। यसअघि मच्छिन्द्रले मध्यान्तरपछि कमजोर प्रदर्शन गरेको थियो। मच्छिन्द्रका आदित्य शाक्यले डिबक्सभित्र सहज गोल अवसर चुकाएका थिए। प्रतियोगिताको विजेतालाई प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पुरस्कृत गरे। प्रतियोगितामा संकटा, मच्छिन्द्र, बागमती युथ, नेपाल पुलिस, डाइमन्ड फुटबल क्लब दिल्ली, एपिआई चर्च ब्वाइज युनाइटेड, सलहेस र आयोजक वीरगन्ज युनाइटेड क्लबले प्रतिस्पर्धा गरेका थिए।

उत्कृष्ट अवार्डमा पनि पुलिस हाबी

प्रतियोगितामा च्याम्पियन पुलिसका खेलाडीको दबदबा देखियो। मच्छिन्द्रका समीरराज फाइनलका म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ जिते। पुलिसका मित टमाटा उत्कृष्ट गोलरक्षक हुँदै २० हजार रुपैयाँ पाए। उत्कृष्ट खेलाडीमा पुलिसका कप्तान रामचन्द्र हुँदै इलेक्ट्रिक स्कुटी पाएका थिए। पुलिसलाई च्याम्पियन बनाएका चेतन घिमिरे उत्कृष्ट प्रशिक्षक चुनिँदै २० हजार रुपैयाँ पाएका छन्।

आयोजक काँकडभिट्टा सेमिफाइनलमा

झापा/ आयोजक काँकडभिट्टा ट्रेनिङ सेन्टर पाँचौं मेचीनगर गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको शनिबार भएको उद्घाटनमा काँकडभिट्टाले भारतीय टोली जर्जियन एफसीलाई ४-२ ले हरायो।

काँकडभिट्टाको जितमा निशान लिम्बूले दुई गोल, इब्राहिम र रोबर्टले समान एक गोल गरेका थिए। जर्जियनका सत्यम शर्माले दुवै गोल गरेका हुन्। सेमिफाइनलमा काँकडभिट्टाले उज्वेकिस्तानको ब्ल्याक बुल्स एफसी र धरान एफसीबिचको विजेतासँग २८ फागुनमा प्रतिस्पर्धा गर्नेछ।


प्रतियोगिताको आइतबार सहिद स्मारक 'ए' डिभिजन लिगको विजेता चर्च ब्वाइज युनाइटेडले नेपाल सुपर लिग (एनएसएल)को टोली झापा एफसीसँग खेल्नेछ। उद्घाटन खेलमा काँकडभिट्टाविरुद्ध जर्जियनले ३८औं मिनेटमा १-० को अग्रता बनायो। जर्जियनका सत्यमले डिबक्स बाहिरबाट उत्कृष्ट फ्रिकिक प्रहार गर्दै गोल गरेका हुन्। उनले प्रहार गरेको बललाई गोलरक्षक विश्वास चौधरीले रोक्नै सकेनन्।

पहिलो हाफको इन्जुरी समयमा काँकडभिट्टाले १-१ को बराबरी गोल फर्कायो। निशान लिम्बूले पेनाल्टीमा गोल गर्दै टोलीलाई बराबरीमा पुऱ्याएका हुन्। प्रवेश रोयले इब्राहिमलाई लडाएपछि रेफ्री विश्वास कार्कीले आयोजकलाई पेनाल्टी अवसर दिए।

निशानले गोलरक्षक सचिन सुब्बालाई अवसर नदिई गोल गरे। जर्जियनविरुद्ध काँकडभिट्टाले दबाब राखेको थियो। खेलमा चौथो गोल रोबर्टले गरेका हुन्। उनले डिबक्सभित्रबाट उत्कृष्ट गोल गरेका हुन्। प्रतियोगिताको विजेताले १० तथा उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्।

चर्च ब्वाइज अन्तिम चारमा

विराटनगर/ चर्च ब्वाइज युनाइटेड नवौं विराट गोल्डकपको सेमिफाइलनमा पुगेको छ। विराटनगरको सहिद रंगशालामा शनिबार भएको खेलमा चर्च ब्वाइजले न्युरोड टिम (एनआरटी)लाई २-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। चर्च ब्वाइजले गत महिना धरानमा भएको २५औं बुढासुब्बा गोल्डकपको फाइनलमा व्यहोरेको हारको बदला एनआरटीसँग लियो। यससँगै गोल्डकपको सेमिफाइनलको समीकरण पूरा भएको छ। नेपाल पुलिस, थ्रीस्टार र त्रिभुवन आर्मीले यसअघि नै अन्तिम चारको स्थान पक्का गरेका थिए। चर्च ब्वाइजले फाइनल प्रवेशका लागि सोमबार पुलिसको सामना गर्नेछ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com